सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

७ मंसिर २०७९, बुधबार (23 Nov 2022, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक २१३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# ‘ट्रान्सफर’ भएनन् मत

## सत्तारूढ दलहरू कांग्रेस नेतृत्वमा र विपक्षी दलहरू एमाले नेतृत्वमा गठबन्धन बनाएर चुनावी मैदानमा उत्रिएका थिए, तर प्रारम्भिक परिणाम र जारी गणनाले दुवै गठबन्धनभित्र गडबड भएको देखिन्छ, नेताहरूको अपेक्षाअनुसार मत ‘ट्रान्सफर’ भएन

**केशवप्रसाद पाण्डे, अनिल यादव**

प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा सत्तारूढ दलहरू कांग्रेस नेतृत्वमा र विपक्षी दलहरू एमाले नेतृत्वमा गठबन्धन मैदानमा उत्रिएका थिए। तर, अहिलेसम्मको मतपरिणाम र जारी गणनाले दुवै गठबन्धनभित्र गडबड भएको प्रष्ट संकेत गरेको छ। गठबन्धनभित्रकै दलहरूका मत एक-अर्कामा ‘ट्रान्सफर’ नभएको देखिएको छ।

सत्तागठबन्धनमा कांग्रेसका मत माओवादी, एकीकृत समाजवादी, लोसपा र जनमोर्चामा अपेक्षाकृत ‘ट्रान्सफर’ भएका छैनन्। त्यस्तै, विपक्षी गठबन्धनमा एमालेका मत राप्रपालगायतका दलमा ‘ट्रान्सफर’ कम भएको देखिन्छ। गठबन्धनप्रति असन्तुष्ट दुवै दलका कार्यकर्ता र परम्परागत मतदाताले नयाँ दलका र स्वतन्त्र उम्मेदवारलाई मत दिएको अनुमान लगाउन सकिन्छ।

सत्तागठबन्धनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जनमोर्चा र लोसपा छन्। केही ठाउँमा जनमुक्ति र स्वतन्त्र उम्मेदवारलाई पनि सत्तागठबन्धनको समर्थन छ। यो गठबन्धनका तर्फबाट कांग्रेसले ९१, माओवादीले ४६, एकीकृत समाजवादीले २०, जनमोर्चाले दुई, लोसपाले सात, स्वतन्त्र दुई (घनश्याम भुसाल र प्रभु साह) र जनमुक्तिले एक सिटमा उम्मेदवारी दिएको थियो।

एमाले नेतृत्वको विपक्षी गठबन्धनमा जसपा, राप्रपा, राप्रपा नेपाल, परिवार दल, जनता प्रगतिशील पार्टी, कांग्रेस बिपी, स्वतन्त्र समावेश छन्। एमालेले १४१ सिटमा आफूले उम्मेदवार उठाएर जसपालाई १७ र राप्रपालाई तीन क्षेत्रमा सघाएको छ। राप्रपा नेपालका कमल थापालाई एमालेको चुनाव चिह्न दिएको छ। परिवार दलका अध्यक्ष एकनाथ ढकाललाई समानुपातिक उम्मेदवार बनाएको छ। जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी, कांग्रेस बिपीका कर्ण मल्ल, कांग्रेसका बागी दिनेश कोइरालालाई पनि एमालेले सघाएको छ।

अपेक्षाकृत मत ‘ट्रान्सफर’ नभएको विषयलाई लिएर दलका नेताहरूको मिश्रित प्रतिक्रिया छ। कांग्रेस नेता डा. मीनेन्द्र रिजालले भोट ट्रान्सफर भएन नै

» पृष्ठ ४ मा क्रमशः

### ■ मत ट्रान्सफर नभएका बलिया उदाहरण

१ काठमाडौं २ मा स्थानीय निर्वाचनको मतअनुसार सत्तागठबन्धन २५ हजार १७१ सहित पहिलो थियो। तर, प्रतिनिधिसभा निर्वाचनमा सत्तागठबन्धनका साझा उम्मेदवार माओवादी नेतृ ओनसरी घर्ती राति १२ बजेसम्मको गणनाअनुसार ६ हजार १६४ मतसहित चौथो स्थानमा छिन्। स्थानीय निर्वाचनमा १७ हजार ३२८ मत पाएको एमालेका उम्मेदवार मणिराम फुयाँल सात हजार ३८७ मतसहित दोस्रो स्थानमा छन्। यस क्षेत्रमा स्वतन्त्र पार्टीकी सोविता गौतम ९ हजार ६३७ मतसहित पहिलो र राप्रपाकी कुन्तीदेवी पोखरेल ६ हजार ७६९ मतसहित तेस्रो स्थानमा छिन्।

२ काठमाडौं ६ मा प्रारम्भिक मतगणनामा सत्तागठबन्धनका उम्मेदवार कांग्रेस नेता भीमसेनदास प्रधान चार हजार ३७६ मतसहित तेस्रो स्थानमा छन्। जब कि स्थानीय निर्वाचनमा गठबन्धन १६ हजार ३४३ मतसहित पहिलो स्थानमा थियो। स्थानीय निर्वाचनमा १४ हजार ३०३ मत पाएको एमालेका तर्फबाट उम्मेदवार बनेका सर्वेन्द्र खनाल चार हजार ४०५ मतसहित दोस्रो स्थानमा छन्। यस क्षेत्रमा सात हजार २१६ मतसहित स्वतन्त्र पार्टीका शिशिर खनाल पहिलो स्थानमा छन्।

३ जनमोर्चाको आफ्नै पनि सम्मानजनक जनाधार रहेको प्युठानमा गठबन्धनको तर्फबाट दुर्गा पौडेल उम्मेदवार छिन्। ५० हजार ८०२ मत पाएर स्थानीय निर्वाचनमा सत्ता गठबन्धन पहिलो शक्ति बने पनि प्रतिनिधिसभा निर्वाचनमा मंगलबार रातिसम्मको मतगणनामा पौडेल एमालेका उम्मेदवार सूर्य थापाभन्दा पछाडि छन्। स्थानीय निर्वाचनमा ३९ हजार ८७७ मत पाएको थियो।

४ स्थानीय निर्वाचनको परिणामअनुसार इलाम १ मा सत्तागठबन्धनको मत एमालेभन्दा झन्डै १२ हजार बढी थियो। यो क्षेत्रमा मंगलबार मध्यरातिसम्मको नतिजामा गठबन्धनका तर्फबाट उम्मेदवार रहेका एकीकृत समाजवादीका झलनाथ खनाल आठ हजार ७८० मतसहित दोस्रो स्थानमा छन्। एमालेका उम्मेदवार महेश बस्नेत १० हजार २८७ मतसहित पहिलो स्थानमा छन्।

५ स्थानीय निर्वाचनको परिणामअनुसार सप्तरी २ मा सत्तागठबन्धनको ३३ हजार १८४ र एमाले-जसपा गठबन्धनको २० हजार ३५४ मत थियो। तर, प्रतिनिधिसभा निर्वाचनमा यी दुवै गठबन्धनका उम्मेदवार भन्दा जनमत पार्टीका उम्मेदवार सिके राउत धेरै मतान्तरले अगाडि छन्। जनमतका अध्यक्ष राउतले २२ हजार २६० मत पाउँदा सत्ता गठबन्धनका तर्फबाट लोसपाका जयप्रकाश ठाकुरले चार हजार ५६५ र जसपाका अध्यक्ष उपेन्द्र यादवले ११ हजार ३२३ मत पाएका छन्।

६ सत्तागठबन्धनबाट लोसपाका अध्यक्ष महन्थ ठाकुर र एमाले-जसपा गठबन्धनबाट हरिनारायण यादव उम्मेदवार रहेको महोत्तरी ३ मा स्वतन्त्र उम्मेदवार रामआधार कापरको अग्रता छ। जब कि स्थानीय निर्वाचनमा यो क्षेत्रमा सत्ता गठबन्धनले २९ हजार ५४३ र एमाले-जसपा गठबन्धनले २५ हजार १७७ मत पाएका थिए। मंगलबार रातिसम्मको मतगणनामा कापरले ३३ सय ७६, ठाकुरले १९ सय ३२ र यादवले १७ सय ११ मत पाएका छन्। ठाकुरले ०७४ मा यही क्षेत्रबाट जितेका थिए।

७ वैशाखमा भएको स्थानीय निर्वाचनमा पाँच हजार २४७ मात्र मत ल्याएको नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार गंगाराम चौधरी कैलाली ३ को प्रतिनिधिसभा निर्वाचनमा २३ हजार १२० मत ल्याएर पाँच हजार ३७१ को मतान्तरसहित विजयी भए। सत्ता गठबन्धनका तर्फबाट माओवादीका उम्मेदवार कृष्णकुमार चौधरीले १७ हजार ७४९ र एमालेका उम्मेदवार नौ हजार ८७४ मत पाएका छन्। स्थानीय निर्वाचनमा सत्ता गठबन्धनले ३३ हजार ३८६ र एमालेले ११ हजार २५७ मत पाएको थियो।

### एउटा मात्र होइन धेरै कारण छन्

चन्द्रकिशोर, विश्लेषक



स्थानीय तहमा पनि गठबन्धन भएको थियो। त्यो गठबन्धनले पनि सफलता हासिल गर्‍यो र केही सीमितता पनि देखा पर्‍यो। त्यतिवेलाका गठबन्धनका धेरै सबल पक्ष पनि थिए, केही रिक्तता पनि थिए। त्यसवेला मैत्रीपूर्ण प्रतिस्पर्धा भनियो, त्यसमा सीमितता पहिल्यै तय भयो। दोस्रो, यो निर्वाचनमा मत घटेको छ, त्यसको मूल फ्याक्टर भनेको कुनै एक निर्वाचन क्षेत्रमा गठबन्धनमा रहेका एक दलबाहेक अरू दलले उम्मेदवारी दिने अवस्था रहेन। जसकारण ती दलका शुभेच्छुक निराश भए। त्यही कारण कतिपय सहरमा रहेका निर्वाचनमा घर नै गएनन्। त्यसले पनि गठबन्धनकै मत घट्यो।

तेस्रो, त्यहाँ जो व्यक्ति उम्मेदवार छन्, तिनको गठबन्धनका अरू दलसँग कस्तो सम्बन्ध छ भन्नेले पनि मत ट्रान्सफरमा भूमिका खेल्यो। कतिपय ठाउँमा मत ट्रान्सफर पनि भएको छ, कतिपय स्थानमा हुन सकेको छैन। यो निर्वाचनमा ‘कास्ट फ्याक्टर’ले पनि काम गरेको थियो। एउटा गठबन्धनमा एउटा जातिको उम्मेदवार रहँदा र अर्को गठबन्धनमा आफ्नो जातिको उम्मेदवार रहँदा त्यसरी पनि भोट हालियो। अर्को पैसा खर्च गर्नेले विभिन्न पार्टीका मतदाताको मत किने। मूलतः यिनै कारणले गठबन्धन जति सशक्त हुनुपर्ने थियो, त्यो हुन सकेन।

खासमा नयाँ शक्ति आउँदैमा ‘भोट ट्रान्सफर’ रोकिनुपर्ने होइन। नयाँ आएकाहरू मौजुदा शक्तिभन्दा कति प्रगतिशील छन् भन्ने मुख्य प्रश्न हो। रवि लामिछाने नेतृत्वको पार्टीलगायत अहिले उदाइरहेका नयाँ शक्तिहरू संघीयताबारे प्रस्ट छैनन्, आलोचना गरिरहेका छन्। आफूलाई नयाँ शक्तिका रूपमा प्रस्तुत गरिरहेको पार्टीसँग स्पष्ट राजनीतिक रोडम्याप देखिएको छैन। आन्दोलनबाट प्राप्त उपलब्धिलाई समाप्त गर्न खोजेजस्तो देखिन्छ। चुनाव भनेको केवल चटक होइन, यसको दीर्घकालीन प्रभाव हुन्छ।

### मंगलबार मध्यरातिसम्म

# ७ सिटसहित कांग्रेसको अग्रता

## एमाले तीन र नागरिक उन्मुक्ति एक सिटमा विजयी



काठमाडौं ४ बाट निर्वाचित कांग्रेसका गगन थापा



काठमाडौं ५ बाट निर्वाचित कांग्रेसका प्रदीप पौडेल



काठमाडौं ९ बाट निर्वाचित एमालेका कृष्णगोपाल श्रेष्ठ



कैलाली ३ बाट निर्वाचित नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

प्रतिनिधिसभाका एक सय ६५ मध्ये मंगलबार मध्यरातिसम्म ११ क्षेत्रको नतिजा आएको छ। जसमध्ये सात क्षेत्रमा विजयी भएर कांग्रेसले अग्रता कायम गरेको छ। तीन सिट जितेर एमाले दोस्रो स्थानमा छ। नागरिक उन्मुक्ति पार्टीले पनि एक क्षेत्रमा जित निकालेको छ। कांग्रेस ४४ र एमालेले ४४ सिटमा अग्रता लिइरहेका छन्। माओवादी १६, राष्ट्रिय स्वतन्त्र पार्टीले ८, एकीकृत समाजवादी ८, जसपा ५, राप्रपा ५ र लोसपाले ३ क्षेत्रमा अग्रता लिइरहेका छन्।

काठमाडौं ५ मा एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई पाँच हजार ६५ मतले पराजित गर्दै कांग्रेस युवा नेता प्रदीप पौडेल निर्वाचित भएका छन्। पौडेलले १५ हजार २३७ मत ल्याउँदा पोखरेल १० हजार १७२ मतमा सीमित भए। ०७४ को निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित पोखरेललाई पराजित गरेर पौडेलले पहिलोपटक संसद्मा ‘डेब्यु’ गरेका छन्।

काठमाडौं ४ बाट कांग्रेस महामन्त्री गगन थापा तेस्रोपटक निर्वाचित भएका छन्। उनी २१ हजार ३०२ मतसहित विजयी भएका हुन्। उनका प्रतिद्वन्द्वी एमालेका डा. राजन भट्टराईले १३ हजार ८५५ मत प्राप्त गरे। त्यस्तै, काठमाडौं ३ मा कांग्रेसका सन्तोष चालिसे विजयी भएका छन्। उनले १४ हजार १५८ मत र उनका निकटतम प्रतिद्वन्द्वी एमालेका कृष्णबहादुर राईले ११ हजार १९६ मत पाएका छन्।

रसुवाबाट कांग्रेसका मोहन आचार्य विजयी भएका छन्। एमालेका छोवाङ तेन्जिन तामाङलाई ९ हजार ६२१ मतान्तरले पराजित गर्दै उनी विजयी भएका हुन्। आचार्यले १८ हजार २३५ मत प्राप्त गर्दा तामाङले आठ हजार ६१४ मत प्राप्त गरे। कांग्रेसबाटै यसअघि काठमाडौं १ मा प्रकाशमान सिंह, मनाङमा टेकबहादुर गुरुङ र मुस्ताङमा योगेश गौचन निर्वाचित भइसकेका छन्।

काठमाडौं ९ बाट एमाले स्थायी समिति सदस्य कृष्णगोपाल श्रेष्ठ विजयी भएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार टेकबहादुर पोखरेललाई ९ सय ९५ मतले पछि पार्दै विजयी भएका श्रेष्ठले ११ हजार ९५६ मत पाए। पोखरेलले १० हजार ९६१ मत प्राप्त गरे। त्यस्तै, उदयपुर २ बाट एमालेका अम्बरबहादुर रायमाझी एकीकृत समाजवादीका उपमहासचिव जगनाथ खतिवडालाई दुई हजार ३५८ मतले हराउँदै विजयी भएका छन्। रायमाझीले १५ हजार २५१ मत प्राप्त गर्दा खतिवडाले १२ हजार ८९३ मत पाए। सोमबार ललितपुर १ बाट जित निकाल्दै प्रेम महर्जनले एमालेका लागि खाता खोलेका थिए।

त्यस्तै, नागरिक उन्मुक्ति पार्टीबाट कैलाली ३ मा गंगाराम चौधरी २३ हजार १२०

» पृष्ठ ४ मा क्रमशः

### निर्वाचन अपडेट

| दल | संघ विजय | प्रदेश विजय | संघ अग्रता | प्रदेश अग्रता | समानुपातिक (संघतर्फ) |
|---|---|---|---|---|---|
| कांग्रेस | ७ | ११ | ४४ | ६२ | १,४३,८१२ |
| एमाले | ३ | ४ | ४४ | ८७ | १,६४,६८४ |
| माओवादी | ० | ३ | १६ | ३५ | ६९,९३३ |
| ए. समाजवादी | ० | ० | ८ | १३ | ८,८४३ |
| स्वतन्त्र पार्टी | ० | प्रदेश उम्मेदवार छैन | ८ | | ७३,११३ |
| ना. उन्मुक्ति | १ | ० | २ | ६ | ८,१६९ |
| राप्रपा | ० | १ | ५ | ८ | ३८,३५१ |
| जसपा | ० | २ | ५ | १० | १२,५६८ |
| लोसपा | ० | ० | ३ | ६ | |
| जनमत | ० | २ | २ | २ | १३,०३० |
| अन्य | ० | २ | ६ | १४ | ३३,३०० |

मतगणना भइरहेका प्रतिनिधिसभाका १५६ र प्रदेश सभाका २८८ क्षेत्रको मंगलबार राति १:०० बजेसम्मको नतिजा

समानुपातिकतर्फ ५,६५,८०३ मत मतगणना भएको छ

# पाँच क्षेत्रमा अझै सुरु भएन मतगणना

## हेलिकोप्टर कुदैं हुम्ला र डोल्पाका १८० मतपेटिका

### ■ बाजुराको बुढीनन्दामा चार दिनभित्र पुनः मतदान गराउन निर्देशन

उजुरी आएका ठाउँमा थप छानबिन हुने

**कमलराज भट्ट**/नयाँ पत्रिका

मतदानको तीन दिन बितिसक्दा पनि पाँच निर्वाचन क्षेत्रमा मतगणना सुरु भएको छैन। निर्वाचन आयोगले प्रत्यक्षतर्फको मतपरिणाम तीन दिनभित्र दिने दाबी गरे पनि हुम्ला, डोल्पा, दोलखा, बाजुरा र स्याङ्जा २ मा मतगणना सुरु हुन नसकेको हो।

हुम्ला र डोल्पाका अति विकट मतदानस्थलबाट मटपेटिका ढुवानी नै हुन सकेको छैन भने दोलखा र स्याङ्जा २ मा दलीय विवादले मतगणना हुन नसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए। त्यस्तै, बाजुरामा हिंसात्मक घटनाले एक मतदानस्थलमा पुनः मतदानको वातावरण बन्न नसक्दा मतगणनामा अझै ढिलाइ हुने देखिएको छ। बाजुराको बुढीनन्दा नगरपालिकामा चार दिनभित्र पुनः

» पृष्ठ ४ मा क्रमशः

### ■ सप्तरी २ मा मतगणना रोकियो



सप्तरीमा **सौरभ यादव**/नयाँ पत्रिका

मतपेटिकाको सिल नम्बर फरक रहेको भन्दै जसपाका प्रतिनिधिले आशंका व्यक्त गर्दै विरोध जनाएपछि सप्तरी २ को मतगणना रोकिएको छ। मंगलबार राति ९:१५ बजेतिर मतपेटिकाको सिल नम्बर फरक देखिएको र मिलाउन पटक-पटक आग्रह गर्दा प्रमुख निर्वाचन आयुक्तले नमानेको जसपा नेता दिनेश यादवले बताए। जसपासँगै माओवादी र लोसपाका कार्यकर्ताले पनि प्रदर्शन गरिरहेका छन्। मतगणना रोकिएपछि प्रजिअ भूपेन्द्र थापाको नेतृत्वमा मतगणना नियमित गर्न छलफल चलिरहेको छ। यस क्षेत्रमा जनमत पार्टीका सिके राउतले अग्रता लिइरहेका छन् भने जसपा अध्यक्ष उपेन्द्र यादव दोस्रो नम्बरमा छन्।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.




# परम्परागत र वैकल्पिक शक्तिबीच उपत्यकामा सधैँ टक्कर

## असन्तोष, अविश्वास, मोहभंग र आक्रोश चुनावमार्फत देखाउँछ काठमाडौं

**टेकराज थामी**/नयाँ पत्रिका

०३८ सालमा काठमाडौंबाट नानीमैया दाहाल पञ्चायती संसद्मा निर्वाचित हुँदा मुलुकभर तरंग ल्याएको थियो। हालै सम्पन्न निर्वाचनबाट उदाएको वैकल्पिक शक्तिको आगमनले ४१ वर्षअघिको इतिहास उपत्यकामा पुनः दोहोरिने स्थिति बन्दै गएको छ। काठमाडौं उपत्यकाभित्रका १५ सिटमा परम्परागत राजनीतिक दल र वैकल्पिक शक्तिबीच कडा टक्कर देखिएको छ।

काठमाडौं १ मा कांग्रेस नेता प्रकाशमान सिंहले चुनाव त जिते। तर, उनको प्रतिस्पर्धा परम्परागतभन्दा पनि वैकल्पिक शक्ति संघर्षबाट उदाएका नेतासँग भयो। सिंहले एक सय २५ मतको अन्तरले मात्रै रवीन्द्र मिश्रलाई पराजित गरे। राप्रपाका उम्मेदवार भए पनि उनी विवेकशील साझा पार्टीबाट उदाएका थिए। उनीसँगै प्रतिस्पर्धा गर्ने पुकार बम र रमेश खरेल पनि वैकल्पिक शक्तिकै पर्याय हुन्।

काठमाडौं २ मा एमालेका उम्मेदवार मणिराम फुँयाल, राप्रपाका कुन्तीदेवी पोखरेल, माओवादी केन्द्रकी उम्मेदवार ओनसरी घर्ती र राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार सोबिता गौतमबीच कडा प्रतिस्पर्धा छ। युवा नेतृ सोबिताले परम्परागत राजनीतिक दलका सबै प्रतिस्पर्धीलाई उछिनेर अग्रता कायम गरेकी छिन्। उनी परम्परागत नभई वैकल्पिक शक्तिकी उम्मेदवार हुन्।

मंगलबार बेलुकाको परिणामअनुसार रास्वपाका उम्मेदवारमध्ये सबैभन्दा धेरै मतान्तरले अग्रस्थानमा डा. तोसिमा कार्की छिन्। ललितपुर-३ बाट चुनावी मैदानमा उत्रिएकी उनले नौ हजार तीन सय तीन मत पाउँदा उनका निकटतम प्रतिद्वन्द्वी एमाले उम्मेदवार अमृत खड्काले ६ हजार ६ सय ४३ मत ल्याएका छन्। सोही क्षेत्रबाट प्रतिस्पर्धामा रहेकी ऊर्जामन्त्री पम्फा भुसालले तीन हजार सात सय ५० मत ल्याएर तेस्रो स्थानमा छिन्। डा. तोसिमा पनि वैकल्पिक शक्तिकै उम्मेदवार हुन्।

त्यसबाहेक, रास्वपाले काठमाडौं- ६, ७ र ८ मा अग्रता हासिल गरेका छन्। ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली र ८ मा विराजभक्त श्रेष्ठ चुनावी प्रतिस्पर्धामा छन्। उनीहरूले मंगलबार बेलुकासम्म क्रमशः ६ हजार ६ सय २३, चार हजार चार सय ७२ र ६ हजार नौ सय २१ मत ल्याएका छन्। उनीहरूसँग प्रतिस्पर्धा गर्ने मुख्यतः एमाले र कांग्रेस छन्। उनीहरू दुवै परम्परागत शक्ति हुन्। रास्वपाका तीनजना उम्मेदवार वैकल्पिक शक्ति उम्मेदवार हुन्।

काठमाडौं निर्वाचन क्षेत्र नम्बर ९ मा एमाले उम्मेदवार कृष्णगोपाल श्रेष्ठले निटकतम प्रतिद्वन्द्वी टेकबहादुर पोखरेलसँग नौ सय ९५ मतले मात्रै चुनाव जिते। उनीसँग प्रतिस्पर्धा गर्ने कांग्रेस, माओवादी केन्द्रका उम्मेदवार थिएनन्। रास्वपाका उम्मेदवार टेकबहादुर पोखरेलसँग उनको कडा चुनावी टक्कर थियो। पोखरेल पनि परम्परागत नभई वैकल्पिक शक्तिकै उम्मेदवार हुन्।

रास्वपासँगै उपत्यकाभित्र साझा पार्टी नेपाल, हाम्रो पार्टी नेपाल, नेपाल सुशासन पार्टी चुनावी 'डायस्पोरा'मा देखिए। उनीहरू सबै परम्परागत राजनीतिक दल भई भर्खर जन्मिएका नयाँ शक्ति थिए। जसले परम्परागत शक्तिलाई कडा ठक्कर दिइरहेको देखिएको छ।



### सत्तालाई सके ठक्कर, नसके झड्का दिने काठमाडौंको चरित्र नै हो



**● कपिल श्रेष्ठ**
प्राध्यापक

"राज्य सञ्चालबाट दिक्क भएर यहाँका मतदाताले नयाँ अनुहार खोजेका छन्। यहाँका मान्छेलाई विचार र सिद्धान्त पनि चाहिँदैन। सत्तालाई सके ठक्कर, नसके झड्का दिने काठमाडौंको चरित्र हो। काठमाडौंको भोटिङ प्रवृत्ति यही हो, उनीहरू सिद्धान्त र पृष्ठभूमि हेर्दैनन्, पोखरीमा ढुंगा हानेर छाल उत्पन्न गराउँछन्। नाङ्लो ठटाएर हात्ती तर्साउने। जात्रा पनि त्यस्तै, मान्छे पनि त्यस्तै।

### नेताहरूप्रति विश्वास छैन, यहाँका मानिसमा फ्रस्टेसन छ



**● प्रा.डा. गंगा थापा**
राजनीतिक विश्लेषक

"यहाँ असन्तुष्टि बढेको छ। यसले पूरा प्रणालीमै विश्वास घट्यो। यसर्थ, यहाँ जनतामा उत्साह छैन। नेताहरूप्रति विश्वास छैन। मानिसमा फ्रस्टेसन छ। सत्ताको केन्द्रमा रहेकाले यसो गरेपछि अब तिमीहरू मात्र छैनौँ, अरू पनि छन् भन्ने धारणा मानिसमा विकास भएको छ। यो मतमार्फत प्रकट भएको छ।

### परम्परागत शक्तिसँग प्रतिस्पर्धा : काठमाडौंको परम्परागत चरित्र

**● २० वैशाख ०३८ मा पनि काठमाडौंबाट नयाँ उम्मेदवार नानीमैया दाहाल पञ्चायती संसद्मा निर्वाचित भएकी थिइन्।**

**● राज्य सञ्चालकबाट दिक्क भएर यहाँका मतदाताले नयाँ अनुहार खोज्छन्। यहाँका मान्छेलाई विचार र सिद्धान्त पनि चाहिँदैन।**

उपत्यकाको मत मनोविज्ञानलाई नजिकबाट नियालेका प्राध्यापक कपिल श्रेष्ठ परम्परागत शक्तिसँग वैकल्पिक शक्तिको प्रतिस्पर्धा काठमाडौंको परम्परागत चरित्र रहेको बताउँछन्। राज्य शक्तिबाट सधैँ बाहिर रहनुपर्दा काठमाडौंका रैथानले विद्रोहस्वरूप वैकल्पिक शक्तिलाई समर्थन गर्नुपरेको प्रा. श्रेष्ठको भनाइ छ। उनी भन्छन्, 'राज्य सञ्चालकबाट दिक्क भएर यहाँका मतदाताले नयाँ अनुहार खोजेका छन्। यहाँका मान्छेलाई विचार र सिद्धान्त पनि चाहिँदैन। सत्तालाई सके ठक्कर, नसके झड्का दिने काठमाडौंको चरित्र हो। काठमाडौंको भोटिङ प्रवृत्ति यही हो, उनीहरू सिद्धान्त र पृष्ठभूमि हेर्दैनन्, पोखरीमा ढुंगा हानेर छाल उत्पन्न गराउँछन्। नाङ्लो ठटाएर हात्ती तर्साउने। जात्रा पनि त्यस्तै, मान्छे पनि त्यस्तै।'

### वैकल्पिक शक्तिको जित स्विकार्न नसक्दा जोगमेहरका कार्यकर्ताले तोडफोडसमेत गरेका थिए

प्रतीकात्मक विद्रोहकै कारण २० वैशाख ०३८ मा काठमाडौंबाट नयाँ उम्मेदवार नानीमैया दाहाल पञ्चायती संसद्मा निर्वाचित भएकी थिइन्। उनले त्यसवेलाका स्थापित नेता जोगमेहर श्रेष्ठलाई भारी मतले हराएकी थिइन्। हार स्विकार्न नसकेर त्यसवेला जोगमेहरका समर्थकले घन्टाघर नै फुटाइदिएका थिए। किनकि नानीमैयाको चुनाव चिह्न घन्टाघर थियो। गोल्छे सार्कीलाई पनि उपत्यकाभित्रका रैथानेले त्यसैगरी चुनावमा जिताएका थिए।

प्रा. श्रेष्ठ भन्छन्, 'यहाँको मूल समुदाय भने जहिल्यै सीमान्तकृतजस्तो भयो। सत्तामा सहायक भूमिकामा मात्र रह्यो। यसर्थ, यहाँका रैथानेमा पीडा छ। यसविरुद्ध पूर्णतया विद्रोह गर्न सक्दैनन्, तर त्यसलाई प्रतीकात्मक रूपमा उजागर गर्छन्। यसैक्रममा कहिले नानीमैया दाहाल त कहिले गोल्छे सार्कीलाई पनि जिताउँछन्। असन्तोष, अविश्वास, मोहभंग र आक्रोशको स्थिति चुनावमार्फत विगतदेखि देखाउँदै आएका छन्।'

अर्का राजनीतिक विश्लेषक प्रा.डा. गंगा थापा उपत्यकाभित्र सधैँ वैकल्पिक शक्ति जन्मिनुमा परम्परागत शक्तिप्रतिको असन्तुष्टि मुख्य कारण रहेको बताउँछन्। उनी भन्छन्, 'असन्तुष्टि बढेको छ। यसले पूरा प्रणालीमै विश्वास घट्यो। यसर्थ, यहाँ जनतामा उत्साह छैन। नेताहरूप्रति विश्वास छैन। मानिसमा फ्रस्टेसन छ। सत्ताको केन्द्रमा रहेकाले यसो गरेपछि अब तिमीहरू मात्र छैनौँ, अरू पनि छन् भन्ने धारणा मानिसमा विकास भएको छ। यो मतमार्फत प्रकट भएको छ। काठमाडौंबाट होस् वा बाहिरबाट, संसद्मा नयाँ अनुहार जाने अवस्था देखियो। यद्यपि, यो त्यति सजिलोचाहिँ नहोला।'


ग्लोबल आइएमई बैंक लिमिटेडको

**धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

प्रकाशित मिति २०७९/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानावाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**तमघास शाखा, गुल्मी**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| १. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा प्रा.फ.र.नं. १७२८/०६९/०७० अन्तर्गत मिति २०६९/११/१५ मा दर्ता कायम भएको **न्यु महालक्ष्मी अटो ट्रेडर्स**<br>रजिष्टर्ड ठेगाना : तमघास वडा नं. १, गुल्मी<br>पान नं. ६००९४४४१४ मिति : २०६९/११/१५<br>**प्रोप्राइटर : कमला सुवेदी** <br>ना.प्र.नं. ३०७००, जारी मिति २०५९/०८/०८, जि.प्र.का. गुल्मी<br>बाबुको नाम : जगत बहादुर सुवेदी<br>पतिको नाम : चक्र बहादुर राना<br>ससुराको नाम : ससे राना<br>स्थायी ठेगाना : गौडाकोट वडा नं. १, गुल्मी<br>हालको ठेगाना : रेसुङ्गा न.पा. वडा नं. १, गुल्मी<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालीन कर्जा** | **चक्र बहादुर राना** <br>ना.प्र.नं. ७३३४/३३४<br>जारी मिति २०५३/०१/२०<br>जि.प्र.का. रुकुम<br>बाबुको नाम : ससे राना<br>बाजेको नाम : नन्दराम राना<br>स्थायी ठेगाना : विजयश्वरी वडा नं. ५ रुकुम<br>हालको ठेगाना : रेसुङ्गा न.पा. वडा नं. १ गुल्मी |

**धितोको विवरण**

जगत बहादुर सुवेदीको छोरी, ससे रानाको बुहारी, चक्र बहादुर रानाको पत्नी, कमला सुवेदीको नाममा मालपोत कार्यालय, गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास न.पा./गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ११९० र ११९९ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-१-२-१ रोपनी वा ६७.५७ र ४९.६८ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| २. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय गुल्मीमा द.नं. २०९५/२०७१/२०७२ अन्तर्गत मिति २०७१/०४/११ मा दर्ता कायम भएको **एस. के. सी. मोटर पार्टस**<br>दर्ता ठेगाना : रेसुङ्गा न.पा. वडा नं. ८, गुल्मी<br>स्थायी लेखा नं. ६०२२६३८०१, मिति २०७१/०४/१४<br>**प्रोप्राईटर : शंकर कुमार चुदारा** <br>ना.प्र.नं. ४११००१/७८७७९, जारी मिति २०६६/०२/०७, जि.प्र.का. गुल्मी<br>बाबुको नाम : लाल बहादुर चुदारा<br>बाजेको नाम : हरिलाल चुदारा<br>स्थायी ठेगाना : तम्घास - ८, गुल्मी<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** | **लाल बहादुर चुदारा** <br>ना.प्र.नं. ५६४१<br>जारी मिति २०४५/१२/२२<br>जि.प्र.का. गुल्मी<br>बाबुको नाम : हरिलाल चुदारा<br>बाजेको नाम : भविश्वर चुदारा<br>स्थायी ठेगाना : तम्घास - ८, गुल्मी |

**धितोको विवरण**

भविश्वरको नाति, हरिलाल चुदाराको छोरा, लाल बहादुर चुदाराको नाममा मालपोत कार्यालय, गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास न.पा./गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १३७, २३१ र १७९१ को क्षेत्रफल क्रमश: ०-११-३-३, ०-३-०-२ र ०-६-०-० रोपनी वा ३७९.५७, ९९.३६ र १९०.७८ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**वनस्थली शाखा, काठमाडौं**

**ऋणीको विवरण**

| | |
|---|---|
| १. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग काठमाडौंमा प्रा.फ.र.नं. १५१३७२/०७६/७७ अन्तर्गत मिति २०७६/०६/०७ मा दर्ता कायम भएको **डि पी पी स्टोर**<br>फर्म दर्ता ठेगाना : का.म.न.पा. - १६, एराहिटी, काठमाडौं<br>स्थायी लेखा नं. ६०९२८९३०१, मिति २०७५/११/१३<br>**प्रोप्राइटर : दुर्गा प्रसाद पौडेल**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** | **२. दुर्गा प्रसाद पौडेल** <br>ना.प्र.नं. १३५४३, जारी मिति २०६३/०८/११<br>जि.प्र.का. अर्घाखाँची<br>बाबुको नाम : यमलाल पौडेल<br>बाजेको नाम : छविलाल पौडेल<br>स्थायी ठेगाना : बल्कोट - ७, अर्घाखाँची<br>हालको ठेगाना : का.म.न.पा. - १६, काठमाडौं<br>**कर्जा शिर्षक : आवधिक कर्जा** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

**मीना अधिकारी**

ना.प्र.नं. ४०१०४०/१८५८, जारी मिति २०६९/०३/२४, जि.प्र.का. अर्घाखाँची
बाबुको नाम : मनिराम अधिकारी
पतिको नाम : दुर्गा प्रसाद पौडेल
ससुराको नाम : यमलाल पौडेल
स्थायी ठेगाना : जुकेना - ९, अर्घाखाँची
हालको ठेगाना : का.म.न.पा. - १६, काठमाडौं

**धितोको विवरण**

छवि लाल पौडेलको नाती, यम लाल पौडेलको छोरा, दुर्गा प्रसाद पौडेलको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, निलकण्ठ न.पा./गा.वि.स. वडा नं. ५ स्थित कि.नं. २५६० को क्षेत्रफल १-०-०-० रोपनी वा ५०८.७४ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**कावासोती शाखा, नवलपरासी**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **ओम प्रसाद पौडेल** <br>ना.प्र.नं. १४८९२<br>जारी मिति २०५०/०८/०६, जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : नुवादत्त पौडेल पाध्य<br>बाजेको नाम : मोतीलाल पौडेल<br>स्थायी ठेगाना : अग्यौली - ९ नवलपरासी<br>हालको ठेगाना : कावासोती न.पा. - १४, नवलपरासी<br>**कर्जा शिर्षक : व्यक्तिगत ओभरड्राफ्ट कर्जा** | **पवित्रा पौडेल** <br>ना.प्र.नं. ३३१५६, जारी मिति २०६०/०४/०९<br>जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : मोती प्रसाद पोखरेल<br>पतिको नाम : ओम प्रसाद पौडेल<br>ससुराको नाम : नुवादत्त पौडेल पाध्य<br>स्थायी ठेगाना : अग्यौली - ७, नवलपरासी<br>हालको ठेगाना : कावासोती न.पा. - १४, नवलपरासी |

**धितोको विवरण**

मोतीलाल पौडेलको नाती, नुवादत्त पौडेलको छोरा, ओम प्रसाद पौडेलको नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला अग्यौली न.पा./गा.वि.स. वडा नं. ३ स्थित कि.नं. २२१९ को क्षेत्रफल ०-४-०-० बिगाहा वा १,३५४.५२ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको वोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुन: लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुन: निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुबिधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/०८/१३, बोलपत्र खोलिने मिति : २०७९/०८/१४ समय : दिउसो ३:०० बजे**
**स्थान : सम्बन्धित शाखामा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय कमलादी, काठमाडौं
फोन नं. ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त


### गोदामबाट डेढ करोडको कपडा चोरी गर्ने १० जना पक्राउ

**काठमाडौं**/ कर्मचारीकै मिलेमतोमा काठमाडौंको डिल्लीबजारस्थित एक गोदामबाट डेढ करोड रुपैयाँबराबरको कपडा चोरी गर्ने १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

भारतीय नागरिकले सञ्चालन गरेको गोपाल इन्टरप्राइजेजको गोदामबाट २ मंसिरमा पर्दा तथा सोफा बनाउन प्रयोग हुने इन्डियन तथा नेपाली कपडा चोरी भएको थियो। प्रहरी वृत्त मालीगाउँले चोरीको कपडासमेत बरामद गरी घटनमा संलग्नहरूलाई तीन दिनभित्रै पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सो कम्पनीका कर्मचारी दिलीप कार्कीसहित, दोलखाका रामचन्द्र खड्का, प्रदीप केसी, प्रकाश कोइराला, पवन बस्नेत, लोकबहादुर तामाङ, प्रदीप कार्की, छत्रबहादुर भट्टराई, लालबहादुर राम र लोकबहादुर नेपाली छन्। उनीहरूले सो कपडा चोरी गर्न बोलेरो गाडी र ट्याक्सीको प्रयोग गरेका थिए। ती सवारीसाधनसमेत प्रहरीले नियन्त्रणमा लिएको छ। चोरी भएको कपडा पनि बरामद गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी दिनेशराज मैनालीले बताए। चोरी भएकोमध्ये करिब ५५ लाख रुपैयाँबराबरको कपडा बरामद भएको प्रहरीले जनाएको छ।


**बीमालेख हरायो**

मिति २०७९/०६/१५ गते दमकबाट काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको गुराँस लाईफ इन्स्योरेन्स कम्पनीबाट जारीभएको बिमालेख हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**नाम : पेमसाङ्ग सिंगार तामाङ**
बीमालेख न.. : ०२३०००९८६१
ठेगाना : बानेश्वर-१०
फोन: ९८१८२११५३९, ९८१३६७०५७६

**भूल सुधार सम्वन्धमा**

मिति २०७९/०८/०१ गते बिहिबार **नयाँ पत्रिका दैनिकको** पृष्ठ १० मा प्रकाशित **अभियान लघुवित्त वित्तीय संस्थाको त्रैमासिक वित्तीय विवरण**मा त्रैमास समाप्ति **असोज मसान्त** हुनु पर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा भूल सुधार गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**हकदावीको सूचना**

दार्चुला जिल्ला हिकिला गा.बि.स वाड न २ (हाल दुँहु गा.पा. वाड न २ हिकिला) स्थायी ठेगाना भई ऐ ऐ बस्ने मोहन सिह महराको नातीनी, बैरागी महराको छोरी, श्री भागरथी देबी बडालको मिति २०७९।०६।२९ गतेका दिन मृत्यु भएकाले निजको नाममा यस बैंकमा रहेको खाता न.०७८०५२५०२५७५८९ मा भएको सम्पुर्ण रकम उपलव्ध गराई पाउँ भनी निज श्री भागरथी देबी बडालको छोरा श्री सोबन सिह बडालले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुंदा उक्त निक्षेप उपर माथि उल्लेखित निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
शाखा कार्यालय, हिकिला
दार्चुला (दुँहु गा.पा. वाड ०२)
फोन न.:- ०१- २२७३३७
९८४३६४२०५९
९८४८७९८३८७

**हकदावीको सूचना**

दत्ते तामाङको नाती, किर्तीमान तामाङको छोरा, रामेछाप जिल्ला, लिखु तामाकोशी गाउँपालिका, वडा नं. २, सैपु बस्ने वर्ष ७७ को विन बहादुर तामाङको मिति २०७९/०७/१० गतेका दिन मृत्यु भएकोले निज विन बहादुर तामाङको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०४३०५२७०२९७४९३ मा भएको सम्पुर्ण रकम निज मृतक विन बहादुर तामाङको सबै भन्दा नजिकको हकदारको हैसियतले आफुलाई उपलब्ध गराई पाउँ भनी निजको पत्नी सकुन्तला तामाङले आवश्यक कागजात सहित यस बैंकमा निवेदन पेश गर्नुभएको हुँदा उक्त निक्षेप उपर निवेदक सकुन्तला तामाङ बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक सकुन्तला तामाङको माग दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सुचनाद्धारा सुचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
शाखा कार्यालय,
मन्थली, रामेछाप
फोन न.:- ०४८ - ५४०४३८
फ्याक्स :- ०४८ - ५४०००४

# मधेसमा जनमत र थारू बहुल क्षेत्रमा नागरिक उन्मुक्तिको उदय

## सप्तरी २ मा सिके राउत जितनजिक, दुवै प्रदेश सभा सदस्यमा जनमत विजयी

**सौरभ यादव, सुरेन्द्रकुमार कामती**/नयाँ पत्रिका

मधेस आन्दोलनलाई उचाइमा पुऱ्याएका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार रहेको सप्तरी २ प्रति धेरैको चासो देखियो । यही क्षेत्रबाट अलग मधेसको नारा दिँदै स्वराज आन्दोलन छेडेका चन्द्रकान्त राउत (सिके)ले उम्मेदवारी दिएकाले पनि सबैको ध्यान तान्न सफल भएको हो ।



सतिशकुमार सिंह



महेशप्रसाद यादव

मधेसकेन्द्रित दुई दलका अध्यक्षहरूको भिडन्त हुने भएकाले सप्तरी २ सुरुदेखि नै चर्चामा रहेको हो । मतगणना सुरु भएदेखि राउतले सुरुदेखि नै अग्रता बढाएपछि यादवलाई फर्किन निकै सकस भएको छ । मंगलबार रातिसम्म राउतले यादवभन्दा झन्डै दोब्बर मतको अग्रता बनाएका छन् । राउत जिततर्फ अघि बढेसँगै यसले मधेसमा जनमत पार्टीको 'सुखद उदय' हुने निश्चित छ । मधेस प्रदेशका ३२ सिटमध्ये जनमत पार्टीले सप्तरी २ मा मात्र अग्रता लिएको छ । साथै, अन्य क्षेत्रमा पनि राम्रो मत हासिल गरेको छ ।

राजनीतिक विश्लेषक चन्द्रकिशोर यथास्थितिमा मधेसमा बदलावको संकेत भएको बताउँछन् । 'बासी नाराको सट्टा ताजा नारा'ले अहिले माहोल फेरिएको उनको भनाइ छ । एमालेसँगको गठबन्धनले पनि जसपालाई ठूलो धक्का लागेको धेरैको छ ।

अहिलेको निर्वाचनले मधेस प्रदेशमा फरक संकेत गरेको छ । मधेसको राजनीतिलाई नजिकबाट नियाल्दै आएका डा. सोहन साहले भने, 'दक्षिण भारतको फिल्मझैं मधेसमा एजेन्डाप्रति भावनात्मक लगाव कायमै छ । त्यसको नेता अब नयाँ पिँढीको सिके राउतलाई खोजेको देखिन्छ ।' जनमत पार्टीले पाएको मतले संगठनलाई अगामी दिनमा विस्तार गर्न मद्दत मिल्ने उनको भनाइ छ ।

### यो अवसर र चुनौती दुवै हो



• **सिके राउत**, अध्यक्ष
जनमत पार्टी

सप्तरी २ का दुवै प्रदेश सभा जित्नु सकारात्मक सुरुवात हो । मधेसको दृष्टिकोण फेरिएको संकेत हो यो । यो नयाँ युगको सुरुवात पनि हो । जनताले आशाको नजरले हामीतिर हेरेका छन् । त्यसमा खरो उत्रिनुपर्छ । यो अवसर र चुनौती दुवै हो । स्वराज आन्दोलन सुरु गरेर संसदीय निर्वाचनमा आइपुग्दा भ्रष्टाचारविरुद्धको अभियान, किसानका मुद्दामा कटिबद्ध रहनेछौं ।

### सप्तरी २ का दुवै प्रदेश सभामा जित हासिल

सप्तरी २ (क) मा जनमत पार्टीका सतीशकुमार सिंह र (ख)मा जनमत पार्टीकै महेशप्रसाद यादव विजयी भएका छन् । जनमत पार्टीका सतीशकुमारले मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहलाई पराजित गरेका हुन् । सप्तरी २ (क) मा सिंहले १६७३४ र जसपाका साहले ८२९२ मत पाएका छन् । सप्तरी २ (ख)मा जनमत पार्टीकै महेशप्रसादले माओवादीका उमेशकुमार यादवलाई पराजित गरे । जनमतका यादवले १३३२५ र माओवादीका उमेशले ७०२३ मत पाए ।

### मधेसमा जसपा र लोसपा खिइँदै, जनमत उदाउँदै

०७४ को प्रतिनिधिसभा निर्वाचनमा मधेसका ३२ सिटमध्ये राष्ट्रिय जनता पार्टी (हाल लोसपा)ले १०, संघीय समाजवादी फोरम (हाल जसपा)ले नौ, कांग्रेस ६, माओवादी केन्द्र ६ र एमालेले दुई सिटमा जित हासिल गरेको थियो । ०७९ को निर्वाचनमा सबैभन्दा धेरै सिटमा कांग्रेसले अग्रता लिएको छ । कांग्रेसले आठ, एमालेले सात, स्वतन्त्रले पाँच, जसपाले चार, एकीकृत समाजवादीले तीन, लोसपा दुई, माओवादी केन्द्र दुई र जनमत पार्टीले एक सिटमा अग्रता लिएको छ । पाँच वर्षको अवधिमा मधेसमा कांग्रेस र एमालेको सिट बढ्ने संकेत देखिएको छ ।

## कैलाली ३ मा गंगा चौधरी विजयी, १ मा रञ्जिता श्रेष्ठ र २ मा अरुण चौधरीको अग्रता

**तेजराज भट्ट**/नयाँ पत्रिका

संविधान जारी हुनु एक महिनाअघि ७ भदौ ०७२ मा थरूहट आन्दोलनले उग्र रूप लिँदा टीकापुरमा नौजनाको मृत्यु भएपछि घटनाको मुख्य योजनाकार भनिएका रेशम चौधरी फरार भए । त्यसको दुई वर्षपछि ०७४ मा भएको निर्वाचनमा फरार अवस्थामै चौधरीले कैलाली १ बाट प्रतिनिधिसभा सदस्यमा २१ हजार मतान्तरले जित हासिल गरे । निर्वाचित भएसँगै कैलाली जिल्ला अदालतमा आत्मसमर्पण गरेका उनले पाँचवर्षे कार्यकालभरि संसद्मा भने एक दिन पनि छिर्न पाएनन् ।

सुरुमा पुर्पक्षका लागि थुनामा गएका उनी टीकापुर घटनामा दोषी ठहर भएपछि आजीवन काराबासको सजाय भोगिरहेका छन् । कारागारभित्रै चौधरीले बनाएको योजनाअनुसार गत वर्ष गठन भएको नागरिक उन्मुक्ति पार्टी थारू बहुल क्षेत्रमा बलियो शक्तिका रूपमा उदाउँदै छ । रेशम संरक्षक र उनकी पत्नी रञ्जिता श्रेष्ठ अध्यक्ष रहेको उन्मुक्ति गत वैशाखमा भएको स्थानीय तह निर्वाचनमा कैलालीका चारवटा तहमा जित हासिल गरेर जिल्लाको सबैभन्दा ठूलो दल बन्यो । अहिले प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनमा पनि उसको बलियो प्रभाव देखिएको छ ।

नागरिक उन्मुक्तिले सुदूरपश्चिममा कैलालीका प्रतिनिधिसभाका पाँच र प्रदेश सभाका १० क्षेत्र, कञ्चनपुरमा प्रतिनिधिसभाका एक र प्रदेश सभाका चार क्षेत्र तथा दार्चुला र बैतडीमा प्रदेश सभाका एक/एक क्षेत्रमा उम्मेदवारी दिएको थियो । मतगणनाको प्रारम्भिक परिणाम हेर्दा तुलनात्मक रूपमा कैलालीमा नागरिकको बलियो प्रभाव देखिएको छ ।

कैलाली ३ मा नागरिक उन्मुक्ति पार्टीका गंगा चौधरीले जित हासिल गरेका छन् । उनी २३ हजार एक सय २० मत ल्याएर विजयी भएका हुन् । उनका निकट प्रतिस्पर्धी गठबन्धनबाट माओवादी केन्द्रका कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ पाए ।

प्रदेश सभा 'क' मा घनश्याम चौधरी र 'ख' मा खुसीराम डगौरा थारूले अग्रता लिएका हुन् ।

कैलालीका बाँकी चारमध्ये दुईवटा क्षेत्रमा नागरिक उन्मुक्तिका उम्मेदवारले सुरुवातबाटै अग्रता लिइरहेका छन् । कैलाली १ मा नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठले मतान्तर बढाउँदै लगेकी छिन् । उनलाई कांग्रेसका रामजनम चौधरीले पछ्याइरहेका छन् । सोमबार राति ११ बजेसम्म श्रेष्ठले आठ हजार दुई सय ३६ मत पाएकी छन् ।

यहाँ प्रदेश सभाका दुवै क्षेत्रमा नागरिक उन्मुक्तिका उम्मेदवारले अग्रता लिइरहेका छन् । प्रदेश सभा 'क' मा कैलाश चौधरी र 'ख' मा लक्ष्मणकिशोर चौधरीले अग्रता लिइरहेका छन् ।

कैलाली २ मा प्रतिनिधिसभा सदस्यमा नागरिक उन्मुक्तिकै अरुण चौधरीले अग्रता कायम राखेका छन् । उनले तीन हजार नौ सय ८२ मत पाएका छन् । माओवादीका भगत बडुवालले उनलाई पछ्याइरहेका छन् । प्रदेश सभा 'क' मा नागरिकका रतन थापा र 'ख' मा माओवादीका नन्दकुमार साउदले अग्रता लिएका छन् ।

### प्रत्यक्षमा १० सिट जित्छौं

■ **दामोदर पण्डित**, प्रवक्ता,
नागरिक उन्मुक्ति पार्टी

कैलाली र कञ्चनपुरमा गरी प्रदेश सभामा प्रत्यक्षमा १० सिट जित्छौं । समानुपातिकसमेत गरी सुदूरपश्चिम प्रदेश सभाका १६ सिट जित्ने आंकलन छ । देशैभरि प्रत्यक्षमा १० सिट जित्ने र समानुपातिकमा ६ लाख मत पाउने अपेक्षा गरेका छौं ।

कैलालीका १, २, ३ थारू बाहुल निर्वाचन क्षेत्र हुन् । स्थानीय निर्वाचनमा नागरिकले थारू समुदायको वर्चस्व रहेको टीकापुर र भजनी नगरपालिका तथा जोशीपुर र जानकी गाउँपालिका जितेको थियो । टीकापुरमा प्रमुख तथा अन्य तीनवटै पालिकामा प्रमुख र उपप्रमुख दुवैमा नागरिकले जित हासिल गरेको थियो ।

कैलाली ५ मा पनि प्रदेश सभातर्फ नागरिक उन्मुक्तिको प्रभाव देखिएको छ ।

नागरिकबाट यहाँ संघमा लक्ष्मण थारूको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेको थियो । टीकापुर घटनामा दोषी ठहर भई आजीवन कारावासको सजाय पाएका चौधरी फरार छन् । यो क्षेत्रमा संघमा एमालेका नारदमुनि राना र कांग्रेसका डिल्लीराज पन्तबीच प्रतिस्पर्धा छ ।

कैलाली ४ मा नागरिक उन्मुक्तिका कनैया चौधरी तेस्रो स्थानमा छन् । यहाँ एमालेका लेखराज भट्ट र कांग्रेसका वीरबहादुर बलायर पहिलो र दोस्रो छन् ।



गंगा चौधरी

कञ्चनपुरको क्षेत्र नम्बर १ र २ मा पनि नागरिक उन्मुक्तिको प्रभाव देखिएको छ ।

### बर्दियाका दुवै क्षेत्रमा अग्रता

नागरिक उन्मुक्ति पार्टीले बर्दियामा अप्रत्याशित रूपमा सफलता हात पारेको छ । जिल्लाका एक क्षेत्रमा नागरिक उन्मुक्ति पार्टीले अग्रता कायम गरेको छ । पछिल्लो मतपरिणामअनुसार बर्दिया १ मा नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार ठाकुरसिंह थारू अगाडि छन् । उनलाई गठबन्धनबाट कांग्रेसका उम्मेदवार सञ्जय गौतमले पछ्याइरहेका छन् । एमाले उम्मेदवार लक्ष्मण ज्ञवाली तेस्रोमा छन् ।

बर्दिया २ मा पनि नागरिक उन्मुक्ति पार्टीको समर्थन पाएका स्वतन्त्र उम्मेदवार लालवीर चौधरी अगाडि छन् । सोमबार राति साढे १० बजेसम्म चौधरीले २० हजार ६६४ र माओवादी उम्मेदवार सुरेश पन्थले १३ हजार ६६२ मत प्राप्त गरेका छन् । उन्मुक्ति पार्टीले टीकापुर घटनामा कैद भुक्तान गरिरहेका रेशम चौधरीलाई उम्मेदवार बनाएको थियो । निर्वाचन अधिकृतको कार्यालयले उनको उम्मेदवारी खारेज गरेपछि स्वतन्त्र उम्मेदवारी दिएका रेशम चौधरीका बुबा लालवीरलाई समर्थन गरेर चुनावी अभियान सञ्चालन गरेको थियो । पार्टीको आधिकारिक उम्मेदवार भन्दै चुनावी अभियान सञ्चालन गरे पनि लालवीरले चुनाव चिह्न चापाकल पाएका थिए ।


नेपाल सरकार
**जल तथा ऊर्जा आयोगको सचिवालय**
सिंहदरबार, काठमाण्डौ

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/०७)

यस सचिवालयको मिति २०७९/०२/२० मा राष्ट्रिय दैनिक "गोरखापत्र" मा "To develop an optimization framework for the real–time optimum intake of water from diverse water sources in Kathmandu Valley" विषयक अध्ययन कार्यको Request for Proposal (RFP) सम्बन्धमा प्रकाशित सूचना अनुसार प्राप्त प्रस्तावहरु मध्ये संयुक्त मूल्याङ्कनबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने निम्न लिखित परामर्शदातृ संस्थाको प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| Job No. | Name of Consulting Service | Name of Selected Consulting Firm |
|---|---|---|
| WECS/OPT/ RFP/078-79/03 | "To develop an optimization framework for the real-time optimum intake of water from diverse water sources in Kathmandu Valley" | Joint venture of Embark Engineering Services Pvt.Ltd., E.I. Maven Pvt. Ltd. and Shrestha Consultant Pvt. Ltd. |

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सम्पर्कमा आउने सम्बन्धमा**

**प्रकाशन मिति : २०७९/०८/०७**

यस नगरपालिका अन्तर्गत तपशिलका योजनाहरु आ.व. ०७८/०७९ र ०७९/०८० मा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झैता भएकोमा हालसम्म पनि कार्य सुचारु/सम्पन्न नगरेको र पटक पटक कार्य सुचारु गर्नका लागि सम्पर्क/पत्रचार गर्दा समेत कार्य अगाडी नबढाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस नगरपालिकामा सम्पर्क गर्न आउन हुन अनुरोध गरिएको छ । अन्यथा कानुन बमोजिमको प्रक्रिया अगाडी बढाइने जानकारी गराइन्छ ।

**तपशिल**

| सि. नं. | बोलपत्र नं./ कामको विवरण | ठेकेदार कम्पनीको नाम र ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| 1. | River Training Works (fedigaun to triveni) IFB/ NCB/fedigauntrivaniworks-19/078/079 | Myra and Construction, Hetauda | टेकनाथ शिवाकोटी |
| 2. | Upgrading Of Chisapani Deukhel Chalti Baseri Road(IFB/NCB/chisapanitobaseriroad-4/078/079) | Sujan Nirman Sewa, Thaha 2 | सुजन कार्की |
| 3. | Upgrading Of Chisapani Deukhel Chalti Baseri Road(II) Road(IFB/NCB/chisapanitobaseriroad 10/078/079) | New Jyoti Constuction,Thaha 2 | राजन ढकाल |
| 4. | Upgrading Dokcha tasar Road (IFB/NCB/dokchatasar-14/077/078)(II Package) | Sujan Nirman Sewa, Thaha 2 | सुजन काकी |
| 5. | Chaubas Water Supply work (IFB/NCB/chaubasw/swork-13/077/078) | Sujan Nirman Sewa, Thaha 2 | सुजन काकी |
| 6. | Upgrading Work of Taruka-Liti-Jagdada Road (IFB/NCB/litijagdada-16/077/078) (3rd package)) | Sujan Nirman Sewa, Thaha 2 | सुजन काकी |
| 7. | Procurement & supply of material for Damgade Water Supply work (IFB/NCB/damgadesupply-18/078/079) | Kalinag Suppliers, Hetauda | टेकनाथ शिवाकोटी |
| 8. | Coldstore civil works Pro/coldstore-16/078/079) | Rana Construction, Hetauda | विकाश जङ्ग राना |

मिर्चैया नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
रामनगर, सिरहा
मधेश प्रदेश, नेपाल

**नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी वोलपत्र आह्वानको सूचना**

चौथौ पटक प्रकाशित मितिः २०७९/०८/०७

स्थानीय सरकार सँचालन ऐन २०७४ को परिच्छेद ११(२) को घ (६) को व्यवस्था र स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ अनुसार आ.ब. ०७९।८० को लागि तोकिएका क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम नदि जन्य पदार्थ उत्खनन् तथा संकलन गरि तोकिएको दरमा बिकी गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक ब्यक्ति फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रहि व्यक्ति/फर्मले आफ्नो फर्म नविकरण भएको प्रमाणपत्र मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७८/०७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु सहित आफुले कबोल गरेको रकम अंक र अक्षरमा फरक नपर्ने गरी उल्लेख गरी रितपूर्वकको शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

| ठेक्का नं. | ठेक्काको विवरण | संकलन तथा उत्खनन् क्षेत्र | कुल उत्खन्न परिमाण घनफिट | न्यूनतम अँक ठेक्का रकम (मु.अ.क.बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १५/०७९-८० | मिर्चैया नगरपालिका भित्र पर्ने घुर्मि नदीको वगरक्षेत्रबाट निस्कन सक्ने ढुङ्गा गिट्टी र बलुवाको विक्री कर | घुर्मी खोलाको मिर्चैया न.पा र गोलवजार न.पा.को तोकिएको क्षेत्र | २५६६६६६ | ३९४२४००।- | ३०००।- |

वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ र खरिद भएका वोलपत्रहरु ८ औं दिन दिनको १२:०० वजे सम्म कार्यालयमा दर्ता गर्न सकिनेछ ।

- वोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमशः अन्तिम दिन र सोही समयलाई मानिनेछ ।
- प्राप्त हुन आएको वोलपत्रहरु ८ औं दिन दिनको २:०० वजे यस कार्यालयमा प्रतिनिधिहरु र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्ने काममा कुनै बाधा हुने छैन ।
- बोलपत्र दर्ता गर्दा आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंक मिर्चैया शाखामा रहेको धरौटी खाता नं. ६६४१४९८७४८५२४००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विण्ड वोण्ड) पेश गर्नुपर्नेछ ।
- ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश नदीजन्य पदार्थ संकलन, बिक्री वितरण हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।
- कबोल अंकलाई तिन किस्तामा बिभाजन गरि पहिलो किस्ता सम्झौता अधि, दोस्रो किस्ता २०७९ माघ मसान्त भित्र र अन्तिम किस्ता २०७९ चैत्र मसान्त भित्र बुझाउनु पर्ने छ । सम्झौता गर्दाका बखतबाँकी रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको २०८० आषाढ मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विण्ड वोण्ड) पेश गर्नुपर्नेछ । सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्मको रकम छुट दिन सकिनेछ ।
- तोकिएको नाकाहरुबाट मात्र उत्खनन् तथा संकलन गर्न पाईने छ, नदी तथा खोलामा हेवी इक्यूपमेन्टको प्रयोग गर्न पाईने छैन ।
- ढुंगा, गिट्टी, वालुवा र ग्राभेल विक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाटपुल, पुलेसा, लोकमार्ग जस्ता सार्वजानिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मिटर उत्तर र दक्षिण छोडेर मात्र ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उठाउन पाईनेछ । नगरपालिकाकाले नउठाउने भनि तय गरेको कुनै स्थानबाट उठाउन पाइने छैन ।
- वन क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उत्खन्न गर्न पाईने छैन र अन्य व्यवस्था प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनमा उल्लेख भए बमोजिम हुने छ ।
- ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशतले हुन आउने मु.अ.कर रकम मध्येको ४० प्रतिशत किस्ता संगै नगरपालिकामा बुझाउनु पर्नेछ भने बाँकी ६० प्रतिशत रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरि सोको प्रमाण पेश गर्नु पर्नेछ ।
- ठेकेदारले उठाउने कर यस नगरपालिकाबाट तोकेको दररेटमा रकम उठाउनु पर्नेछ । लोकमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।
- नेपाल सरकार, सम्मानित अदालत, जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।
- ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
- नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका ब्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।
- बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।
- ठेक्का अवधि सम्झौत्ता भएको मितिदेखि २०८० जेष्ठ मसान्तसम्म रहनेछ ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र वोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईनेछ ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ । यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
- यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोधछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## पाँच क्षेत्रमा...

पृष्ठ १ बाट क्रमशः

मतदान गराउन आयोगले निर्देशन पठाएको छ। आयोगले दलगत विवाद र उम्मेदवारबाट उजुरी आएका ठाउँमा थप अध्ययन तथा छानबिन गरेर निर्णय लिने भएको छ। यसका लागि पुनः मतदानको मागसहित उम्मेदवारबाट उजुरी परेको स्याङ्जा २, दोलखा र बाजुरालाई पत्राचार गरिएको छ। 'उम्मेदवारले उजुरी हालेको ठाउँमा के भएको हो, के गर्नुपर्ने हो, थप बुझेर यथार्थ राय पठाउनू भनेर मुख्य निर्वाचन अधिकृतलाई पत्र पठाइएको छ,' प्रमुख आयुक्त दिनेश थपलियाले भने, 'जिल्लाबाट विवरण आएपछि उपयुक्त निर्णय लिन्छौं।' उनले मतदान स्थगित भएका चार क्षेत्रमध्ये नवलपुर, गुल्मी र सुर्खेतमा पुनः मतदान भई गणना थालिएको र मुगुको पनि मतपेटिका आएर गणना आरम्भ भइसकेको बताए। गणना भएका ठाउँको परिणाम १२ मंसिरभित्रै आउने उनको दाबी छ।

### स्याङ्जा २ र दोलखामा एमालेले लगायो धाँधलीको आरोप

स्याङ्जा २ मा मतदानकै दिन मतपेटिका संकलन गरेर मतगणनाको तयारीका लागि सर्वदलीय बैठक डाकिएको थियो। तर, एमालेले धाँधली भएको भन्दै पुनः मतदानको माग गरेकोमा मंगलबार रातिसम्म पनि सहमति जुट्न सकेको छैन। जिल्ला निर्वाचन अधिकृत रामचन्द्र शर्माले सर्वदलीय बैठकमा पनि सहमति नजुटेपछि केन्द्रमा जानकारी गराइएको बताए।

'मतपेटिका आइसकेपछि गणनाको तयारी भए पनि धाँधली भएको भन्दै एमालेले पुनः मतदानको माग गरेको छ। सर्वदलीय बैठकमा सहमति जुट्न सकेन। यहाँको वस्तुस्थितिबारे आयोगमा जानकारी गराएका छौं। आयोगबाट निर्देशन आएपछि अघि बढ्छौं,' उनले भने।

उक्त क्षेत्रको चापाकोट नगरपालिका- ३ को दिसिङकोट आधारभूत विद्यालय, वडा नम्बर ४ को राममन्दिर मावि, वडा नम्बर ५ को जनसक्रिय आधारभूत विद्यालय र सोही वडाको दिनदयाली आधारभूत माविको बुथ कब्जा भएको एमालेको आरोप छ। यहाँ कांग्रेसले गणना सुरु गर्न माग गर्दै निर्वाचन अधिकृतको कार्यालयमा धर्ना दिएको छ।

त्यस्तै, दोलखामा तनावका बीच मतदान सम्पन्न भए पनि अझै गणना सुरु हुन सकेको छैन। एमालेले धाँधली भएको भन्दै पाँच स्थलमा पुनः मतदानको माग गरेको छ। 'दोलखा अध्ययनकै क्रममा छ। वस्तुगत विवरण आएपछि निर्णय लिन्छ,' सहायक प्रवक्ता कमल भट्टराईले भने। यहाँ एमालेले १७ मतदान केन्द्रमा बुथ कब्जा गरेर धाँधली गरेको दाबी गर्दै पुनः मतदानको माग गरेको छ।

### हेलिकोप्टर कुर्दै हुम्ला र डोल्पाका १८० मतपेटिका

हुम्ला र डोल्पाको अति विकट मतदानस्थलबाट मंगलबार पनि मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालय ल्याउन नसकेकाले गणना प्रारम्भ हुन सकेको छैन। मंगलबार पनि मौसमले साथ नदिँदा हेलिकोप्टर उड्न नसकेर ढुवानी गर्न नसकिएको उपसचिव कमल ज्ञवालीले जानकारी दिए। उनका अनुसार हुम्लाको अदानचुली गाउँपालिका, चंखेली गाउँपालिका, ताँजाकोट गाउँपालिका र सर्केगाड गाउँपालिकाका ३४ वटा मतदान केन्द्रबाट मतपेटिका ल्याउन सकिएको छैन। त्यस्तै, डोल्पाको शेफोक्सुण्डो गाउँपालिकाको ११ वटा मतदान केन्द्रबाट मतपेटिका सदरमुकाम ल्याउन सकिएको छैन। कुल ४५ मतदान केन्द्रबाट एक सय ८० मतपेटिकासहित कर्मचारीहरू हेलिकोप्टरको पर्खाइमा रहेको र बुधबार १२ बजेसम्म आइपुग्ने ज्ञवालीले बताए।

### लामिछानेले बुझाए स्पष्टीकरण

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले नागरिकता विवादमा स्पष्टीकरण बुझाएका छन्। ३० कात्तिकमा चितवन २ को मुख्य निर्वाचन अधिकृतको कार्यालयले सात दिनको समय दिएर लामिछानेलाई स्पष्टीकरण सोधेको थियो। सातौं दिन मंगलबार लामिछानेले खाम सिलबन्दी गरेर स्पष्टीकरण जवाफ पेस गरेको मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले जानकारी दिए। 'जवाफसँगै उहाँबाट आएको निवेदनमा गोपनीयता कायम गरेर आयोगमा पठाइपाऊँ भनेर अनुरोध भएकाले हामीले नहेरी माथि पठाउँछौं,' उनले भने।

चितवन २ का उम्मेदवार लामिछानेविरुद्ध २९ कात्तिकमा राजकुमार पाण्डेले विदेशी नागरिकता त्यागेर पुनः नेपाली नागरिकता नलिएको र उनी नेपाली नागरिक नभएकाले उम्मेदवार बन्न अयोग्य रहेको जिकिर गर्दै निर्वाचन आयोगमार्फत मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएका थिए। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जिल्लाबाट स्पष्टीकरण जवाफ आएपछि तथ्य-प्रमाणका आधारमा निर्णय गरिने बताए।

## ट्रान्सफर...

पृष्ठ १ बाट क्रमशः

भन्न नसकिने बरु सानो भोट भएको ठाउँमा ठूलो भोट सार्न गाह्रो भएको बताए। 'भोट ट्रान्सफर हुँदा र नहुँदा १३ सिटको अन्तर पर्छ भन्ने आकलन गरेको थिएँ। सुरुदेखि नै मलाई 'भोट ट्रान्सफर' हुनेमा आशंका थियो। मैले भोट ट्रान्सफर भएन भनेर मानिरहेको छैन। ठूलो भोट सानोमा सार्न कठिन भएको हो। यसमा इमानदारिता नभएको विषय नै होइन। गठबन्धनमा कांग्रेसबाहेकका दलको बेस सानो छ,' रिजालले भने, 'धेरै मत भएको ठाउँमा थोरै लगेर थप्न सकिन्छ, तर थोरै भएको ठाउँमा धेरै भोट लगेर थप्न सकिँदैन। गठबन्धन गर्दा पनि जहाँ कांग्रेसको उम्मेदवार छैनन्, त्यहाँ नयाँ पार्टीले मत काटेको देखिन्छ। केहीबाहेक ठूला बेस भएका कांग्रेस र एमालेको उम्मेदवार भएको स्थानमा नयाँ दलले मत काटेको देखिँदैन। झापाको विषय फरक भयो। त्यहाँ राप्रपा र एमालेको सीधासीधा एलाइन्स भएको छ।'

रिजालले गठबन्धनभन्दा तालमेल गरेको भए राम्रो हुने विश्लेषण गरे। 'सिद्धान्त, विचारभन्दा सानो भोट भएको ठाउँमा ठूलो भोट सार्न गाह्रो भयो। ठूलो भोट भएकोमा सानो भोट सार्न गाह्रो भएन। कांग्रेसका उम्मेदवार नभएका स्थानमा भोट ट्रान्सफर मात्र नभएको होइन समानुपातिकमा कांग्रेसलाई मत पनि नगएको देखिन्छ। त्यो त अनुमान मात्रै हो। समानुपातिकको पनि परिणाम आएपछि थाहा हुन्छ,' रिजालको बुझाइ छ, 'अहिले गठबन्धन नभएर तालमेल हुनुपर्थ्यो। हरेक क्षेत्रमा फोर्स गरेर एक मात्र उम्मेदवार नबनाएर जहाँ अर्को पार्टीको जित्ने बलियो सम्भावना छ त्यहाँ अर्कोले उम्मेदवार नठाउने तथा ठाउँ र परिस्थितिअनुसार उम्मेदवार उठाउने अवस्थामा भएको भए निर्वाचनपछि पनि काम गर्न गठबन्धनलाई सहज हुन्थ्यो। यसको परिणामको विषयमा अहिले नै भनिहाल्ने स्थिति छैन।'

एमाले नेता विष्णु रिजालले जनताले कांग्रेस र माओवादीको गठबन्धन नरुचाएको देखिएको बताए। 'हामीले अपेक्षा गरेका ठाउँमा अग्रता लिइरहेका छौं। सबै स्थानको मतगणना भइसकेको छैन। सबै क्षेत्रको मतगणनाका आधारमा मात्रै यसबारे भन्न सकिन्छ। अहिले नै यसबारे भन्न हतार हुन्छ। अहिलेकै नतिजाका आधारमा कतिपय स्थानमा सत्तागठबन्धन एमालेसँगको प्रतिस्पर्धामा नै छैन। नयाँ दल र एमालेबीच प्रतिस्पर्धा छ। यो नतिजाबाट प्रारम्भिक रूपमा जनताले कांग्रेस र माओवादीको गठबन्धन नरुचाएको देखिन्छ। हामीलाई एक्लै निर्वाचन लड्दा गठबन्धन चुनौती नभएर नयाँ-नयाँ दल चुनौतीका रूपमा आएको संकेत गर्छ। जनताको असन्तुष्टिको व्यवस्थित गर्ने सन्दर्भमा दलहरूले सोच्नुपर्ने अवस्थालाई यसले प्रतिबिम्बित गर्छ।'

माओवादी नेता गणेश शाहले अहिलेको निर्वाचनले केन्द्रले निर्णय गर्दैमा पहिलेजस्तो कार्यकर्तास्तरबाट स्वीकार हुँदैन भन्ने देखाएको र गठबन्धनमा भोट ट्रान्सफर नभएको स्पष्ट देखिएको बताए। 'गठबन्धनमा भोट ट्रान्सफर नभएको स्पष्ट नै देखियो। प्रारम्भिक मतगणनाले गठबन्धन गर्दा केन्द्रले निर्णय गर्दैमा पहिलेजस्तो कार्यकर्तास्तरबाट स्वीकार हुँदैन भन्ने देखायो, अर्को कुरा पार्टीको आन्तरिक कारणले पनि यस्तो हुन गएको अनुमान लगाउन सकिन्छ। स्थापित राजनीतिक दलहरूले जनताको असन्तुष्टिको राजनीतिक समाधान नदिने र स्वतन्त्र र उदीयमान दललाई 'अन्डर स्टिमेट' गर्दा पनि यो अवस्था आयो,' उनले भने, 'यसबाट आगामी दिनमा उम्मेदवार कसरी छनोट गर्ने भन्ने विषयको अधिकार केन्द्रबाट नभई तल्लो तहमा नै दिनुपर्छ भन्ने सबक सिकाएको छ। साथै, पुरानै अनुहारको विकल्प दिन नसक्नु पनि दलहरूको कमजोरी रह्यो। गठबन्धन गर्दा दलका भ्रातृ र शुभेच्छुक संस्था पनि सक्रिय रूपमा लागेको देखिएन। उम्मेदवारमा पनि गठबन्धनको भोट छ भन्ने 'ओभर कन्फिडेन्स' सबै रूपमा भन्नुपर्दा धेरै कारणले गठबन्धन प्रत्युत्पादक भयो।'

एकीकृत समाजवादीका नेता जगन्नाथ खतिवडाले अहिले नै सबै भन्न नसकिने, तर गठबन्धन पूर्ण रूपमा भएन कि भन्ने प्रश्न उठेको बताए। 'मतगणना अति प्रारम्भिक भएको हुनाले यसैलाई आधार मान्न त मिल्दैन, तर सामान्यतया अनुमान लगाउन सकिने अवस्था छ। धेरै मत गन्न बाँकी नै छ। गठबन्धन पूर्ण रूपमा भएन कि ? अथवा गठबन्धनभित्र राजनीतिक दलहरूको आ-आफ्नो दलहरूको अन्तर्विरोधले काम गर्‍यो कि भन्ने समीक्षा गर्दै छौं। अहिले नै पछिको विषयमा भन्न हतार हुन्छ,' खतिवडाले भने।

लोसपा नेता सुरेन्द्र झाले गठबन्धन अस्वाभाविक हुँदा भोट ट्रान्सफर हुन नसकेको बताए। 'वास्तवमा गठबन्धन राजनीतिक सिद्धान्त र दर्शनमा आधारित थिएन। विचार नमिल्ने एकदमै विपरीत ध्रुवका राजनीतिक दलबीच बनेको अस्वाभाविक गठबन्धन थियो, जसलाई पार्टीभित्रकै नेता कार्यकर्ताले रुचाएका थिएनन्। गत पाँच वर्षमा जसरी दुईतिहाइको सरकारका पार्टी क्षतविक्षत भए, मधेसकेन्द्रित दल टुटफुट भए, कांग्रेसले जसरी सरकारको नेतृत्व गर्‍यो, न्यायालय जसरी यसमा मुछियो, भ्रष्टाचारका काण्ड जसरी बाहिर आए, यो सबै जनतामा ठूलो नैराश्यता पैदा भएको थियो,' उनले भने, 'माथि दलीय गठबन्धन बने पनि पार्टीभित्रकै नेता-कार्यकर्तालाई चित्त बुझेको थिएन, त्यसैले मतदाताले स्वतन्त्र ढंगले आफूलाई जहाँ मन लाग्यो त्यहीँ मत हालेको देखिन्छ। नागरिकलाई विश्वासमा लिएर जनस्तरमा लामो बहस गरेर राजनीतिक दर्शन मिल्नेसँग गठबन्धन निर्माण भएको भए भोट ट्रान्सफर हुने सम्भावना बढ्थ्यो। तर, शीर्ष नेताले त्यसो गर्नुको साटो जबर्जस्ती आफ्ना नेता-कार्यकर्ता र शुभेच्छुकमा आफ्नो निर्णय लाद्न खोज्दा यो परिणाम आएको हो। दलहरूको अलोकतान्त्रिक हिसाबले निर्णय गरेर कार्यकर्तालाई लाद्ने पद्धतिविरुद्धको विद्रोह पनि हो अहिले देखिएको परिणाम।'

झाले गठबन्धनले लोसपालाई मात्रै होइन, कांग्रेसबाहेका अरू पनि दललाई असर पुर्‍याएको बताए। 'खासगरी जहाँ-जहाँ कांग्रेसका उम्मेदवार थिए, त्यहाँ-त्यहाँ उनीहरूले जित्ने या लिड गरेको अवस्था देखिन्छ, तर गठबन्धनका अन्य दलले भने कांग्रेसको भोट ट्रान्सफर भएको देखिँदैन। यो राजनीतिक बेइमानी हो। जसको मुख्य दोषी शीर्ष नेता नै हुन्। खासमा हामीले अस्वाभाविक गठबन्धन गर्नै हुँदैनथ्यो, गठबन्धन गरे पनि मधेसकेन्द्रित दलहरूबीच नै गनुपर्थ्यो,' उनले भने।

विपक्षी गठबन्धनमा रहेको जसपा नेता मनीष सुमनले अहिलेसम्म मत 'ट्रान्सफर' सन्तोषजनक नै रहेको प्रतिक्रिया दिए। 'मतगणना नसकी केही भनिहाल्ने अवस्था छैन। तर, मतदाताको प्रारम्भिक रुझान हेर्दा एमाले र जसपाको गठबन्धन रहेको स्थानमा 'भोट ट्रान्सफर' सन्तोषजनक नै छ। एमालेले हामीलाई घात गरेको देखिँदैन। कतिपय स्थानमा मतगणना नै सुरु भइनसकेकाले अहिले नै यसबारे टिप्पणी गर्नु हतार हुन्छ,' उनले भने।

काठमाडौं ३ मा सत्तागठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार सन्तोष चालिसे विजयी भएका छन्। उनले १४ हजार १५८ मत र उनका निकटतम प्रतिद्वन्द्वी एमालेका कृष्णबहादुर राईले ११ हजार १९६ मत पाएका छन्। वडागत मतपरिणामअनुसार गत स्थानीय तह निर्वाचनमा कुल मतका आधारमा कांग्रेस अगाडि छ। कांग्रेसले १५ हजार ७९५ मत ल्याएको छ। यस्तै, एमालेले १४ हजार ८७६ मत ल्याएको छ। माओवादीको मत एक हजार ७३० छ।

काठमाडौं ४ मा कांग्रेसका गगन थापाले जित हासिल गरेका छन्। थापाले २१ हजार ३०२ मत पाएका छन्। निकटतम प्रतिस्पर्धी एमालेका राजन भट्टराईले १३ हजार ८५५ मत पाएका छन्। स्थानीय तह निर्वाचनको वडाध्यक्षतर्फको मतपरिणामअनुसार सत्तागठबन्धन दलले १८ हजार ९२१ मत (कांग्रेस १५ हजार ७६३, माओवादी ७४४, एकीकृत समाजवादी दुई हजार ४१४) र एमालेले १६ हजार ५०७ मत पाएको थियो।

काठमाडौं ५ मा कांग्रेसका प्रदीप पौडेल निर्वाचित भएका छन्। उनले १५ हजार २३७ मत ल्याएर एमालेका उम्मेदवार ईश्वर पोखरेललाई पराजित गरेका छन्। पोखरेलले १० हजार १७२ मत पाएका थिए। स्थानीय तहमा एमालेका वडाध्यक्षले १९ हजार ७३० तथा सत्तारूढ गठबन्धनका वडाध्यक्षले १७ हजार ८४८ मत प्राप्त गरेका थिए। वडाध्यक्षहरूको कुल मतपरिणाममा गठबन्धनभन्दा एमाले एक हजार ८४८ मत अगाडि देखिन्छ।

काठमाडौं १० मा गठबन्धन छैन। यस क्षेत्रमा कांग्रेसका राजेन्द्रकुमार केसीले अग्रता बनाइरहेका छन्। मंगलबार मध्यरातसम्मको मतपरिणाम अनुसार केसीले ९९५० मत सहित अग्रता कायम गरेका छन्।

एमालेका हिमेश केसी ६६७१ मतका साथ प्रतिस्पर्धामा छन्। तेस्रो नम्बरमा राप्रपाका बलराम थापाले ५३६१ मत पाएका छन्। चौथोमा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदीप विष्टल ५१८१ र पाँचौं नम्बरमा माओवादीकी अञ्जना विशंखे २ ९६७ मतका साथ प्रतिस्पर्धामा छन्। स्थानीय तह निर्वाचनको परिणामअनुसार यस क्षेत्रमा कांग्रेसले २३ हजार ४९५ मत, एमालेले १८ हजार ५७१ मत र चार हजार ६७२ मत पाएको देखिन्छ।

भक्तपुर १ मा एमालेका नवराज गेलालले ७९७८ मत पाएर अग्रता लिइरहेका छन्। मंगलबार मध्यरमतसम्म जारी मतगणनाको परिणामअनुसार अघिल्लो निर्वाचन जितेका नेमकिपाका प्रेम सुवाल ६१९५ मतका साथ प्रतिस्पर्धामा छन्। तेस्रो नम्बरमा राप्रपाका भरतबहादुर खड्काले ५९७१ मत र चौथो नम्बरमा सत्तागठबन्धनका उम्मेदवार माओवादीका सुनील गोठेले २८०५ मत पाएका छन्। यो क्षेत्र नेमकिपाको गढ मानिन्छ।

स्थानीय तहमा नेमकिपाले ३३ हजार ८९५ मत ल्याएको थियो। एमालेले १४ हजार ११९ मत ल्याउँदा कांग्रेसले भने १३ हजार १३ मत र राप्रपाले ६ हजार २८६ मत ल्याएको थियो। माओवादीले भने जम्मा १ हजार ३८८ मत प्राप्त गरेको थियो। एमाले, कांग्रेस, माओवादी एकै ठाउँमा उभिँदा पनि नेमकिपाजति मत ल्याउन सकेको देखिँदैन।

भक्तपुर २ मा कांग्रेसका दुर्लभ थापा क्षेत्री र एमालेका महेश बस्नेत प्रतिस्पर्धामा छन्। यस क्षेत्रमा मंगलबार मध्यरातसम्मको परिणामअनुसार थापाले १८२६१ मतसहित अग्रता बनाएका छन् भने बस्नेत १७४२३ मतसहित प्रतिस्पर्धामा छन्। स्थानीय तह निर्वाचन कांग्रेसका वडाध्यक्षले १४ हजार १९२ मत ल्याएका थिए भने एमालेका वडाध्यक्षहरूको नौ हजार ७७२ मत पाएका थिए।

ललितपुर १ मा सत्तागठबन्धनबाट कांग्रेसका उम्मेदवार उदयशमशेर जबराले जीत हासिल गरेका छन्। मध्यरात सम्पन्न मतगणनामा उनले प्रतिस्पर्धामा रहेका एमाले उम्मेद्वार नवराज सिलवाललाई पराजित गरेका हुन्।

यो क्षेत्रका स्थानीय तह निर्वाचनमा वडाध्यक्ष उम्मेदवारले पाएको मतअनुसार सत्तागठबन्धन दलको मत बलियो छ। यस क्षेत्रमा गठबन्धन दलले २८ हजार ६२७ मत पाएको थियो। मतपरिणामअनुसार कांग्रेसका वडाध्यक्ष उम्मेदवारले २३ हजार ७३६ मत पाएका थिए। माओवादीका उम्मेदवारले चार हजार ८९१ पाएका थिए। त्यस्तै, एमाले वडाध्यक्ष उम्मेदवारले १९ हजार ८८ मत पाएका थिए।

ललितपुर २ मा एमालेका प्रेमबहादुर महर्जनले जित हासिल गरेका छन्। उनले हाम्रो नेपाली पार्टीका सुदिन शाक्यलाई पराजित गरेका थिए। मतपरिणामअनुसार महर्जनले १५ हजार २५ मत पाएका थिए भने शाक्यले आठ हजार ८८६ कत पाएर पराजित भए। त्यस्तै, तेस्रो नम्बरमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बुद्धरत्न महर्जनले आठ हजार ६६६ मत र गठबन्धनका तर्फबाट एकीकृत समाजवादीका कृष्णलाल महर्जनले आठ हजार २६४ मत चौथो नम्बरमा मत पाएका छन्।

स्थानीय निर्वाचनमा सत्तागठबन्धनले ३० हजार २६५ मत पाएको थियो। मतपरिणामअनुसार कांग्रेसले २१ हजार ८१९, एमालेले १६ हजार २३७, माओवादीले पाँच हजार ८८६ र समाजवादीले दुई हजार ५६० मत पाएका थिए। एमालेले १६ हजार २३७ मत पाएको थियो।

गत स्थानीय तहमा वडाध्यक्षले पाएको मत परिणामअनुसार कैलाली ३ मा कांग्रेस सबैभन्दा अगाडि देखिन्थ्यो। उसले एक्लै यहाँ १९ हजार ९९२ मत ल्याएको थियो। त्यसमा माओवादीको ११ हजार ७१६ र एकीकृत समाजवादीको वडाध्यक्षको १ हजार ९७८ मत जोड्दा सत्तागठबन्धनको कुल मत ३३ हजार ६८६ पुग्छ। एमालेले भने यहाँ ११ हजार २५७ ल्याएको थियो। तर, यसपटक यो क्षेत्रबाट पश्चिममा नयाँ शक्तिमा उदाइरहेको नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी निर्वाचित भएका छन्। जब कि स्थानीय तहमा उन्मुक्ति पार्टीको मत ५ हजार २४७ मात्रै थियो। गंगारामले २३ हजार १२० मत ल्याएर ५ हजार ३७१ को मतान्तरसहित सत्तागठबन्धनका उम्मेदवार कृष्णकुमार चौधरीलाई हराएका हुन्। एमालेका उम्मेदवार गौरीशंकर चौधरीले भने यहाँ ९ हजार ८७४ मत मात्रै ल्याए। जब कि ०७४ को संसदीय निर्वाचनमा गौरीशंकर माओवादीका तर्फबाट २४ हजार ८७९ मत ल्याएर निर्वाचित भएका थिए। त्यतिवेला उनीसँग कांग्रेसका रामजनम चौधरी २० हजार ४९४ मतसहित पराजित भएका थिए। यसपटक मतदाताको रुझान थारू आन्दोलनबाट जन्मिएको नागरिक उन्मुक्तितर्फ जाँदा सत्तागठबन्धनको मत ट्रान्सफर हुन नसकेको हो।

इलाम १ मा ०५६ बाहेकका सबै चुनावमा एमालेबाट निर्वाचित भएका झलनाथ खनाल यसपटक एकीकृत समाजवादीबाट सत्तागठबन्धनका उम्मेदवार छन्। स्थानीय चुनावमा वडाध्यक्षहरूले पाएको मत हेर्दा यसपटक पनि उनी बलिया देखिन्थे। कांग्रेसको २५ हजार ७७२, समाजवादीको ९ हजार ४८१ र माओवादीको १ हजार २३५ सत्ता जोड्दा गठबन्धनको कुल मत ३८ हजार ३१७ पुग्छ।

तर, जारी मतगणनामा २६ हजार २३३ मत मात्रै रहेको एमालेका उम्मेदवार महेश बस्नेतले २ हजारभन्दा बढी मतान्तरले पछाडि पारेका छन्। गठबन्धनभित्रकै अन्य दलहरूको मत ट्रान्सफर हुन नसक्दा यहाँ उनकै सहकर्मी बस्नेतले जित्ने सम्भावना बढेको छ। मंगलबार मध्यरातसम्मको मतगणनामा यहाँ बस्नेतको १० हजार २८७ मत हुँदा खनालको ८ हजार ७८० छ।

०७४ मा राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले १६ हजार २२८ मतान्तरसहित कांग्रेसका गोविन्दराज पोखरेललाई हराएकी थिइन्। तर, यसपटक सत्तागठबन्धनबाट प्युठानमा उम्मेदवार रहेकी उनलाई एमालेका उम्मेदवार सूर्य थापाले तीन हजारभन्दा बढी मतले पछाडि पारिरहेका छन्। स्थानीय तहको वडाध्यक्षको मतअनुसार यहाँ सत्तागठबन्धनको मत ५० हजार ८०२ छ भने एमालेको ३९ हजार ८७७ छ। जसअनुसार एमालेभन्दा सत्तागठबन्धन ११ हजार मतले अगाडि देखिन्छ। तर, गठबन्धनका अन्य दलको भोट ट्रान्सफर हुन नसक्दा यहाँ एमालेका थापाले उनलाई पछाडि पारिरहेका छन्। सोमबार मध्यरातसम्म १२ बजेसम्मको मतगणना अपडेटमा थापाको मत ११ हजार ६९१ हुँदा पौडेलको मत ९ हजार ४४५ छ।

**बागमती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कर्मैया, सर्लाही

**बोलपत्र संशोधन बारेको सूचना**

संशोधित सूचना प्रकाशन मिति : २०७९/०८/०७

यस नगरपालिकाले मिति २०७९/०७/०६ मा आह्वान गरेको बोलपत्र **BM/WORKS/NCB/03/2079/080: Construction of blacktopped road in Bagmati Muncipilaity ward no. 12, 11, 4** मा आम निर्वाचनको कारणले बोलपत्र बुझाउने र खोल्ने म्यादमा संशोधन गरिएको व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ। संशोधित विवरण **bolpatra.gov.np.egp** र यस नगरपालिकाको **website** मा हेर्न सकिने छ।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

**निक्षेप हकदावी सम्बन्धी सूचना**

का.जि.का.म.न.पा वडा नं. २४ इन्द्रचोक बस्ने कृष्ण प्रसाद गिरीको नाति विश्म्भर प्रसाद गिरीको छोरा राजेन्द्र प्रसाद गिरीको मिति २०७७/०४/१९ मा मृत्यु भएकोले निजले यस वित्तीय संस्थाको शाखा कार्यालय डिल्लीबजारमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकोमा यस संस्थामा मृतकको नजिकको हकदार का.जि.का.म.न.पा वडा नं. २४ इन्द्रचोक बस्ने पार्वती गिरिले यस संस्थामा मिति २०७९/०७/२८ मा निवेदन दिएको हुनाले निज खातावालको नाममा रहेको बचत खाताको रकम दिलाई पाउँ भनि सम्पूर्ण प्रमाण समेत संलग्न गरी यस वित्तीय संस्थामा निवेदन दिनु भएकोले अन्य कुनै हकवालाहरुको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनुहोला। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने तथा निवेदकको माग दावी बमोजिम बचत खातामा रहेको सम्पूर्ण रकम भुक्तानी गरिने ब्यहोरा सम्बन्धित सबैका जानकारीका लागि सूचित गरिन्छ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोन: ४४४४०३९, फ्याक्स: ४४४३४१४
इमेल: info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## ७ सिटसहित...

पृष्ठ १ बाट क्रमशः

मत प्राप्त गरी विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी माओवादीका कृष्णकुमार चौधरीले १७ हजार ७४९ मत पाए।

**प्रदेश सभाको १५ सिटको नतिजा : कांग्रेस पहिलो, एमाले दोस्रो**

मंगलबार राति अबेरसम्म प्रदेश सभा निर्वाचनको १५ सिटको अन्तिम नतिजा आएको छ। जसअनुसार कांग्रेसले ८, एमालेले २, जनमत पार्टीले २, माओवादी केन्द्रले १, राप्रपाले १ र स्वतन्त्रले १ सिट जितेका छन्।

कांग्रेसले प्रदेश १ मा १, मधेसमा १, बागमतीमा २ र गण्डकीमा ४ सिट जितेको छ। एमालेले बागमतीमा २ सिट जितेको छ भने जनमत पार्टीले मधेस प्रदेशमा २ सिट जितेको छ। त्यस्तै, राप्रपाले बागमतीमा १ र स्वतन्त्रले लुम्बिनी प्रदेशमा १ सिट जितेको छ।

कांग्रेसबाट मोरङ ५ (क)मा गयानन्द मण्डल गनगाईंले १४ हजार ८४३ मत प्राप्त गरेका छन्। निकटतम प्रतिद्वन्द्वी एमालेका सन्तोषकुमार साहले ९ हजार ४०२ मत पाएका छन्। पर्सा ४ (क)बाट शंकरप्रसाद चौधरी १२ हजार १५४ मतसहित विजयी भएका छन् भने प्रतिद्वन्द्वी जयप्रकाश थारूले १० हजार ४३८ मत पाएका छन्। काठमाडौं ३ (क) बाट छिरिङदोर्जी लामा ४ हजार ५५८ मत प्राप्त गरी विजयी भएका छन्।

त्यस्तै, ललितपुर १ (ख)बाट मीनकृष्ण महर्जन १३ हजार ३७८ मतसहित तथा ललितपुर २ (ख)बाट रामकृष्ण चित्रकार ६ हजार ९९५ मत प्राप्त गरी विजयी भएका छन्। बाग्लुङ १ (क)बाट डिल्लीराम सुवेदी १३ हजार ३२० मत प्राप्तगरी विजयी भए। उनका प्रतिद्वन्द्वी एमालेका नवराज पौडेलले ७ हजार २५३ मत प्राप्त गरेका छन्। यसअघि कांग्रेसबाटै मनाङ (क)बाट मुनिन्द्रजंग गुरुङ, मुस्ताङ (क)बाट नुम्डु गुरुङ तथा मुस्ताङ (ख)बाट विकल शेरचन निर्वाचित भएका थिए।

एमालेबाट ललितपुर १ (क)मा मधुसूदन पौडेल १२ हजार २९९ मत प्राप्त गरी विजयी भएका छन्। त्यस्तै, ललितपुर २ (क)बाट एमालेका रामेश्वर श्रेष्ठ ८ हजार २९८ मत प्राप्त गरी विजयी भएका छन्। त्यस्तै, जनमत पार्टीबाट सप्तरी २ (क)मा सतिशकुमार सिंह १६ हजार ७३४ मत ल्याएर विजेता बनेका छन्। सप्तरीकै २ (ख)बाट महेशप्रसाद यादवले १३ हजार ३५ मत प्राप्तसहित जित निकालेका छन्।

म्याग्दी (ख)मा माओवादीबाट रेशमबहादुर जुग्जाली ९ हजार ४५४ मत ल्याई विजयी भएका छन्। उनका प्रतिद्वन्द्वी एमालेका यामबहादुर गर्वुजाले ९ हजार ३५३ मत पाएका छन्। त्यस्तै, काठमाडौं २ (क) मा राप्रपाबाट सुनील केसी ६ हजार ५९८ मत प्राप्त गरी विजयी भएका छन्।

त्यस्तै, रुकुम पूर्व (क)बाट स्वतन्त्र उम्मेदवार सरुल पुन ४ हजार ४६५ मत ल्याएर विजयी भएका छन्। प्रतिद्वन्द्वी माओवादीका तेजबहादुर ओलीको ३ हजार ९३२ मत आएको छ।

प्रदेश सरकार
भौतिक पूर्वाधार शहरी बिकास तथा यातायात ब्यबस्था मन्त्रालय
पूर्वाधार बिकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०७९/०८/०७)

यस कार्यालयबाट मिति २०७९/०६/३० मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार E-GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक तथा आर्थिक परीक्षणबाट तपसिलमा उल्लिखित बोलपत्र न्यूनतम मुल्याङ्कित तथा सारभुतरूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| S. No | Name Of Work | Contract ID | Bidder | Bid Amount, Including VAT |
|---|---|---|---|---|
| 1 | Rehabilitation and RCC of Kot Chhamari- Deurali Road & Rehabilitation of Bhatkhane Danda-Chhamari Deurali Road | IDOBAGLUNG/NCB/W/R/05/2079-080 | J.C.G/P.K. J/V, Tarakhola Rural Municipality-02, Baglung | 38,49,073.70 |
| 2 | Rehabilitation of Kholakharka-Chawa -Tinchuile & Dodadi - Nagbeli - Myagdi Road | IDOBAGLUNG/NCB/W/R/06/2079-080 | Ghumte Construction, Tarakhola Rural Municipality-04, Baglung | 53,08,923.48 |
| 3 | Construction of Mapesh-Aauladi-Thulo Hile-Sipa Road & Karimela-Nangi Road | IDOBAGLUNG/NCB/W/R/07/2079-080 | J.C.G/P.K. J/V, Tarakhola Rural Municipality-02, Baglung | 27,56,738.52 |
| 4 | Construction of RCC Road Along House of Janak Thapa-Suspended Bridge-Pabi Shahani House, Galkot-07, Baglung | IDOBAGLUNG/NCB/W/R/08/2079-080 | Bishnu Nirman Sewa, Galkot, Baglung | 17,66,650.66 |
| 5 | Construction of Pandavkhani-Ramuwa Road (At Ramuwa), Galkot-10 | IDOBAGLUNG/NCB/W/R/09/2079-080 | Shubihan Construction, Kathekhola-07, Baglung | 28,32,314.95 |

कार्यालय प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय, गुल्मी

**आर्थिक प्रस्ताव खोलिने बारेको सुचना**

प्रथम पटक प्रकाशित मितिः-२०७९।०८।०७

प्रहरी चौकी नयाँगाँउ ,गुल्मीको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति २०७९।०६।०४ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आह्वावान सम्बन्धी सुचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोलि मुल्याङ्कन समिति द्वारा मुल्याङ्कन पश्चात तपसिलबमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ तथा ऐ. नियमावलीको नियम ३१ङ (५) अनुसार आर्थिक प्रस्ताव यहि २०७९।०८।१४ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि तथा उपस्थितिको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिल:-

| निर्माण कार्य: | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु: |
|---|---|
| Construction of Office cum Barrack, Mess, Toilet, Hawa Ghar and Retaining Wall at Police Post Office Nayagaon, Gulmi (IFB no: RB/NCB/PP-NAYAGAON/079-80) | 1. Ishaan Construction,Pyuthan-06 Nepal<br>2. Arjun Builders and Construction Pvt.Ltd.Resunga-10,Gulmi<br>3. I.S. Nirman Sewa Pvt.Ltd. Bidur-5, Nuwakot |

## फ्रेबुअरी १० मा कार्तिक आर्यनको 'शेहजादा'

बलिउड अभिनेता कार्तिक आर्यन अभिनीत चलचित्र 'शेहजादा'को टिजर सार्वजनिक भएको छ। टिजरमा कार्तिक र कृति सेननलाई देख्न सकिन्छ। फिल्ममा कार्तिक र कृतिसँगै मनीषा कोइराला, परेश रावल, रोनित रोय, सचिन खेडेकरलगायत कलाकारको अभिनय छ। रोहित धवन निर्देशित फिल्म फ्रेबुअरी १० देखि प्रदर्शनमा आउनेछ।





## ऋचाले जितिन् अस्ट्रेलियामा अवार्ड

अस्ट्रेलियामा आयोजित 'टाइटन फिल्म फेस्टिभल'मा अभिनेत्री ऋचा शर्माले उत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी छिन्। सर्ट फिल्म 'ब्लड मनी'का लागि उनले अवार्ड जितेकी हुन्। यस फिल्मलाई अशोककुमार तिमल्सिनाले लेखन तथा निर्देशन गरेका हुन्।

# अनुहारमा एलर्जी हुन नदिन ...





**डा. रूपक घिमिरे**
छालारोग विशेषज्ञ

- घरबाहिर निस्कँदा बडीलोसन, सनस्क्रिन क्रिमको प्रयोग गर्नुपर्छ। जसकारण घामले छाला डढ्ने समस्याबाट जोगाउन सक्छ।
- अनुहारको छालाको सुरक्षाका लागि सनग्लास र मास्क प्रयोग गर्नुपर्छ। सकेसम्म घरबाट बाहिर निस्कँदा छाता प्रयोग गर्दा छाला डढ्नबाट जोगिन्छ।
- हामीले सनस्क्रिन लगाउने तरिका पनि जान्नुपर्छ। हामी घरबाट निस्कने वेला मात्रै सनस्क्रिन लगाउँछौँ। तर, घरबाहिर निस्किनुभन्दा १५ मिनेट पहिले सनस्क्रिन लगाउनुपर्छ। हामीले दुई-तीन घन्टा घरबाहिर भएपछि फेरि सनस्क्रिन लगाउनुपर्छ। यसो गर्दा छाला जोगिन्छ।
- आफ्नो छाला कस्तो प्रकारको हो भन्नेबारे चिकित्सकसँग परामर्श लिएर मात्रै सनस्किन क्रिम र लोसन प्रयोग गर्दा राम्रो हुन्छ।
- शरीर नुहाएपछि मस्चराइजर क्रिम लगाउनुपर्छ। कतिपयको बाहिरबाट आउँदा अनुहारमा मात्रै पानी हाल्ने चलन हुन्छ। तर, शरीर नुहाएपछि मस्चराइजर क्रिम लगायो भने फाइदा गर्छ।
- राति सुत्ने वेला अनिवार्य मस्चराइज क्रिम लगाउनुपर्छ।

# जाडोमा यस्ता पहिरनले देखाउँछ महिलालाई स्टाइलिस

फेसन टिप्स



**नवीन लुइँटेल**
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब



■ **फलाटिन** : फलाटिनको कपडाले पनि न्यानो बनाउँछ। हेर्दा उलनजस्तो देखिने भएकाले स्टाइलिस पनि देखिन्छ। प्रायः कार्यालय वा औपचारिक कार्यक्रममा जाँदा फलाटिनको सर्ट मानिसहरूको रोजाइमा पर्छ। दिउँसोको समयमा ब्लेजर वा कोटभित्र यसलाई लगाउँदा हुन्छ। तर, अति चिसोमा यसले प्रभावकारी काम दिँदैन।

■ **टर्टल नेक स्वेटर** : अहिले टर्टल नेक स्वेटर निकै ट्रेन्डिङमा छ। सेलेब्रिटीदेखि आममहिलाहरू स्टाइलिस देखिनका लागि यस्तो स्वेटर लगाउन रुचाउँछन्। टर्टल नेक स्वेटर लगाउँदा न्यानो पनि हुन्छ। जिन्स पाइन्ट वा स्कर्टमा म्याच गरेर लगाउँदा यसले तपाईंलाई सानदार लुक्स दिन्छ।

■ **कास्मिरी पस्मिना** : शारीरिक रूपमा मोटा युवतीका लागि यो उपयुक्त हुन्छ। यसलाई ओड्दा शरीर ढाकिने भएकाले न्यानो दिन्छ। अर्कोतर्फ, तपाईंलाई हल्का स्लिम पनि देखाउँछ। हुन त नेपाली पस्मिना पनि राम्रै हुन्छ। तर, यो एकातर्फ महँगो पर्न जान्छ भने अर्कोतर्फ बजारमा पनि कम पाइन्छ। कास्मिरी पस्मिना भने केही सस्तोमा पाइन्छ।

■ **ओभरकोट लुक्स** : जाडोमा स्टाइलिस र कम्फर्टेबल लुक्सका लागि तपाईंले जिन्स या ट्राउजरसँग म्याच गरेर खुकुलो स्वेटर प्रयोग गर्न सक्नुहुन्छ। त्यसपछि स्वेटरमाथि लामो ओभरकोट (घुँडासम्म आउने) लगाउन सक्नुहुन्छ। यो लुक्समा महिलालाई निकै कुल र आकर्षक देखिन्छ।

■ **पफर ज्याकेट** : अति चिसो हुँदा पफर ज्याकेटले जोगाउँछ। त्यस्तै, यसले स्टाइलिस लुक्स पनि दिन्छ। पफर ज्याकेटलाई जिन्स पाइन्ट र बुटसँग लगाउँदा राम्रो देखिन्छ। कालो रङको पफर ज्याकेटसँग सेतो रङको टिसर्ट र निलो रङको जिन्स म्याच गर्छ। यो ज्याकेट स्लिम, फिट र मिडियम वेट भएकालाई सुहाउँछ।

■ **टोपी** : जाडोमा धेरैजसो ऊनी वा फरका टोपी नै प्रयोग हुन्छ। धेरै जाडोमा जाँदा फेस कभर गर्ने टोपी लगाउँदा राम्रो हुन्छ। यदि जाडो धेरै छैन भने कलर कम्बिनेसन गरेर हल्का खालका कान छोप्ने टोपी लगाउँदा राम्रो देखिन्छ। महिलालाई विशेषगरी टाउकोपछाडि झर्ने खालको टोपीमा राम्रो देखिन्छ।

# छोरालाई विश्व च्याम्पियन बनाउन चाहन्छन् आर माधवन

धेरैजसो फिल्म अभिनेताले आफ्ना बच्चालाई अभिनेता, मोडल, निर्देशक वा निर्माता बनाउने चाहना राखेको देखिन्छ। तर, बलिउड अभिनेता आर माधवन यस मामिलामा फरक छन्। उनी आफ्नो छोरालाई स्विमिङ च्याम्पियन बनाउन चाहन्छन्। खासमा यो उनका छोराले नै देखेको सपना हो। त्यही कारण छोराको सपना पूरा गर्नका लागि सक्दो सहयोग गर्छन्। उनका छोरा वेदान्त डेनिस ओपनमा गोल्ड मेडल जितेर खेलकुद क्षेत्रमा आफ्नो नाम राखिसकेका छन्। जसकारण सामाजिक सञ्जालमा पनि उनको निकै प्रशंसा भइरहेको छ।

माधवन भन्छन्, 'हरेक माता-पिताले बच्चाको पढाइसँग कुनै सम्झौता गर्न चाहँदैनन्। तर, यदि तपाईंको बच्चा कुनै खेलमा निकै राम्रो छ र उसले राज्य वा राष्ट्रियस्तरमा खेल्ने मौका पाइरहेको छ भने उसलाई रोक्नुको साटो साथ दिनुपर्छ। किनकि, यही खेलले उसलाई अघि बढाउन सक्छ।'

बच्चालाई खेल खेल्नबाट वञ्चित गर्नुको साटो अलग-अलग खेल खेल्न दिनुपर्ने उनको तर्क छ।



'यसरी फरक-फरक खेल खेलाउँदा उसले आफूलाई मन पर्ने खेल पत्ता लगाउँछ। अनि, त्यसैमा मिहिनेत गर्न थाल्छ,' उनले भने, 'बच्चालाई आफ्नै उमेरका साथीहरूसँग खेल्न दिनुपर्छ। यसबाट बच्चा शारीरिक रूपमा मात्रै होइन, मानसिक रूपमा पनि बलियो हुन्छ। एक्लोपन, आलस्यलगायत धेरै समस्याबाट टाढा रहन्छ।'

बच्चालाई टिभीमा खेल हेर्न दिएर तथा खेलका नियम सिकाएर यसमा प्रेरित गर्न सकिने उनी बताउँछन्।


## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कलैया, बारा**
**मधेश प्रदेश (नेपाल)**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०७९/०८/०७)

यस कलैया उपमहानगरपालिकाको मिति २०७९/०६/०४ गतेको The Kathmandu Post मा प्रकाशित बोलपत्र (e-bidding) आह्वानको सूचना अनुसार रितपूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम न्यूनतम मूल्याङ्कित तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्याङ्कन समितिको मिति २०७९/०८/०६ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|---|
| १ | KSMC/Health/NCB/GOODS/01-079/80 | Medicine Purchasing and delivery for free distribution | Medigold International Pvt.Ltd. | भक्तपुर | रु. ६१,८६,३९८.५७ |

**प्रमुख प्रशासकीय अधिकृत**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

### गैर बैकिङ्क सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०७९/०८/०७ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर बैकिङ्ग सम्पत्ति (घर/जग्गाहरू) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

तपसिल

**गैर बैकिङ्ग सम्पत्तिको विवरण**

**शाखा कार्यालय भरतपुर, चितवन : ०५६-५३३२४०/४१**

१. प्राइम कमर्सियल बैंक लि. को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहको चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं.-१२ (साविक पन्चकन्या गा.वि.स - २) को कि.नं. १६६, १२०९, र १२११ को क्षेत्रफल क्रमशः ०-५-१-०, ०-५-१०-०, र ०-१२-१-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।
२. प्राइम कमर्सियल बैंक लि. को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहको चितवन जिल्ला, कालिका नगरपालिका वडा नं.-९ (साविक जुटपानी गा.बि.स. - १ ङ) को कि.नं. १३ र १४ को क्षेत्रफल क्रमशः ०-११-१५.७५-० र ०-१७-६.७५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।
३. प्राइम कमर्सियल बैंक लि. को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं.-१ (साविक चैनपुर गा.बि.स. - ४ ख ) को कि.नं. ५०७ को क्षेत्रफल ०-१२-१५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।
४. प्राइम कमर्सियल बैंक लि. को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.बि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १७९ को क्षेत्रफल ०-९-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**गैर बैकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०७९/०८/०७ गते बुधवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी तथा शाखा कार्यालय भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै गैर बैकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०७९/०८/२१ गते बुधवार कार्यालय समय भित्र शाखा कार्यालय भरतपुर, चितवनमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मति २०७९/०८/२२ गते बिहीवार सार्वजनिक विदा परेकाले मिति २०७९/०८/२३ गते शुक्रवार दिउँसो १:०० बजे शाखा कार्यालय भरतपुर, चितवनमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर बैकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय भरतपुर, चितवनबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. गैर बैकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।



## ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लिखित ऋणी कम्पनीले यस बैंकले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेडको खैरहनी, चितवन स्थित शाखा कार्यालय मार्फत प्राप्त गरेको ऋणकर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले **३५ (पैत्तिस)** दिनभित्र बैंकको सम्बन्धित शाखामा सम्पर्क राखी ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज आदि रकम अबिलम्ब चुक्ता भुक्तान गर्नुहोला। अन्यथा, प्रचलित कानून तथा बैंक नियमानुसार धितो लेखिदिएको चल अचल सम्पतिहरु कब्जा गरी, लिलाम विक्री गरी र/वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै नियमानुसार ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरु समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा **कालो सूचिमा सूचिकृत** गर्न समेत लेखि पठाईने र ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको हक लाग्ने अन्य सम्पत्ति समेतबाट बैंकको लेना रकम असुल उपर गर्न सकिने समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी कम्पनी, कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना: | धितोमा रहेको घर/जग्गाको विवरण |
|---|---|
| **ऋणी कम्पनी :** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०४/२० मा दर्ता नं. १७२५००/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री मनकामना पोल्ट्रि फिड मिल्स एण्ड ह्याचरी प्रा. लि.।**<br>**ठेगाना :** चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ८, पर्सा ।<br>**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरु:**<br><br>१. जगत वहादुर बिसुरालको नाति गुण वहादुर बिसुरालको छोरा चितवन जिल्ला साविक चैनपुर गा.वि.स. वडा नं. ३ ठेगाना भएका **श्री चित्र वहादुर बिसुराल ।**<br><br>२. शिव कुमार दुलालको छोरी गुण वहादुर बिसुरालको बुहारी चित्र वहादुर बिसुरालको श्रीमती चितवन जिल्ला साविक चैनपुर गा.वि.स. वडा नं. ३ ठेगाना भएकी **श्रीमती लक्ष्मी बिसुराल।**<br><br>३. गुण वहादुर बिसुरालको नाति चित्र वहादुर बिसुरालको छोरा चितवन जिल्ला खैरहनी न.पा. २ ठेगाना भएका **श्री प्रज्वल बिसुराल।**<br><br>४. जगत वहादुर बिसुरालका नातिनि गुण वहादुर बिसुरालको छोरी कृष्ण वहादुर बानियाँको श्रीमती चितवन जिल्ला साविक मंगलपुर गा.वि.स. वडा नं. ४ ठेगाना भएकी **श्रीमती सन्धया (बिसुराल) बानियाँ।** | **श्री मनकामना पोल्ट्रि फिड मिल्स एण्ड ह्याचरी प्रा. लि.** को नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक विरेन्द्रनगर गा.वि.स. वडा नं.८ स्थित कित्ता नं. क्रमशः ४३० र ६७९ को क्षेत्रफल क्रमशः ७०२६.५८ र ३०६५.९५ विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# इतिहासकै निराशाजनक निर्वाचन

## आमजनता र राजनीतिक दलका इमानदार कार्यकर्ताका लागि यो निर्वाचन इतिहासकै सबैभन्दा निराशाजनक साबित भएको छ



● लोकेश ढकाल

अग्रलेख

यही ४ मंसिरमा सम्पन्न संघीय एवं प्रदेश संसद्का लागि भएको निर्वाचनलाई नेपालको निर्वाचन इतिहासकै सबैभन्दा निराशाको निर्वाचन भयो भनियो भने अन्यथा हुँदैन। निर्वाचनप्रति आमजनतामा कुनै उत्साह थिएन। चुनावमा खटिएका राजनीतिक दल, अझ विशेष गरी सिद्धान्तहीन गठबन्धनका कारण दलका कार्यकर्तामा समेत कुनै उत्साह थिएन। पार्टी अनुशासन र नैतिकताका कारण आफ्नो पार्टीको चुनाव चिह्न नभए पनि पार्टीको कार्यकर्ता हुनुको नाताले मन लागीनलागी निर्वाचनमा सरिक थिए उनीहरू, तर मनैदेखि चुनाव अभियानमा सक्रिय थिएनन्। स्वतन्त्र पार्टीसहित केही नयाँ दल र स्वतन्त्र उम्मेदवारका पक्षमा खटिनेहरूमा भने चर्को उत्साह देखिन्थ्यो।

०३७ सालमा भएको जनमतसंग्रहमा विद्यार्थीकालमा नै बहुदलीय व्यवस्थाको पक्षमा खटिएर प्रत्यक्ष चुनावको पहिलो अनुभव गर्ने मौका पाएको यो पंक्तिकारले पञ्चायतकालका पछिल्ला दुईवटा राष्ट्रिय पञ्चायत र दुईवटा गाउँ तथा नगरपञ्चायतको निर्वाचन देख्यो-भोग्यो। दुइटै राष्ट्रिय पञ्चायतको चुनाव र ०३९ सालमा भएको गाउँ तथा नगरपञ्चायतको चुनावलाई तत्कालीन प्रतिबन्धित नेपाली कांग्रेस (प्रनेका)ले सक्रिय रूपमा बहिष्कार गरेको हुनाले कांग्रेसी कार्यकर्ता हुनुको नाताले ती चुनावमा मेरो सक्रिय सहभागिता रहेन, निर्दलीय चुनाव बहिष्कार भन्दै हिँडियो। तर, ०४३ सालको चैत महिनामा सम्पन्न गाउँ तथा नगरपञ्चायतको चुनावमा प्रनेकाले प्रजातान्त्रिक आन्दोलनकै तहमा 'आउटपोस्ट' कब्जा गर्ने रणनीतिमुताबिक भाग लिएकाले चुनावमा सक्रिय सहभागिता रहेको थियो। जुन चुनावमा काठमाडौं नगरपञ्चायतमा हरिबोल भट्टराई प्रधानपञ्च र तीर्थराम डंगोल उपप्रधानपञ्चमा निर्वाचित भएका थिए।

०४६ सालमा सम्पन्न जनआन्दोलनको सफलताको परिणाम देशमा बहुदलीय व्यवस्था पुनर्स्थापनापछिको ०४८ सालमा सम्पन्न पहिलो आमनिर्वाचनमा जनता एवं राजनीतिक दलका कार्यकर्तामा ठूलो उत्साह थियो। त्यसवेला दलहरूमा उच्च नैतिक छवि भएका नेता थिए। दलप्रति आमजनतामा अपार आस्था थियो। तर, बिस्तारै राजनीतिक दलहरू शासन गर्न असफल बन्दै गएपछिका निर्वाचनमा जनतामा क्रमशः दल र तीनको नेतृत्वप्रति निराशा बढ्दै जान थाल्यो। तथापि, देशमा ०५१ को मध्यावधि निर्वाचन, ०५६ को आमनिर्वाचन हुँदै ०६४ र ०७० मा भएका दुईवटा संविधानसभा निर्वाचन सम्पन्न भए। संविधान जारी भएपछिको एउटा संघ तथा प्रदेशको निर्वाचन र दुईवटा स्थानीय तहका निर्वाचनपछि हालै सम्पन्न संघीय संसद् र प्रदेश संसद्को निर्वाचन विगतका सबै निर्वाचनको तुलनामा सबैभन्दा निराशाको निर्वाचन साबित भएको छ। यति निराशाको निर्वाचन सायद शाहीकालमा पनि थिएन।

निर्वाचन आयोगले प्रत्यक्षतर्फको मतगणना तीन दिनमा सक्ने लक्ष्य राखे पनि यी पंक्ति लेख्दै गर्दासम्म सबै क्षेत्रको मतगणना प्रारम्भसम्म भएको छैन। जति क्षेत्रमा मतगणना र विजयी भएका नतिजा सार्वजनिक भइरहेको छ, त्यसले निर्वाचनमा प्रकट भएको जनमतको रुझानलाई हेरेर केही अनुमान र विश्लेषण गर्न सकिन्छ।

मतगणनाको अहिलेसम्मको रुझान नियाल्दा आगामी संसद्मा कांग्रेस पहिलो पार्टी बन्छ भनेर अनुमान गर्न गाह्रो छैन। प्रत्यक्षतर्फ कांग्रेसले आठ-दश सिट बढी जिते पनि यो चुनावमा समानुपातिक सिटमा कांग्रेसलाई धक्का लाग्न सक्ने सम्भावनाले कांग्रेसको साटो एमाले नै पहिलो बन्ने सम्भावना पनि त्यत्तिकै छ। आज यी पंक्ति लेख्दैगर्दासम्मको नतिजाका आधारमा कांग्रेस र एमालेमध्ये यो पार्टी नै पहिलो हुनेछ भने ठोकेर भन्न सक्ने अवस्था देखिन्न। यतिचाहिँ तोकेरै भन्न सकिन्छ, यी दुई पार्टीमध्ये एउटा पहिलो अर्को दोस्रो पार्टीचाहिँ अवश्य नै बन्नेछन्।

एक युवा पत्रकारको अगुवाइमा केही महिनाअघि मात्र गठन भएको र यो निर्वाचनमा पहिलोपटक 'डेब्यु' गरेको राष्ट्रिय स्वतन्त्र पार्टी सबैलाई चकित पार्दै तेस्रो वा चौथो शक्तिका रूपमा राष्ट्रिय पार्टीको मान्यतासहित संसद्मा प्रवेश गर्दै छ। माओवादी केन्द्र कांग्रेसको टेको टेकेर गत स्थानीय चुनावमा तेस्रो शक्ति बनेको थियो। कांग्रेससँग गला जोडेपछि संसद्मा पनि तेस्रो शक्तिको रूपमा उदय हुने र सरकार गठनमा आफू नै निर्णायक हुने दाउमा रहेका प्रचण्ड नेतृत्वको माओवादी संसद्मा तेस्रो या चौथो जुन पोजिसनमा आए पनि उनको राजनीतिक शक्ति पहिलेभन्दा क्षीण हुने अवस्था देखिँदै छ भने गत वर्ष मात्र एमाले फुटेर बनेको एकीकृत समाजवादीले संसद्मा केही सिट जिते पनि राष्ट्रिय पार्टीको मान्यता पाउन नसक्ने अवस्था देखियो। राप्रपा केही थप शक्ति आर्जनसहित राष्ट्रिय पार्टीको रूपमा संसद्मा उपस्थित हुँदै छ। यो निर्वाचनले मधेसकेन्द्रित दललाई सबैभन्दा नराम्रो धक्का दिएको छ।

यो निर्वाचनका माध्यमबाट आमजनताले कांग्रेससहितका सत्तारूढ दलको सिद्धान्तहीन चुनावी गठबन्धनलाई जोरलात्ती हानेको प्रस्ट देखियो। सत्तारूढ दलका नेताहरूले बारम्बार जनतासँग गठबन्धनमा रहेका दललाई मतदान गर्न आह्वान गरे पनि जनताले त्यसअनुरूप भोट हालेनन् र एकअर्का पार्टीको भोट एकअर्कामा ट्रान्सफर पनि भएन। जनताले गठबन्धनको आदेशलाई अवज्ञा गरेकै कारण राप्रपा, स्वतन्त्र पार्टी र स्वतन्त्र उम्मेदवारलाई राजनीतिक लाभ भयो, त्यसैको परिणाम स्वतन्त्रसहित नयाँ एवं साना दलहरूको संसद्मा उल्लेख्य उपस्थिति हुने भयो।



सामान्य ढंगले हेर्दा यो निर्वाचनमा गठबन्धनबाट सबैभन्दा बीढ लाभ कांग्रेसलाई नै देखिएको छ, किनभने एकातर्फ ऊ संसद्मा सबैभन्दा ठूलो दलका रूपमा उपस्थित हुने सम्भावना देखिँदै छ भने ०७४ को निर्वाचनको तुलनामा निकै सिट जित्दै छ। कांग्रेससँग चुनावी गठबन्धन गरेर सानदार ढंगले संसद्मा तेस्रो या चौथो दलका रूपमा उपस्थितिको सपना देखेका माओवादी केन्द्रले गठबन्धन गरेर पनि चुनावमा धोका पाएको प्रस्ट देखिएको छ। उनीहरू उठेको ठाउँमा कांग्रेसको परम्परागत मत उनीहरूको पक्षमा खसेको देखिएन। यथार्थमा कांग्रेसले लिड गरिरहेको संख्यालाई हेर्दा ०७४ निर्वाचनको तुलनामा निकै ठूलो संख्यामा संघीय संसद्का सिट जितेको देखिए तापनि त्यत्रो तामझामका साथ गठबन्धन गरेका आधारमा कांग्रेसले आशा गरेअनुसारको सिट जित्न सक्नेचाहिँ देखिन्न। माओवादीलगायतका दलसँग सिद्धान्तहीन गठबन्धन गरेर राजनीतिक रूपले सबैभन्दा ठूलो धक्का कांग्रेसलाई परेको छ भन्नेतर्फ भने कसैको ध्यान गएको देखिन्न।

> निर्वाचनमा मत दिन नजानु, कम मत खस्नु, ठूला दलको विकल्प खोज्नु, यो निर्वाचनका माध्यमबाट नेपाली जनताले गरेको एकप्रकारको 'सफ्ट' विद्रोह हो

कांग्रेस देशको प्रमुख प्रजातान्त्रिक शक्तिमात्र थिएन, यो देशको प्रमुख र सबैभन्दा पुरानो राष्ट्रिय शक्ति पनि हो। तर, यो यथार्थलाई आत्मसात् गरेर कांग्रेसले राजनीति गर्न सकेन या जानेन। इतिहासबाट कांग्रेसले आर्जन गरेको प्रजातान्त्रिक एवं राष्ट्रिय शक्तिका आधारमा देशको राष्ट्रिय राजनीतिको गार्जियन्सिप निर्वाह गर्नबाट चुक्दै आएको कांग्रेसले यो निर्वाचनमा पनि सत्तास्वार्थमा लागेर सिद्धान्तहीन चुनावी तालमेल गरेर त्यो हैसियत गुमाएको छ। कांग्रेसले प्रचण्ड र माधव नेपालको राजनीतिक स्वार्थमा चुनावी तालमेल गरेर लामो राजनीतिक जीवनको प्रमुख प्रतिस्पर्धी दल एमालेप्रति त्यतिबिघ्न शत्रुता गर्न आवश्यक थिएन। सरकारमा रहेका सहयात्री दलहरूलाई मनाएर तालमेल नगरी मित्रवत् चुनावी प्रतिस्पर्धामा गएको भए कांग्रेसले १६५ निर्वाचन क्षेत्रमै आफ्ना उम्मेदवार उठाउन सक्थ्यो। यसबाट पार्टीमा यति धेरै निराशा र विद्रोहको सामना गर्नु पनि पर्दैनथ्यो, सिद्धान्तहीन तालमेल नगर्दा निर्वाचनको शुद्धता पनि कायम रहन्थ्यो। यसले प्रजातन्त्रलाई पनि थप बलियो बनाउँथ्यो भने निश्चय नै कांग्रेसले प्रत्यक्ष र समानुतिक दुवैतर्फ अहिलेभन्दा निकै बढी सिट जित्न सक्थ्यो।

राजनीतिक रूपमा भर्खर गठन भई पहिलोपटक चुनावमा डेब्यु गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको सफलतालाई अभूतपूर्व मान्नुपर्छ। मेरो दृष्टिकोणमा यो निर्वाचनमा एमालेले पाएको सफलता पनि कम्ता होइन। निर्वाचनको परिणामले यो पार्टी अरूभन्दा बलियो र संगठित देखियो। एक वर्षअगाडि पार्टी फुटेको थियो। सत्तारूढ दलको पाँचदलीय गठबन्धन ओली र एमालेविरूद्धै खडा भएको थियो। चुनावी गठबन्धनको उद्देश्य नै ओली र एमालेलाई कमजोर बनाउने दिशामा लक्षित थियो। यो अवस्थामा एमाले ल्याएको सफलता कम आँक्न हुँदैन। कांग्रेसले माओवादीजस्तो अराजक र हिंसावादी दलसँग गला मिलाएर ओलीसँग चाहिनेभन्दा बढी शत्रुता मोलेको प्रसंगलाई आममतदाताले रुचाएका थिएनन्। यसकारणले पनि कांग्रेसको पक्षमा भोट घटेको विषयलाई कांग्रेस नेतृत्वले नजरअन्दाज गर्नेछ भन्नेमा शंका छैन।

राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, अन्य साना दल र स्वतन्त्र उम्मेदवारले मत बढाउनु भनेको ३२ वर्षदेखि राजनीति गर्दै आएका कांग्रेस, एमालेलगायतका दल र ०६३ देखि दशवर्षे हिंसाको राजनीति छोडेर शान्तिपूर्ण राजनीतिमा आएर नेपाली राजनीतिमाथि रजगज गर्दै आएको माओवादीका लागि सबैभन्दा ठूलो चुनौती हो। ३२ वर्षदेखि संग्रह हुँदै आएको भ्रष्टाचार, कुशासन र अकर्मण्य नेतृत्वको परिणामस्वरूप जनतामा भएको चरम निराशा नै निर्वाचनको नतिजा हो। निर्वाचनमा मतदाताले मत दिन नजानु, कम मत खस्नु, ठूला दलको विकल्प खोज्नु, यो निर्वाचनका माध्यमबाट नेपाली जनताले गरेको एकप्रकारको सौम्य (सफ्ट) विद्रोह हो। परम्परागत रूपमा नेपाली राजनीतिमाथि रजाइँ गर्दै आएका राजनीतिक दल र तीनको नेतृत्वमा नेपाली राजनीति, प्रशासन र समाजमा मौलाएको भ्रष्टाचार, कुशासन, बेथिति, परिवारवाद, नातावादबाट निराश भएका मतदाताले ठूला दललाई दिएको चेतावनी हो। यो निर्वाचनले यी दललाई एकपटक फेरि सुध्रने मौका दिएका छन्। आगामी संसद्ले स्थिर सरकार गठन गरेन, भ्रष्टाचार र बेथितिको नियन्त्रण गरेन, जनतालाई थप निराश बनायो भने सफ्ट विद्रोह मात्र होइन, सडकबाट कडा विद्रोह गर्ने दिन आउन सक्छ। यसको निर्धारण संसद्मा पुगेका जनप्रतिनिधिहरू र राजनीतिक दलका नेताहरूको आगामी दिनको भूमिकाले निर्धारण गर्नेछ।

निर्वाचनमा जितहार एक नियमित स्वाभाविक प्रक्रिया हो। प्रजातान्त्रिक मूल्य-मान्यता र संविधानबमोजिम आवधिक निर्वाचन समयमै हुनुपर्थ्यो, शान्तिपूर्ण निर्वाचन सम्पन्न भयो, यो नै अहिलेका लागि ठूलो राजनीतिक उपलब्धि हो। नयाँ संसद्को गठन हुँदै छ। कुनै एक दलको बहुमत आउनेछैन।

सरकार गठन त्यति सहज हुनेछैन। यो संसद्बाट पनि धेरै सुधारको आशा नराख्दा नै हुन्छ। निर्वाचनबाट पुराना ठूला दल, नयाँ पार्टी र स्वतन्त्रसमेतबाट नयाँ युवाहरूको उल्लेख्य उपस्थितिले संसद्लाई रोचक बनाउनेछ, र केही आशाका किरण पनि देख्न सकिन्छ। सांसदले सरकारलाई प्रभावकारी रूपमा खबरदारी गरून्। संसद्लाई संसद्जस्तै बनाऊन्। बाँकी कुरा त क्रमिक रूपमा विकसित हुँदै जाने राजनीतिक घटनाक्रम र नेपाली राजनीतिमाथि सूक्ष्म रूपमा खेल्दै आएको मित्रराष्ट्र एवं विदेशी शक्तिले खेल्ने भूमिका, देशकै राजनीतिक नेतृत्वको साहस र विवेकमाथि भर पर्नेछ।

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक **रोशन जनकपुरी**लाई



**मधेसको राजनीतिका सन्दर्भमा अहिलेको निर्वाचन परिणामलाई कसरी हेर्नुभएको छ ?**

निर्वाचनको प्रारम्भिक परिणामपछि मधेसमा स्थापित दलहरू कमजोर भएका छन्। मधेसी नेताहरूका एकपछि अर्को गलत निर्णयका कारण उनीहरू पनि पराजित हुँदै छन् र उनीहरूको दलीय हैसियतमाथि पनि प्रश्न खडा भएको छ। माओवादीको हैसियत पनि खासै बलियो हुने देखिन्न। पुराना कांग्रेस र एमालेजस्ता दलले विगतमा गुमाएको साख फिर्ता ल्याउँदै छन्। एक हिसाबले उनीहरूले 'ड्यामेज कन्ट्रोल' गर्ने मौका पाएका छन्।

**मधेसमा स्थापित दलहरूप्रति मतदाताको विश्वास किन डग्मगायो ?**

मधेस आन्दोलनबाट उदाएका उपेन्द्र यादवलगायत नेताहरूले मधेसका एजेन्डा छाडे। उनीहरूको चरित्र पनि विश्वसनीय भएन। बोलेका कुरा जहिल्यै बिर्सिए। मधेस आन्दोलनका सहिद परिवारलाई ५० लाख दिने, रोजगारी दिनेलगायत असम्भव खालका वाचा गरे। तर, पूरा गर्नेतर्फ कुनै चासो देखाएनन्। एजेन्डा र बोलीमा जहिल्यै अस्थिर देखिए। त्यसैले, उनीहरूप्रति मतदाताको विश्वास डग्मगायो।

**मधेसमा नयाँ शक्ति स्थापित हुने संकेतलाई कसरी हेर्नुभएको छ ?**

उपेन्द्र यादवहरूले मधेस आन्दोलनका एजेन्डालाई छाडे। सिके राउतले तिनै एजेन्डालाई 'क्यास' गरे। लोसपा र जसपा जस्ता दलहरूप्रतिको वितृष्णाका कारण जनताले सिके राउतमाथि विश्वास गरेका हुन्। उनको पार्टी राष्ट्रिय हैसियतको बन्ला या नबन्ला, टुंगो छैन। त्यसैले, उनको दल मधेसमा स्थापित नै होला भनेर अहिले नै भन्न सकिन्न।

---

प्रेरक प्रसंग

## व्यापारीको फाटेको मोजा

एकपटक एक धनाढ्य व्यापारीले छोरालाई आफ्नो इच्छापत्र दिँदै भने- छोरा, म मरेपछि मेरा खुट्टामा यी फाटेका मोजा लगाइदिनू। यो मेरो जीवनको अन्तिम इच्छा हो। यसलाई जसरी पनि पूरा गरिदिनू।

केही समयपछि व्यापारीको मृत्यु भयो। बाबुको मृत्युपछि छोराले बाबुको अन्तिम इच्छा सम्झियो। उसले पण्डित र आफन्तजनसामु बाबुको अन्तिम इच्छा बतायो। साथै, उसले बाबुको लिखित इच्छापत्र पनि देखायो। तर, पण्डितले उसको याचना अस्वीकार गर्दै भने- तपाईंका पिताको अन्तिम इच्छा त हो, तर हाम्रो धर्मले यस्तो अनुमति दिँदैन।



छोराले बाबुको अन्तिम इच्छा जसरी पनि पूरा गरेरै छाड्ने जिद्दी गऱ्यो। त्यहाँ उपस्थित सबै ठुल्ठूला पण्डित र उनका आफन्तजनले यस विषयमा कुनै समाधान निकाल्न सकेनन्। उनीहरू सबैले धर्मको दुहाइ दिँदै मृतकका पाउमा फाटेका मोजा लगाइदिन नमिल्ने अड्डी लिए।

यही अन्योलबीच मृतक व्यापारीका विश्वासप्राप्त वकिल त्यहाँ आइपुगे र व्यापारीले लेखेको एउटा हस्तलिखित पत्र छोरालाई दिए। पत्रमा लेखिएको थियो- मेरा प्यारा छोरा, देख्दै छौ नि ? सम्पत्ति, घर, जग्गा, गाडी, ठुल्ठूला कारखाना, फार्महाउस सबै साथमा हुँदाहुँदै पनि मरेपछि एकजोर फाटेको मोजा पनि साथमा लान पाइन्न।

एकदिन तिम्रो पनि मृत्यु निश्चित छ। त्यसैले, सचेत रहनू। तिमीले पनि एक सादा सेतो कपडामै बेरिएर जानुपर्नेछ, जसमा कुनै गोजीसम्म हुँदैन। त्यसैले याद राख, धनसम्पत्तिका लागि कसैलाई दुःख नदेऊ, गलत तरिकाबाट धन कमाउने बाटो रोज्दै नरोज। किनकि, मृत्युपछि सम्पत्ति होइन, कर्ममात्र तिम्रो साथमा जानेछ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## दलहरूलाई सच्चिने घन्टी

मतगणनाको प्रारम्भिक परिणाम आइरहेको छ। केही स्थानमा जितहारको टुंगो पनि लागिसकेको छ। अहिलेसम्मको मतपरिणाम हेर्दा यसपटकको निर्वाचनमार्फत मतदाताहरूले दलहरूलाई कि सच्चिन कि त सक्किन दबाब दिएका छन्। मतदाताको मनोविज्ञान या संकेत बुझेर यदि दलहरू र तिनका नेतृत्व सच्चिन तयार भए भने भोलिका दिनमा दलहरू बाँच्नेछन्, अन्यथा तिनीहरूको अस्तित्व प्रजापरिषद्को जस्तो नहोला भन्न सकिन्न। त्यसैले, पटक-पटक पार्टी र देशको सत्तामा पुगेर पनि जनतालाई डेलिभरी दिने विषयमा पटक-पटक चुक्दै आएका र असफलसिद्ध भएका पुराना र बुढाखाडा नेतृत्वले अब नयाँ पुस्तालाई ठाउँ खाली गरिदिनैपर्छ। मतदाताले परिवर्तनको घन्टी बजाएका छन्, सच्चिने कि सिध्दिने, नेतृत्वले नै सोच्ने विषय हो।

● **गौरिका बिसुन्खे**, कीर्तिपुर, काठमाडौं

## मतदाताले विवेक पुऱ्याए

अहिलेको निर्वाचनमा आइरहेको मतपरिणाम हेर्दा मतदाताले भरपूर विवेक पुऱ्याएको देखिँदै छ। उनीहरूले जसलाई पछि पारिरहेका छन्, ती विगतमा पटक-पटक सत्तामा पुग्दा बदनाम भइसकेका अनुहार बढी छन्। नयाँ र युवा उम्मेदवारप्रति मतदाताको विश्वास बढी छ। यो नेपाली मतदाता धेरै नै फेरिइसकेका र विवेकशील भइसकेका छन् बलियो प्रमाण हो। अब दल र तिनका उम्मेदवारको मासुभात र पैसामा बिक्ने मतदाता छैनन्। दल र उम्मेदवारहरूले समयमै यस विषयमा सोचून्।

● **भूमिका शाक्य**
गाबहाल, ललितपुर

## मतदाताले खोजेको विकल्प

यसपटकको निर्वाचनमार्फत मतदाताले पुराना र परीक्षित दलहरूको विकल्प खोजेका छन्। त्यसका लागि उनीहरू स्वयंले विकल्प पनि तयार गरेका छन्। अहिलेको निर्वाचनमार्फत मतदाताले राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीजस्ता केही साना दललाई राष्ट्रिय पार्टीका रूपमा स्थापित गराएका छन्। अबका दिनमा हुने निर्वाचनमा स्थापित पुराना दलहरू सच्चिएनन्, तिनले उम्मेदवारी चयनमा मतदाताको मनोभावनालाई बुझ्ने कोसिस गरेनन् र देशमा भ्रष्टाचारलाई बढवा दिइरहे भने मतदाताले विकल्प रोज्न सक्ने प्रस्ट भएको छ।

● **वन्दना निरौला**
सामाखुसी, काठमाडौं

## यो कस्तो स्वतन्त्रता हो ?

नयाँ पत्रिकाको ५ मंसिरको अंकमा प्रकाशित संगीता पिलाईको 'परम्परागत समाजमा मैले रोजेको स्वतन्त्रता' शीर्षकको लेख पढेँ। संयोगवश, पिलाई महोदया पनि त्यसै मुम्बईकी बासिन्दा हुन्, जहाँ केहीअघि अनेकौं टुक्रामा विभाजित श्रद्धा पनि जन्मेकी थिइन्। श्रद्धाले आफ्नी आमासँग 'म २५ वर्षकी भइसकेँ, आफ्नोबारे निर्णय गर्न म आफैं सक्षम छु' भनिन्। त्यसको परिणाम ३५ टुक्रामा विभाजित भई उनको अमूल्य जीवन समाप्त भयो। 'लिभ इन रिलेसन'मा भए पनि उनले किन आफताबमाथि बिहे गर्न दबाब बनाइन् ? सायद असुरक्षाको भावनाले उनलाई सताइरहेको थियो।

यो कस्तो स्वतन्त्रता हो ? जो आमाबाबुबाट त भाग्न सक्छ, तर आफताबबाट भाग्न सक्दैन ? यथार्थमा एक हास्यास्पद स्वतन्त्रता हो। भित्र कायरता भरिभराउ छ, बाहिर स्वतन्त्रताको स्वाङ रचिन्छ। पिलाईलाई बधाई छ, किनकि, उनी सुरक्षित छिन्। यस्तै असुरक्षाबाट बचाउन आमाबाबु हुन्छन्। त्यसैले, स्वतन्त्रताको नाममा तातो खाएर जली मर्नु कुनै बुद्धिमानी होइन। यो कुनै हालतमा स्वतन्त्रता होइन।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# के विश्वकप पैसाको बर्बादी मात्रै हो ?

## पछिल्ला १४ विश्वकपमध्ये अहिलेसम्म एउटा मात्रै नाफामा गएको पाइन्छ

देश/विदेश

फुटबलका फ्यानहरूले कतारलाई खर्चमा मुठ्ठी कसेको आरोप लगाउन सक्नेछैनन्। पुरुष विश्वकप आयोजना गर्ने अधिकार प्राप्त गरेको अरब मुलुकले पछिल्ला १२ वर्षमा ३०० अर्ब डलर खर्च गरेको बताइएको छ। तर, यो प्रतियोगिताले उसको अर्थतन्त्रमा केवल १७ अर्ब अमेरिकी डलर मात्रै सञ्चित गर्ने अपेक्षा छ। त्यो खर्चको अधिकांश हिस्सा पूर्वाधार निर्माणमा गएको छ, जसमा १५ लाख आगन्तुकलाई फुटबलको महाकुम्भ दर्शन गराउन बनाइएको नयाँ मेट्रो प्रणालीको निर्माण पनि पर्छ। आयोजकले खेल सकिएपछि समेत यी सम्पूर्ण पूर्वाधारको उपयोग हुने दाबी गरेका छन्। उनीहरूले यस्तो आशा गर्नु पनि पर्छ। लगानीका रूपमा खेलकुदका मेगा-इभेन्ट (ठूला खेल आयोजना)हरू लगभग सधैँ नै प्रतिफलविहीन हुने गर्छन्।

स्विट्जरल्यान्डस्थित लोजान विश्वविद्यालयका अनुसन्धाताका अनुसार सन् १९६४ र सन् २०१८ को बीचमा आयोजना भएका ३६ मध्ये ३१ ठूला खेल कार्यक्रम (विश्वकपका साथै ग्रीष्म तथा शीतकालीन ओलम्पिकजस्ता) हरू निकै ठूलो घाटामा थिए। उनीहरूको विश्लेषणअनुसार १४ विश्वकपमा अहिलेसम्म एउटा मात्रै नाफामा गएको देखिन्छ। रसियाले आयोजना रहेको सन् २०१८ को विश्वकपमा सो मुलुकले निकै ठूलो रकममा प्रसारण अधिकार बेचेर २३ करोड ५० लाख अतिरिक्त आम्दानी गरेको थियो। अझै पनि यो खेलले लगानीको केवल ४.६ प्रतिशत मात्रै प्रतिफल लिन सकेको थियो। (मेक्सिकोले आयोजना गरेको सन् १९८६ को विश्वकपको तथ्यांक अपूरो छ। यसमा पनि आयोजक घाटामै हुन सक्छ।)

यस्ता ठूला खेल कार्यक्रममा लगभग सबैजसो मुख्य खर्च आयोजक मुलुकले नै गर्नुपर्छ। फुटबलको सर्वोच्च नियामक फिफाले केवल सञ्चालन खर्च मात्रै व्यहोर्छ। तर, अधिकांश आम्दानी आफैं लैजान्छ। टिकट बिक्री, प्रयोजन र प्रसारण अधिकार बिक्रीको सबै आम्दानी फिफाकै पोल्टामा जान्छ। दृष्टान्तका लागि गत विश्वकपलाई नै लिऔँ। त्यसमा फिफाले पाँच अर्ब ४० करोड डलर आम्दानी गरेको थियो। यसमध्ये केही रकम उसले राष्ट्रिय टोलीहरूलाई हस्तान्तरण गऱ्यो।

लोजान विश्वविद्यालयको तथ्यांकमा रंगशालाको निर्माणजस्ता खेलस्थलसँग सम्बन्धित र कर्मचारी खर्चजस्ता लजिस्टिक (प्रबन्धन) खर्च मात्रै समाविष्ट छ। यसले कतारको मेट्रो पूर्वाधार र नयाँ होटेलजस्ता अप्रत्यक्ष परियोजनाहरूको लागत मूल्यलाई समावेश गरेको छैन। केही पूर्वाधार परियोजनाहरू दीर्घकालमा अर्थतन्त्रका लागि उत्पादनशील सावित हुन पनि सक्छन्। तर, थुप्रै महँगो लागतका रंगशाला अन्ततोगत्वा उपयोगविहीनै हुने हुन्। साथै, यस्ता खेल इभेन्टहरूले वरपरको क्षेत्रमा बिरलै आर्थिक विकासलाई गति दिएको देखिन्छ।

त्यसैले आयोजक सहरका बासिन्दाले यस्ता ठूला खेलकुद इभेन्टहरूमा अर्बौं डलर खर्च गर्नुको फाइदा के हुन्छ भनेर प्रश्न उठाउन थालिसकेका छन्।




> ठूलो लागत खेल जगत्का लागि नयाँ हो। १६ टिम समावेश भएको सन् १९६६ को विश्वकपको लागत प्रतिखेलाडी सन् २०१८ को मूल्यमा हिसाब गर्दासमेत २ लाख डलरजति थियो। सन् २०१८ को विश्वकपमा यो आँकडा उक्लिएर प्रतिखेलाडी ७० लाख डलर पुग्यो।

फलस्वरूप, ठूला खेल कार्यक्रम आयोजना गर्न निकै थोरै देश मात्र उत्सुक देखिन थालेका छन्। सन् २०१६ मा ग्रीष्मकालीन ओलम्पिक खेल आयोजना गर्न केवल सात सहरले मात्रै बोली लगाएका थिए। सन् २०२४ को ग्रीष्मकालीन ओलम्पिक आयोजनाका निम्ति बोली लगाउनेमा अन्तिममा केवल दुई मात्रै बाँकी रहेका थिए।

ठूलो लागत खेल जगत्का लागि नयाँ हो। १६ टिम समावेश रहेको सन् १९६६ को विश्वकपको लागत प्रतिखेलाडी (सन् २०१८ को मूल्यमा) लगभग दुई लाख डलरजति मात्रै थियो। सन् २०१८ को विश्वकपमा यो आँकडा उक्लिएर प्रतिखेलाडी ७० लाख डलर पुग्यो। हरेक खेलप्रतिस्पर्धाका लागि नयाँ रंगशाला बनाउन थालेपछि विश्वकप आयोजनाको लागत आकासिएको हो। विश्वकपका खेल आयोजना हुने कतारका आठमध्ये सात रंगशाला पूरै नयाँ बनाइएका हुन्। सन् १९६६ मा इंग्ल्यान्डले विश्वकपका लागि कुनै नयाँ रंगशाला बनाएको थिएन, भएकैबाट काम चलाएको थियो।

आर्थिक पक्षका अलावा विश्वकप आयोजना गर्दा आयोजक सहरले आर्जित गर्ने प्रतिष्ठा कमाउनसमेत कतार संघर्षरत छ। एक विश्लेषणअनुसार बेलायती सञ्चार माध्यममा विश्वकपअघिको दुईतिहाइ कभरेज निकै आलोचनात्मक थिए। उनीहरू यो अरब मुलुक मानव अधिकारको सवालमा निकै कमजोर रहेकोमा केन्द्रित थिए। त्यसैगरी रंगशालामा रक्सी पिउन एकाएक प्रतिबन्ध लगाइएपछि फुटबलका प्रशंसकहरू पनि खुसी नहुन सक्छन्। खेल आयोजना गर्नु सधैँ देखिएजत्तिको सजिलो हुँदैन।

*- इकोनोमिस्ट*

# प्राधिकरणको आदेश बेवास्ता गर्दै आफूखुसी लगानी गर्छन् बिमा कम्पनी

■ जीवन बिमा कम्पनीले वाणिज्य बैंकको मुद्दती निक्षेपमा ६७ प्रतिशत लगानी गरेका छन् भने पूर्वाधार बैंकमा १ प्रतिशत पनि लगानी गरेका छैनन् ■ कम्पनीहरूले बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा तीन खर्ब ८४ अर्ब लगानी गरेका छन्

मुना कुँवर/नयाँ पत्रिका

नेपालमा सञ्चालित जीवन बिमा कम्पनीहरूले नेपाल बिमा प्राधिकरणको निर्देशनलाई बेवास्ता गर्दै आफूखुसी लगानी गर्दै आएका छन् । प्राधिकरणले तोकेको क्षेत्र र सीमाविपरीत कम्पनीहरूले लगानी गर्दै आएका हुन् ।

चालू आर्थिक वर्ष ०७९/८० को पहिलो त्रैमासमा जीवन बिमा कम्पनीहरूले बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा नै आफ्नो लगानी बढाएका छन् । प्राधिकरणका अनुसार सो अवधिमा कम्पनीहरूले बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा तीन खर्ब ८४ अर्ब लगानी गरेका छन् । यो रकम कम्पनीहरूले लगानी गरेको कुल रकमको ७७ प्रतिशत हो । सो अवधिमा जीवन बिमा कम्पनीहरूले कुल चार खर्ब ९७ अर्ब रुपैयाँ लगानी गरेका छन् ।

प्राधिकरणले बिमा कम्पनीहरूको लगानी कार्यविधि निर्माण गरी तोकिएबमोजिम लगानी गर्न आदेश दिएको छ । जसमा प्राधिकरणले लगानीको विभिन्न सम्भावित क्षेत्र र सीमा नै तोकिदिएको छ । सरकारको ऋणपत्र, पूर्वाधार विकास बैंकको मुद्दती र वाणिज्य बैंकको मुद्दती निक्षेपमा अनिवार्य लगानी गर्न भनेको छ । तर, कम्पनीहरूले प्राधिकरणको निर्देशनविपरीत मनपरी लगानी गर्दै आएका छन् ।

## सरकारको ऋणपत्रमा १ प्रतिशत पनि लगानी भएन

नेपाल बिमा प्राधिकरणले नेपाल सरकारले जारी गरेको ऋणपत्रमा अनिवार्य रूपमा न्यूनतम ५ प्रतिशत लगानी गर्न भनेको छ । तर, सो क्षेत्रमा भने कम्पनीको रुचि कमै देखिएको छ । चालू आवको पहिलो त्रैमासमा जम्मा पाँचवटा जीवन बिमा कम्पनीले मात्रै सरकारको ऋणपत्रमा लगानी गरेका छन् । कम्पनीहरूले गरेको कुल लगानीको १ प्रतिशत पनि सो क्षेत्रमा लगानी भएको छैन ।

बिमकको लगानी निर्देशिकाअनुसार नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्रमा तोकिएको सीमाअनुरूप लगानी गर्न नसकेमा वाणिज्य बैंकको मुद्दती निक्षेपमा वा नेपाल पूर्वाधार बैंकमा लगानी गर्न सक्ने व्यवस्था छ । तर, यसको जानकारी समितिलाई दिनुपर्नेछ ।

त्यस्तै, प्राधिकरणले वाणिज्य बैंक र नेपाल पूर्वाधार बैंकको मुद्दती निक्षेपमा न्यूनतम ४० प्रतिशत लगानी गर्न सकिने व्यवस्था गरेको छ । तर, जीवन बिमा कम्पनीले वाणिज्य बैंकको मुद्दती निक्षेपमा ६७ प्रतिशत लगानी गरेका छन् भने पूर्वाधार बैंकमा १ प्रतिशत पनि लगानी गरेका छैनन् ।

त्यस्तै, विकास बैंकको मुद्दती निक्षेपमा ४३ अर्ब १२ करोड र वित्तीय संस्थाको मुद्दती निक्षेपमा पाँच अर्ब ४७ करोड रुपैयाँ लगानी गरेका छन् । जीवन बिमा कम्पनीले पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा २५ करोड लगानी गरेका छन् । नेपाल पूर्वाधार विकास बैंकमा भने पाँचवटा बिमा कम्पनीहरूले मात्रै लगानी गरेका छन् ।

त्यस्तै, कम्पनीहरूले सूचीकृत पब्लिक कम्पनीको साधारण सेयरमा नौ अर्ब ४५ करोड रुपैयाँ लगानी गरेका छन् । बैंक तथा वित्तीय संस्थाको अग्राधिकार सेयरमा ३१ अर्ब ७४ करोड रुपैयाँ लगानी गरेका छन् । सूचीकृत पब्लिक कम्पनीको सुरक्षित डिबेन्चरमा २२ अर्ब ९७ करोड रुपैयाँ लगानी गरेका छन् । कृषि, पर्यटन र जलस्रोतलगायतका पूर्वाधारमा सात अर्ब १९ करोड रुपैयाँ लगानी भएको छ । म्युचुअल फन्ड र नागरिक लगानी कोषमा एक अर्ब २० करोड रुपैयाँ लगानी गरेका छन् ।

## बैंक तथा वित्तीय संस्थामा मात्रै लगानी गर्नु जोखिमपूर्ण

जीवन बिमा कम्पनीहरूले बैंक तथा वित्तीय संस्थामा मात्रै लगानी गर्नु जोखिमपूर्ण हुने नेपाल बिमा प्राधिकरणको ठम्याइ छ । त्यसैले लगानीको विविधीकरणका लागि प्राधिकरणले विभिन्न सम्भावित क्षेत्रहरू तोकिएको दिएको प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए । उनका अनुसार प्राधिकरणले लगानीका लागि सबै खालका क्षेत्रहरू समेटिएको छ । सबै क्षेत्रमा तोकिएबमोजिम लगानी गरेमा कम्पनी जोखिममा नपर्ने उनको भनाइ छ । लगानीका लागि वित्तीय संस्थामा मात्रै भरपर्दा मुलुकमा बैंकिङ क्षेत्रमा संकट आउनेबित्तिकै यसको प्रत्यक्ष असर बिमा कम्पनीलाई पर्न जान्छ । तसर्थ, सबै क्षेत्रमा लगानी गर्न प्राधिकरणले सुझाएको छ ।

बिमा कम्पनीले आर्जन गरेको बिमाशुल्क विभिन्न क्षेत्रमा लगानी गर्छ । सो लगानीबाट मुनाफा आर्जन गरी बिमितको दायित्व तथा सेयर लगानीकर्तालाई मुनाफा वितरण गर्नुपर्ने हुन्छ । तसर्थ, कम्पनीले उच्च मुनाफाको सम्भावना भएको क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । तर, बिमा कम्पनीलाई कुनै पनि समयमा दायित्व भुक्तानी गर्नुपर्ने भएको सुरक्षित र तत्काल रकम असुल गर्न सक्ने क्षेत्रमा लगानी गर्नुपर्ने बाध्यता रहेको बिमकहरूको भनाइ छ ।

नेपालमा सञ्चालित जीवन बिमा कम्पनीमध्ये नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको लगानी सबैभन्दा अधिक छ । कम्पनीले विभिन्न क्षेत्रमा एक खर्ब ४९ अर्ब रुपैयाँ लगानी गरेको छ । लाइफ इन्स्योरेन्स कर्पोरेसनले भने ७८ अर्ब ५२ करोड रुपैयाँ लगानी गरेको छ । त्यस्तै, नेसनल लाइफ इन्स्योरेन्सले ४९ अर्ब १८ करोड रुपैयाँ लगानी गरेको छ ।

### ■ लगानी विविधीकरणका लागि क्षेत्र नै तोकिदिएको छ

● राजुरमण पौडेल
कार्यकारी निर्देशक, नेपाल बिमा प्राधिकरण



लगानीको विविधीकरणका लागि प्राधिकरणले विभिन्न सम्भावित क्षेत्रहरू तोकिदिएको छ । सबै क्षेत्रमा तोकिएबमोजिम लगानी गरेमा कम्पनी जोखिममा पर्ने अवस्था आउँदैन । लगानीका लागि वित्तीय संस्थामा मात्रै भर पर्दा मुलुकमा बैंकिङ क्षेत्रमा संकट आउनेबित्तिकै यसको प्रत्यक्ष असर बिमा कम्पनीलाई पर्न जान्छ । तसर्थ, सबै क्षेत्रमा लगानी गर्न प्राधिकरणले सुझाएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**चालू आवको पहिलो त्रैमासमा जीवन बिमा कम्पनीले गरेको लगानी विवरण**

| कम्पनीको नाम | रकम रु. लाखमा |
|---|---|
| राष्ट्रिय बिमा संस्थान | ४१७,०६०.७६ |
| नेसनल लाइफ इन्स्योरेन्स | ४९१,८२७.७१ |
| नेपाल लाइफ इन्स्योरेन्स | १,४९५,०००.७९ |
| लाइफ इन्स्योरेन्स | ७८५,२९७.४३ |
| मेट लाइफ | २४४,४७२.९२ |
| एसियन लाइफ | ३१५,२३८.६० |
| सूर्या लाइफ | १४८,९०२.९८ |
| गुराँस लाइफ | ११८,३३४.०७ |
| प्राइम लाइफ | १९९,३६१.०६ |
| आइएमई लाइफ | ६३,५५३.५३ |
| युनियन लाइफ | १३३,८२१.२५ |
| ज्योति लाइफ | ९५,७६८.८१ |
| सन नेपाल लाइफ | ६१,४३९.६५ |
| रिलायन्स लाइफ | ६२,६५२.०१ |
| रिलायबल लाइफ | ८८,०२८.०८ |
| सिटिजिन्स लाइफ | ९८,७३६.७२ |
| सानिमा लाइफ | ५६,०९२.२३ |
| प्रभु लाइफ | ५७,१४६.४९ |
| महालक्ष्मी लाइफ | ४४,४९२.३० |

स्रोत : बिमा प्राधिकरण

# दिल्ली उडान कटौती हुँदा निगमले गुमायो सातामा नौ करोडभन्दा बढी आम्दानी

**काठमाडौं–दिल्ली–काठमाडौं सातामा १४ वटा उडान गर्दै आइरहेको निगमको चार उडान कटौती**

नयाँ पत्रिका
काठमाडौं, ६ मंसिर

नियामक निकायले हिस्टोरिकल स्लट काठमाडौं-दिल्ली सेक्टरको उडान कटौती गरिदिएपछि नेपाल वायुसेवा निगम (एनएसी)को आम्दानी खुम्चिएको छ । यात्रु खचाखच हुने दिल्ली सेक्टरका चारवटा उडान कटौती हुँदा सातामा नौ करोडभन्दा बढी आम्दानी गुमाएको निगमका एक कर्मचारीले बताए ।

निगमले काठमाडौं-दिल्ली-काठमाडौं सातामा १४ वटा उडान गर्दै आइरहेको थियो । तर, 'विन्टर सेड्युल'मा भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)बाट उडान नराखेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले चारवटा उडान घटाइदिएको हो । १३ कात्तिकदेखि निगमले काठमाडौं-दिल्ली-काठमाडौं सातामा १० वटा मात्रै उडान गर्दै आइरहेको छ । यही मौका छोपेर भारतीय वायुसेवा कम्पनीहरूले काठमाडौं-दिल्लीको भाडासमेत बढाएको ट्राभल एजेन्सीहरूले जानकारी दिएको छ ।

कोभिडबाट भर्खरै तंग्रिन थालेको र आम्दानी बढ्न थालेपछि चारवटा जहाज खरिद गर्दा लिएको ऋणको किस्ता बुझाउन सुरु गरेका वेलामा 'हिस्टोरिकल स्लट' नै रोकिँदा आम्दानी खुम्चिएको सहायक प्रवक्ता गणेशकुमार घिमिरेले बताए । व्यावसायिक हिसाबले मात्र नभएर नेपालीलाई स्वास्थ्य उपचार, उच्च शिक्षा, व्यवसाय प्रवर्द्धन तथा अन्य मुलुक प्रस्थानका लागिसमेत दिल्ली महत्त्वपूर्ण गन्तव्य भएको निगमकी प्रवक्ता अर्चना खड्काले बताइन् । यस्तै, नेपालमा सबैभन्दा धेरै पर्यटक भारतीय आउने हुँदा पर्यटकीय हिसाबले पनि यो सेक्टर महत्त्वपूर्ण छ । निगमले एयरबस-३३० र एयरबस-३२० जहाजले हप्तामा १६ सय यात्रुलाई काठमाडौं-दिल्ली-काठमाडौं उडान-अवतरण गराउँदै आइरहेको थियो । दिल्लीमा सातामा चार उडान कटौती हुँदा मासिक करिब ३९ करोड रुपैयाँ नोक्सानी हुने देखिन्छ ।

## ■ १३ कात्तिकदेखि उडान कटौती

निगमले विभिन्न देशका १० वटा गन्तव्यमा अन्तर्राष्ट्रिय उडान गर्दै आइरहेको छ । उक्त गन्तव्यहरूमध्ये दिल्लीमा लामो समयदेखि नियमित रूपमा दैनिक दुईवटा उडान सञ्चालन गर्दै आएको प्रवक्ता खड्काले बताइन् । निगमले विन्टर सिजनका लागि १५ सेप्टेम्बरमा दिल्लीका लागि १४, दोहा, मलेसिया र दुबईका लागि ७-७, रियादका लागि ६, मुम्बई, बैंग्लोर, हङकङ, बैंकक र नारिताको ३-३ गरी साताको ५६ वटा उडानतालिका क्यानमा स्वीकृतिका लागि पेस गरेको थियो । तर, क्यानले २३ अक्टोबरमा भैरहवाबाट उडानतालिका नराखेको भन्दै निगमको प्रतिहप्ता १४ वटा उडान कटौती गरेर ४२ वटा उडान मात्र स्वीकृत गरेको थियो ।

क्यानले १३ कात्तिकदेखि भैरहवाबाट पनि अनिवार्य उडान गर्न निगम र हिमालय एयरलाइन्सलाई निर्देशन दिएको थियो । तर, निगमले भैरहवाबाट उडान गर्न आलटाल गरेको भन्दै क्यानले विभिन्न देशका १४ वटा उडान कटौती गरेको हो ।

निगमले काठमाडौं-दिल्ली-भैरहवा-काठमाडौं सेक्टरमा साताको चारवटा उडान गर्ने गरी स्वीकृतिका लागि क्यानमा पठाइसकेको छ । भैरहवाको उडानतालिका पेस गरिसक्दा पनि क्यानले रोकिएको दिल्लीको उडान फुकुवा नगरेको निगमको गुनासो छ । निगमको कटौती भएको हिस्टोरिकल स्लट पहिलेकै फ्लाइट प्रमिसनअनुसार यथावत् सञ्चालन गर्ने र आवश्यकताअनुसार अन्य गन्तव्यहरूमा उडान थप गर्नसमेत तालुकदार उड्डयन मन्त्रालय र क्यानलाई अनुरोध गरेको मंगलबार विज्ञप्ति जारी गरी निगम प्रवक्ता खड्काले जानकारी गराइन् ।

### ■ पोखराको ग्राउन्ड ह्यान्डलिङ दिन अनुरोध

निगमले त्रिभुवन र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा लामो समयदेखि ग्राउन्ड ह्यान्डलिङ सेवा प्रदान गर्दै आइरहेको छ । तर, निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङका लागि प्रतिस्पर्धाबाट नयाँ कम्पनी छनोट गर्ने क्यानको तयारी छ । निगम व्यवस्थापनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउन्ड ह्यान्डलिङ पनि निगमलाई नै प्रदान गर्न मन्त्रालय र क्यानसमक्ष अनुरोध गरेको छ । 'निगमसँग ग्राउन्ड ह्यान्डलिङको लामो व्यवस्थापकीय अनुभव, सोहीअनुसारको दक्ष जनशक्ति र आवश्यक प्राविधिक र स्रोतसाधनको उपलब्धता रहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'निगमको ग्राउन्ड ह्यान्डलिङ सेवा अन्तर्राष्ट्रियस्तरको रहेको छ ।'

# चर्को ब्याजदरले कर्जाको माग घट्न थाल्यो

**चालू आर्थिक वर्षको पहिलो तीन महिनामा ८४ अर्बभन्दा बढी निक्षेप थपिँदा ३६ अर्बको कर्जा लागत बढ्यो**

नयाँ पत्रिका
काठमाडौं, ६ मंसिर

लामो समय लगानीयोग्य पुँजी अभाव भोग्दै आएका वाणिज्य बैंकहरूलाई गत असोजसम्म बजारमा कर्जा प्रवाह गर्न असम्भव नै थियो । तर, कात्तिकयता ब्याजदर महँगिएपछि वाणिज्य बैंकहरूमा कर्जाको माग घट्न थालेको छ । बैंकहरूको आधारदर नै वृद्धि हुँदा कर्जाको ब्याजदर महँगो भएसँगै बैंकमा लगानीको माग घट्न थालेको हो ।

बैंकहरूले कर्जा प्रवाहका लागि जुटाउने प्रमुख स्रोत निक्षेप हो । पछिल्लो तीन महिनाको आँकडाअनुसार बैंकहरूमा निक्षेप थुप्रिँदै गइरहेको देखिन्छ । नेपाल बैंकर संघका अनुसार एक महिनामा वाणिज्य बैंकहरूमा १६ अर्ब १९ करोड निक्षेप थपिएको छ । यो कात्तिक महिनाको तथ्य हो । संघका अनुसार गत कात्तिक ३० गतेसम्म बैंकहरूमा निक्षेप ४५ खर्ब ६३ अर्ब रुपैयाँ पुगेको छ । यो गत असोज मसान्तको तुलनामा १६ अर्ब १९ करोड रुपैयाँ बढी हो ।

वाणिज्य बैंकहरूले उच्चदरमा ब्याज दिन थालेसँगै निक्षेपमा आकर्षण बढ्दै गइरहेको छ । चालू आर्थिक वर्षको साउनमा १२ अर्ब ७९ करोड रुपैयाँले निक्षेप घटेको थियो । तर, भदौ लागेयता निक्षेप बढ्दै गएको संघको तथ्यांकले देखाएको छ । पछिल्ला तीन महिनामा बैंकहरूमा ८४ अर्ब ७३ करोड निक्षेप थपिएको छ । तर, तीन महिनामा बैंकहरूबाट कुल ३६ अर्ब ५३ करोड मात्रै कर्जा प्रवाह भएको छ ।

वाणिज्य बैंकहरूले कर्जाको ब्याजदर बढाएसँगै बजारमा माग घट्न थालेको संघको तथ्यांकले देखाएको हो । कात्तिकको तथ्यांकअनुसार बैंकहरूमा १६ अर्ब १९ करोड रुपैयाँ निक्षेप थपिँदा एक अर्ब २६ करोड कर्जा लगानी भएका छन् । अर्थात्, बैंकहरूले सय रुपैयाँको स्रोत जोहो गरिरहँदा सात रुपैयाँ मात्रै कर्जा लगानी गरिरहेका छन् ।

बैंकहरूले गत असोजबाट निक्षेपको ब्याजदर बढाएसँगै लागत बढ्ने हुँदा कर्जाको ब्याजदर बढाएका हुन् । निजी क्षेत्रको दाबीअनुसार हाल केही बैंकहरूले कर्जाको ब्याजदर १८ प्रतिशतसम्म असुलिरहेका छन् ।

कोभिडबाट प्रताडित उद्योग-व्यवसाय तंग्रिन नपाउँदै लगानीयोग्य पुँजीको मार खेपिरहेका निजी क्षेत्रमा अहिले ब्याजदर वृद्धिले मन्दीतर्फ धकेल्ने तनाव बढाएको छ ।

## ■ सहज बन्दै कर्जा निक्षेप अनुपात

चालू आर्थिक वर्षका चार महिनाको तथ्यांकअनुसार साउनदेखि कात्तिकसम्म कर्जा निक्षेपको अनुपातमा सुधार आइरहेको छ । साउनमा यस्तो अनुपात औसतमा ८८.०७ प्रतिशत थियो । त्यसपछि भदौमा ८७.२१ प्रतिशतमा झर्‍यो । कर्जाको तुलनामा निक्षेपको हिस्सा बढ्दै जाँदा यस्तो अनुपात घट्ने क्रम बढ्दै गइरहेको तथ्यांकले देखाउँछ । असोजमा ८७.२ प्रतिशत पुगेको यो अनुपात कात्तिकसम्म आइपुग्दा ८७.१९ प्रतिशत पुगेको छ ।

**रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मितिः २०७९/०८/०७)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

ऋणीको विवरण

१. नामः अशोक रत्न स्थापित
ठेगानाः का.म.न. पा-३२, काठमाण्डौ
वुवाः रत्नकाजी स्थापित
बाजेः दानबहादुर स्थापित
कर्जा शिर्षकः ब्यक्तिगत कर्जा



धितोको विवरणः
बाबा देवी स्थापितको नाममा दर्ता रहेको का.म.न.पा वडा नं.३२ काठमाण्डौं स्थित कित्ता नं. १२१ को क्षेत्रफल ०-३-३-२को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

ब्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो



बाबा देवी स्थापित
ठेगानाः का.म.न.पा-३२,काठमाण्डौ
ससुराः दानबहादुर स्थापित
श्रीमानः रत्नकाजी स्थापित



हसिला राजकर्णिकार
ठेगानाः भरतपुर-०३,चितवन
ससुराः रत्नकाजी स्थापित
श्रीमानः अशोक रत्न स्थापित



रुपक स्थापित
ठेगानाः का.म.न.पा-३२,काठमाण्डौ
वुवाः अशोक रत्न स्थापित
बाजेः रत्नकाजी स्थापित



रुजल स्थापित
ठेगानाः का.म.न.पा-३२,काठमाण्डौ
वुवाः अशोक रत्न स्थापित
बाजेः रत्नकाजी स्थापित

२. नामः शेर्पा भुजेल
ठेगानाः ज्यामिरे-०६, सिन्धुपाल्चोक
वुवाः युद्ध बहादुर भुजेल
बाजेः लाल बहादुर भुजेल
कर्जा शिर्षकः हायर पर्चेज कर्जा



धितोको विवरणः १. यस संस्थाको नाममा धनी कायम भई ऋणी शेर्पा भुजेल कायम भएको बा २० च ९२९नं.को १ वटा सवारी साधन ।
२. शेर्पा भुजेलेको नाममा दर्ता रहेको ज्यामिरे वडा नं. ०६, सिन्धुपाल्चोक स्थित कित्ता नं. १८३८ को क्षेत्रफल १-४-०-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत



माया भुजेल
ठेगानाः ज्यामिरे-०६,सिन्धुपाल्चोक
ससुराः युद्ध बहादुर भुजेल
श्रीमानः शेर्पा भुजेल



सुदिप भुजेल
ठेगानाः ज्यामिरे-०६,सिन्धुपाल्चोक
वुवाः शेर्पा भुजेल
बाजेः युद्ध बहादुर भुजेल



सुनिल भुजेल
ठेगानाः ज्यामिरे-०६,सिन्धुपाल्चोक
वुवाः शेर्पा भुजेल
बाजेः युद्ध बहादुर भुजेल

| ऋणीको विवरण | धितोको विवरण | ब्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो |
|---|---|---|
| ३. नामः नारायण गजमेर<br>ठेगानाः सुर्योदय-१२, इलाम<br>वुवाः लिला बहादुर गजमेर<br>बाजेः लक्ष्मण गजमेर | यस संस्थाको नाममा धनी कायम भई ऋणी नारायण गजमेर कायम भएको मे१ज ३२२९नं.को १ वटा सवारी साधन । | अम्बिका गजमेर<br>ठेगानाः सुर्योदय-१२, इलाम<br>ससुराः लिला बहादुर गजमेर<br>श्रीमान्ः नारायण गजमेर |





RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

**ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

तपसिलमा उल्लिखित ऋणीले यस नबिल बैंक लिमिटेडको बनेपा, काभ्रे स्थित शाखा कार्यालय मार्फत प्राप्त गरेको ऋणकर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋणी तथा व्यक्तिगत जमानतकर्ता लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंत्तिस)** दिनभित्र बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज, हर्जाना ब्याज आदि रकम अबिलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, प्रचलित कानून तथा बैंक नियमानुसार धितो लेखिदिएको चल अचल सम्पतिहरु कब्जा गरी, लिलाम बिक्री गरी र/वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै नियमानुसार ऋणी फर्म तथा व्यक्तिगत जमानतकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा **कालो सूचिमा सूचिकृत** गर्न समेत लेखि पठाईने र ऋणी तथा व्यक्तिगत जमानतकर्ताको हक लाग्ने अन्य सम्पत्ति समेतबाट बैंकको लेना रकम असुल उपर गर्न सकिने समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाः

**१. ऋणी :** गोरे पहरीको नाति विष्णु बहादुर पहरीको छोरा काभ्रेपलान्चोक जिल्ला साविक बिर्ता देउराली गा.वि.स. वडा नं. ८ ठेगाना भएका **श्री शिशिर पहरी ।**



व्यक्तिगत जमानतकर्ताहरुः

१. बुद्ध पहरीको नाति गोरे पहरीको छोरा काभ्रेपलान्चोक जिल्ला साविक बिर्ता देउराली गाउँ पन्चायत वडा नं. ९ ठेगाना भएका **श्री विष्णु बहादुर पहरी ।**



२. गोरे पहरीको नाति विष्णु बहादुर पहरीको छोरा काभ्रे पलान्चोक जिल्ला साविक बिर्ता देउराली गा.वि.स. वडा नं. ८ ठेगाना भएका **श्री मान बहादुर पहरी ।**



३. कृष्ण पहरीकी छोरी गोरे पहरीकी बुहारी विष्णु बहादुर पहरीकी श्रीमती काभ्रेपलान्चोक जिल्ला साविक बिर्ता देउराली गा.वि.स. वडा नं. ८ ठेगाना भएकी **श्रीमती मैया पहरी ।**



NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# ‘मागको संकुचनले उद्योग र राजस्वमा दबाब’

**काठमाडौं/** नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवालले पछिल्लो समय मागमा आएको संकुचनको असर औद्योगिक क्षेत्रसँगै सरकारको राजस्वमा समेत परेको बताएका छन् । राष्ट्रिय कर दिवसको अवसर पारी परिसंघले राजस्व सचिव रामेश्वर दंगाल र आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशकुमार शाक्यसँग गरेको अन्तर्क्रिया कार्यक्रममा उनले मागमा संकुचन आउँदा समग्र अर्थतन्त्रमा असर परेको बताएका हुन् ।

अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि ब्याजदर घटाउने, समग्र माग बढाउने खालका नीतिहरू अलम्बलन गर्नुपर्नेमा अध्यक्ष अग्रवालको जोड थियो । परिसंघले गरेको सर्वेक्षणमा उद्योगको प्रकृतिअनुसार ८० प्रतिशतसम्म मागमा संकुचन आएको देखिएको थियो । ‘अर्थतन्त्रमा संकुचन बढ्दै जाँदा उद्योगसँगै राजस्व पनि थप प्रभावित हुने र त्यसको प्रत्यक्ष असर पुँजीगत खर्चका लागि सरकारलाई रकमको अभाव हुन सक्छ,’ उनले भने । अब बहुदर भ्याट प्रणाली लागू गर्न आवश्यक रहेको बताउँदै उनले भारतलगायत अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी गराउन पनि बहुदर भ्याट प्रणालीको विकल्प नभएकोमा जोड दिए ।

राजस्व सचिव दंगालले राजस्व संकलनमा गिरावट आउँदा त्यसले वित्तीय चाप पारेको बताए । अर्थतन्त्रमा परेको दबाबबारे निजी क्षेत्र जानकार रहेको भन्दै उनले राजस्वमा योगदान दिन उद्योगी–व्यवसायीलाई आग्रहसमेत गरे ।

आन्तरिक राजस्व विभागका महानिर्देशक शाक्यले निजी क्षेत्रलाई दोहोरो कर नपरोस् भन्नेमा सचेत रहेको बताए । उनले कर अधिकारी र करदाताबीच भौतिक सम्पर्क नै हुनुनपर्ने गरी कर प्रशासनमा सुधार गर्न लागेको पनि जानकारी गराए । यसले कर प्रशासन र निजी क्षेत्रप्रति लाग्ने आरोप सहनुनपर्ने उनको भनाइ थियो । निजी क्षेत्र नफस्टाई सार्वजनिक क्षेत्र पनि अगाडि बढ्न नसक्ने उनले बताए ।

परिसंघका उपाध्यक्ष राजेश अग्रवालले उद्योगहरू फस्टाउन नीतिगत स्थिरता आवश्यक रहेको बताए । आर्थिक ऐन र औद्योगिक व्यवसाय ऐनको व्यवस्था एक-आपसमा बाँझिँदा औद्योगिक प्रवर्द्धनमा असर परेको बताए ।

---

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०७९/०८/०७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय, ईटहरी, सुनसरीबाट तपसिल बमोजीमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन भित्र** यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | सुरक्षण धितोको विवरण |
|---|---|
| **ऋणी : रमेश प्रसाद साह** <br>बाबुको नाम : सुरेश प्रसाद साह<br>बाजेको नाम : सहदेव पसाद साह<br>ठेगाना : दुहवी-८, सुनसरी<br>हाल : दुहवी-६, सुनसरी<br>ना.प्र.नं. : ९०४४७/९१४४७<br>जारी जिल्ला : जि.प्र.का सुनसरी<br>जारी मिति : २०६१/०५/१५<br>**कर्जा शीर्षक : सरल आवधिक कर्जा र व्यक्तिगत माग कर्जा**<br>**कर्जा लिएको शाखा : ईटहरी, सुनसरी** | श्री मालपोत कार्यालय ईनरुवा सुनसरीमा लालवती साहको नाममा दर्ता कायम हकभोग रहेको जिल्ला सुनसरी दुहवी वडा नं. ८ को कि.नं. ८३१ को क्षेत्रफल १६९.२९ व.मि भएको जग्गा तथा सो मा निमार्ण रहेको घर टहरा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **क) नाम : लालवति साह** <br>बाबुको नाम : लालचन्द साह<br>पतिको नाम : सुरेश प्रसाद साह<br>ससुराको नाम : सहदेव प्रसाद साह<br>ठेगाना : दुहवी-८, सुनसरी<br>हाल : दुहवी-६, सुनसरी<br>ना.प्र.नं. : को.सु ५७<br>जारी मिति : २०४६/०२/१६<br>जारी गर्ने कार्यालय : गृह मन्त्रालय, सुनसरी | **ग) नाम : कन्चन देवी साह** <br>बाबुको नाम : महेन्द्र साह हलुवई<br>पतिको नाम : रमेश प्रसाद साह<br>ससुराको नाम : सुरेश प्रसाद साह<br>ठेगाना : दुहवी-८, सुनसरी<br>हाल : दुहवी-६, सुनसरी<br>ना.प्र.नं. : ०६१००९/१४९२२५<br>जारी मिति : २०६७/०२/०३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी |
| **ख) नाम : महेश प्रसाद साह** <br>बाबुको नाम : सुरेश प्रसाद साह<br>बाजेको नाम : सहदेव पसाद साह<br>ठेगाना : दुहवी-८, सुनसरी<br>हाल : दुहवी-६, सुनसरी<br>ना.प्र.नं. : ०६१००९/१४९२२३<br>जारी मिति : २०६७/०२/०३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी | **घ) नाम : राजु प्रसाद साह** <br>बाबुको नाम : स्व. सुरेश प्रसाद साह<br>बाजेको नाम : सहदेव पसाद साह<br>ठेगाना : दुहवी-८, सुनसरी<br>हाल : दुहवी-६, सुनसरी<br>ना.प्र.नं. : ०६१००९/१४९२२४<br>जारी मिति : २०६७/०२/०३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी |

---

## सानिमा बैंक लिमिटेड केन्द्रिय कार्यालय नक्सालका ऋणी तथा व्यक्तिगत जमानतकर्तालाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दैदस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकोले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दैदस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणका लागि बैंकमा धितो रहेको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानुन बमोजिम बैंकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरी वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैंकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिलः**

**ऋणीको नाम, थर र ठेगानाः**
जिव नाथ संजेलको नाति, याङ्ग प्रसाद संजेलको छोरा, ललितपुर जिल्ला, शंखु गा.वि.स. वडा नं. ९ बस्ने जयराम संजेल । 

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगानाः**
केदारनाथ वजगाईको छोरी, जयराम संजेलको श्रीमती, ललितपुर जिल्ला, शंखु गा.वि.स. वडा नं. ६ बस्ने कल्पना बजगाई संजेल । 

**धितो सुरक्षणको विवरण**
धनी सानिमा बैंक लिमिटेड (ऋणी जयराम संजेल) को नाममा बाग्मती अञ्चल, यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेको सवारी नं. प्रदेश ३-०१-०२२ च २८१२ इन्जिन नं. A1Z808 च्यासिस नं. M3GTFR54JKB000643 रहेको ISUZU Flat Deck (Single cab Pick-Up) गाडी ।

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

---

# हिमालयन बैंकमा डिस्कभर्स अन्तर्राष्ट्रिय सञ्जालका कार्ड चल्ने




**काठमाडौं/** हिमालयन बैंक लिमिटेडले डिस्कभर्स, डाइनर्स क्लब अन्तर्राष्ट्रिय तथा डिस्कभर्स फाइनान्सियल सर्भिसेजको गठबन्धन सञ्जालको कार्ड स्वीकार गर्ने व्यवस्था सुरु गरेको छ । बैंकले डिस्कभर्स अन्तर्राष्ट्रिय नेटवर्कबीच गरिएको व्यवस्थाले कार्डधारकलाई उनीहरूको सुविधाका लागि नेपालका विभिन्न मर्चेन्टहरूमा भुक्तानी गर्ने विकल्प उपलब्ध गराउने भएको हो ।

डिस्कभर्सका कार्ड स्वीकार गर्ने नेपालका विभिन्न मर्चेन्टहरूले उक्त नेटवर्कका विश्वभरि फैलिएका २८ करोड ग्राहकले वार्षिक रूपमा गर्ने पाँच खर्ब डलरबराबरको खर्चमा आफ्नो पहुँच प्राप्त गर्ने जनाइएको छ । बैंकले काठमाडौं, पोखरा, चितवन, लुम्बिनीलगायतका पर्यटकीय क्षेत्रहरूका विभिन्न होटेल, रेस्टुराँ, खुद्रा व्यापार तथा अन्य मर्चेन्टहरूमा रहेका आफ्ना पस मेसिनहरूमा उक्त नेटवर्कका कार्ड स्वीकार गर्ने उल्लेख गरेको छ ।

डाइनर्स क्लब अन्तर्राष्ट्रिय तथा डिस्कभर्सको लोगो भएका मर्चेन्टहरूले डिस्कभर्स अन्तर्राष्ट्रिय नेटवर्कद्वारा जारी भएका कार्ड स्वीकार गर्ने जनाइएको छ । नेपाल प्रमुख भ्रमण गन्तव्य रहेको हुँदा बैंकले पर्यटकलाई आफ्नो छनोटको कार्ड प्रयोग गर्ने अवसर प्रदान गर्दै मर्चेन्टहरूलाई उक्त कार्ड स्वीकार गर्ने अवसर दिएको दाबी गरेको छ ।

सुरुमा उक्त कार्ड आफ्ना एक सय ६० एटिएम तथा ६ हजारभन्दा बढी पस टर्मिनलमा स्वीकार गर्ने बैंकले जनाएको छ । हिमालयन बैंकले अमेरिकन एक्सप्रेस, जेसिबी, मास्टरकार्ड, युनियनपे, भिसा जारी तथा स्वीकार गर्ने तथा डाइनर्स एन्ड डिस्कभर कार्ड स्वीकार गर्ने नेपालको एक मात्र बैंक भएको दाबी गरेको छ ।

# आइएमई पेमार्फत टिभी किन्दा छुट




**काठमाडौं/** आइएमई पे र बिग डिजिटलबीच ग्राहकलाई छुट दिनेसम्बन्धी समझदारी भएको छ । दुई कम्पनीबीच विश्वकप फुटबल खेल अवधिभर ग्राहकलाई छुट दिने समझदारी भएको हो ।

समझदारीअनुसार कतारमा जारी विश्वकप फुटबलका रोमाञ्चकारी खेल हेर्न आवश्यक पर्ने टेलिभिजन सेटको खरिदको भुक्तानी आइएमई पेबाट स्मार्ट क्युआर स्क्यानमार्फत गर्दा ग्राहकले एक हजार रुपैयाँ छुट पाउने जनाइएको छ । साथै, ग्राहकले पाँच हजार रुपैयाँसम्मको स्क्र्याच कुपन र फ्री स्पिकर पनि पाउन सक्ने कम्पनीले जनाएको छ ।

यो अफर बिग डिजिटलका स्टोरहरूमा विश्वकप अवधिभर कायम रहने जनाइएको छ । भुक्तानी सेवाप्रदायक आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित आइएमई पेले आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैँले अथवा एजेन्टमार्फत विभिन्न किसिमका भुक्तानी कार्यहरू गर्न सक्ने कम्पनीले जनाएको छ ।

# एलजीको टेलिभिजन किन्दा क्यासब्याकको अफर

**काठमाडौं/** एलजीले आफ्ना टेलिभिजन उत्पादनहरूमा आकर्षक क्यासब्याक अफरको घोषणा गरेको छ । खेलकुदको मौसममा नेपाली दर्शकले चाहेको गुणस्तरीय टेलिभिजनको आवश्यकतालाई केन्द्रित गर्दै कम्पनीले एलजी टिभी हरेक खेलप्रेमीका लागि उपयुक्त विकल्प हुने विश्वासका साथ योजना ल्याएको हो ।




‘स्टेडियम कम्स होम’ अभियानअन्तर्गतको यो योजना एलजीका टिभीहरूका लागि मात्र लागू गरिएको कम्पनीले जनाएको छ । यसमा ओलेड, नानोसेल, युएचडी र स्मार्ट टिभीहरूका विभिन्न आकर्षक मोडलहरू समावेश रहेको जनाइएको छ । योजनाअनुसार ग्राहकले यी टिभीहरू देशभरका कुनै पनि एलजी सोरुम र एलजीका अधिकृत विक्रेताकामा गएर खरिद गर्न सक्ने कम्पनीले जनाएको छ ।

एलजी नेपालका ब्रान्ड म्यानेजर मुकेश बैठाले भने, ‘एलजी नेपालले आफ्ना ग्राहकलाई सधैँ विश्वस्तरीय प्रविधिको अनुभव प्रदान गर्ने प्रयास गर्दै आएको छ । यो अफर क्याम्पेन त्यही निरन्तर प्रक्रियाको एक हिस्सा हो, जहाँ हामी हाम्रा ग्राहकले यस मेगा स्पोर्टिङ इभेन्टका हरेक पलको आनन्द लिनुहोस् भन्ने चाहन्छौँ ।’

# हुन्डाईको इभी किन्न ग्लोबल आइएमईले ऋण दिने




**काठमाडौं/** नेपालका लागि हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्लोबल आइएमई बैंक लिमिटेडसँग आफ्नो इलेक्ट्रिक भेहिकल (इभी)का लागि वित्तीय सम्झौता गरेको छ । बैंकका साना तथा मझौला ऋण विभाग प्रमुख रूपेन्द्र वाग्ले र लक्ष्मी इन्टरकन्टिनेन्टलका महाप्रबन्धक इन्द्रप्रसाद सापकोटाले सम्झौतामा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार ग्राहकले हुन्डाई इभी खरिद गर्दा ग्लोबल आइएमई बैंकले कर्जा दिने जनाइएको छ । कर्जाको ब्याजदर १२ दशमलव ९९ प्रतिशत रहेको र खरिद गरिएका सवारीसाधन तीन दिनभित्रमा उपलब्ध गराइने बैंकले जनाएको छ ।

ग्लोबल आइएमई बैंक, बैंक अफ काठमाण्डूसँगको मर्जर पूरा गरेपछि चुक्ता पुँजीको हिसाबले नेपालको सबैभन्दा ठूलो बैंक हुने जनाइएको छ । यसरी दुई पक्षबीच भएको सम्झौताले हुन्डाईका विद्युतीय सवारीसाधन खरिद गर्न चाहने ग्राहकका लागि सहजता प्रदान गर्ने बैंकले विश्वास व्यक्त गरेको छ ।

---

# आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पती लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७९/०८/०७**

यस फाइनान्सको नारायणगढ, चितवन शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं मिति २०७९/०४/०४ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता भुक्तान गर्ने सार्वजनिक सूचना, मिति ०७९/०६/२४ र मिति ०७९/०७/१७ गतेको राष्टिय दैनिक नयाँ पत्रिका मा क्रमश १५ दिने र ७ दिने कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ती लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त वन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै सुरक्षणमा रहेको चल, अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तीहरुबाट धितो नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्राईभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०६९/०५/१८ मा दर्ता नं. ३१४।०६९-७० भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनमा स्थायी लेखा न. ६००७६३३६३ को प्रमाणपत्र प्राप्त **राधिका सप्लायर्स । प्रोप्राईटर जितेन्द्र घर्ति क्षेत्री ।**
ठेगाना : रत्ननगर नगरपालिका वडा नं. १०, चितवन ।

**व्यक्तिगत जमानी दिनेको विवरण**

| | |
|---|---|
| १. **नाम : जितेन्द्र घर्ति क्षेत्री** <br>बुवा : अम्बर बहादुर घर्ति क्षेत्री<br>बाजे : चक्र बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : १८१६<br>मिति : २०५२/१/११, चितवन<br>ठेगाना : पंचकन्या वडा नं. ७, चितवन ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । | २. **नाम : राधिका भट्टराई** <br>पति : जितेन्द्र घर्ति क्षेत्री<br>बुबा : बाल बिनोद भट्टराई<br>ससुरा : अम्बर बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : ६८०१७<br>मिति : २०५७/८/१३<br>जि.प्र.का.: नुवाकोट ।<br>ठेगाना : विदुर वडा नं. ४, नुवाकोट ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । |

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्राईभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर्गत मिति २०७२/१२/७ मा दर्ता नं. ८२१।०७२।७३ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनमा स्थायी लेखा न. ६०३९९३७१४ को प्रमाणपत्र प्राप्त **सन्जु एण्ड जोन बाबा इन्टरप्राइजेज ।** प्रोप्राईटर राधिका भट्टराई ।
ठेगाना : रत्ननगर नगरपालिका वडा नं. १०, चितवन ।

**व्यक्तिगत जमानी दिनेको विवरण**

| | |
|---|---|
| १. **नाम : जितेन्द्र घर्ति क्षेत्री** <br>बुवा : अम्बर बहादुर घर्ति क्षेत्री<br>बाजे : चक्र बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : १८१६<br>मिति : २०५२/१/११, चितवन<br>ठेगाना : पंचकन्या वडा नं. ७, चितवन ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । | २. **नाम : राधिका भट्टराई** <br>पति : जितेन्द्र घर्ति क्षेत्री<br>बुबा : बाल बिनोद भट्टराई<br>ससुरा : अम्बर बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : ६८०१७<br>मिति : २०५७/८/१३<br>जि.प्र.का.: नुवाकोट ।<br>ठेगाना : विदुर वडा नं. ४, नुवाकोट ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । |

| ३. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **नाम : जितेन्द्र घर्ति क्षेत्री** <br>बुवा : अम्बर बहादुर घर्ति क्षेत्री<br>बाजे : चक्र बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : १८१६<br>मिति : २०५२/१/११, चितवन<br>ठेगाना : पंचकन्या वडा नं. ७, चितवन ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । | **नाम : राधिका भट्टराई** <br>पति : जितेन्द्र घर्ति क्षेत्री<br>बुबा : बाल बिनोद भट्टराई<br>ससुरा : अम्बर बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : ६८०१७<br>मिति : २०५७/८/१३<br>जि.प्र.का.: नुवाकोट ।<br>ठेगाना : विदुर वडा नं. ४, नुवाकोट ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । |

**उल्लेखित १ नं., २ नं. र ३ नं. कर्जामा संयुक्त धितोमा रहेको सुरक्षणको विवरण :**

मालपोत कार्यालय भरतपुर, चितवनमा जितेन्द्र घर्ति क्षेत्रीको नाममा दर्ता रहेको नारायणी अञ्चल, चितवन जिल्ला, पंचकन्या वडा नं. ७ ग स्थित कि.नं. ५०७ र ५१० क्रमश क्षेत्रफल ०-६-१८.५-० र ०-४-१३.२५-० (वि-क-धु) को जग्गातथा त्यसमा भए गरेको निर्माणहरु, लिगलगापात समेत.............।

**४. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७६/०४/१५ मा दर्ता नं. २२००५३।०७६।०७७ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनमा स्थायी लेखा नं. ६०९५८४१८३ को प्रमाणपत्र प्राप्त **सञ्जु जोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** । ठेगाना : रत्ननगर नगरपालिका वडा नं. ११, चितवन ।

**व्यक्तिगत जमानी दिनेको विवरण**

| | |
|---|---|
| **नाम : जितेन्द्र घर्ति क्षेत्री** <br>बुवा : अम्बर बहादुर घर्ति क्षेत्री<br>बाजे : चक्र बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : १८१६<br>मिति : २०५२/१/११, चितवन<br>ठेगाना : पंचकन्या वडा नं. ७, चितवन ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । | **नाम : राधिका भट्टराई** <br>पति : जितेन्द्र घर्ति क्षेत्री<br>बुबा : बाल बिनोद भट्टराई<br>ससुरा : अम्बर बहादुर घर्ति क्षेत्री<br>ना.प्र.नं. : ६८०१७<br>मिति : २०५७/८/१३<br>जि.प्र.का.: नुवाकोट ।<br>ठेगाना : विदुर वडा नं. ४, नुवाकोट ।<br>हाल रत्ननगर नगरपालिका वडा नं. १०, चितवन । |

**धितो सुरक्षणको विवरण**

१) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सञ्जु जोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कायम रहेको नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ना. १ क ९३९६ इन्जिन नं. 4H.3307/1820134 च्यासिस नं. ECE07611VJ0187317 भएको १ थान एस्कर्टस ब्याकहो लोडर ।
२) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सञ्जु जोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कायम रहेको नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ना. २ क ७०३ इन्जिन नं. BAJZL24769 च्यासिस नं. MA1QDAHRCJ6L97440 भएको १ थान महिन्द्रा टिप्पर ।
३) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सञ्जु जोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कायम रहेको नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ना. २ क. ७०२ इन्जिन नं. BAJZL24390 च्यासिस नं. MA1QDAHRCJ6M97452 भएको १ थान महिन्द्रा टिप्पर ।

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

१. बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु.१,०००।- तिरी प्राप्त गर्न सकिने छ ।
२. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०७९/०८/१३ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा फाइनान्सको शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०७९/०८/१५ गते दिनको २:०० बजे फाइनान्सको शाखा कार्यालय, नारायणगढ चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
३. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सुचनामा उल्लेखित चल अचल सम्पत्ति एकमुष्ट वा अलग अलगै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ । बोलपत्र फारममा आफुले लिन चाहेको चल अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ ।
४. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।
५. उल्लेखित सम्पत्ती जहाँ जे जस्तो अवस्था वा परिमाणमा छ, सोहि अवस्था र परिमाणमा खरिद गरी लिन बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ती के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाँउमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर ९२६४०१३८५१०१४ मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमा ब्याज दिईने छैन ।
७. नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तीको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दैदस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।
८. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।
९. रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री हुने सम्पत्ती सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले यस फाइनान्सको शाखा कार्यालय नारायणगढ चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ ।
११. लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ती कसैले सकार नगरेमा वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ती बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड**
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४४२५२९२/फ्याक्स नं ४४२५२९४
www.icfcbank.com




साउदी अरेबियासँगको खेलमा दोस्रो हाफमा राम्रो खेल्न सकेनौँ। पहिलो हाफमा हामीले खेलमा नियन्त्रण राखेका थियौँ। उनीहरूले काउन्टरमा गोल गरे।
- डिमारिया, खेलाडी, अर्जेन्टिना

# विश्वकपमा अप्रत्याशित नतिजा



अर्जेन्टिनाका कप्तान लियोनल मेसी साउदी अरेबियाका खेलाडीसँग हात मिलाउँदै

खेलको रोचक पक्ष नै नसोचेको नतिजा निस्कने हो। यद्यपि, यस्तो घटना बिरलै मात्र हुने गर्छ। सधैँभरि अप्रत्याशित नतिजा आउँदैन। कुनै कमजोर वा औसत टोलीले जब आफूभन्दा शक्तिशाली टोलीमाथि अनपेक्षित जित निकाल्छ, त्यसवेला सबैले अप्रत्याशित खेल र नतिजा भन्छन्। फुटबल मात्र नभएर अन्य खेलमा पनि यस्तै घटना भइरहन्छन्। जित्ने खेलाडीले जीवनभरि नै यसलाई सम्झिरहनेछन्। पराजित हुने टोलीका खेलाडी खराब हार सकेसम्म चाँडो भुलाउने प्रयासमा अग्रसर हुन्छन्।

कतार विश्वकपमा मंगलबार समूह 'सी'को पहिलो खेलमा यस्तै भइदियो। अर्जेन्टिनाले एसियन राष्ट्र साउदी अरेबियासँग प्रतिस्पर्धा गरेको थियो। लगातार ३६ खेलसम्म अपराजित रहेको अर्जेन्टिनाले साउदी अरेबियामाथि सहज जित निकाल्ने अनुमान थियो। चालू विश्वकपमा एसियन राष्ट्रहरूले खराब प्रदर्शन गरेका छन्। फेरि, वर्तमान समयकै उत्कृष्ट खेलाडी लियोनल मेसीले पेनाल्टी गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाउँदा खेलमा को बलियो भन्ने प्रमाणित भइसकेको थियो।

मेसीको गोलसँगै के चाहियो, अर्जेन्टिनी समर्थकहरूले अब साउदी अरेबिया कति गोलले पराजित हुन्छ भनी कल्पना गर्न थाले। सोमबार इंग्ल्यान्डले इरानमाथि ६-२ को सानदार जित दर्ता गरेको थियो। मंगलबारको प्रतिस्पर्धा पनि अर्को एसियन राष्ट्र साउदी अरेबियाले यस्तै नतिजा हात पार्ने त होइन भन्ने परिकल्पना भयो। तर, खेलको ९० मिनेटको समयमा हिवसल बज्दा रंगशालामा उपस्थित हजारौँ दर्शक स्तब्ध भइसकेका थिए।

खेलको नतिजा थियो, साउदी अरेबिया २-१ अर्जेन्टिना। चालू विश्वकपमा अर्जेन्टिनाले आफ्नो पहिलो खेलमै स्तब्ध नतिजा हात पाऱ्यो। साउदी अरेबियाले लुसेल रंगशालामा परीको कथाको अध्याय लेख्न सफल भयो। हुन त विश्वकप इतिहासमा अर्जेन्टिनाले मात्र यस्तो नियति बेहोरेको होइन। अर्जेन्टिनाअघि पनि विश्वकपमा शक्तिशाली राष्ट्रहरूले अप्रत्याशित नतिजा बेहोरेका थिए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### अमेरिका १-० इंग्ल्यान्ड (१९५०)

सन् १९५० मा इंग्ल्यान्डले अमेरिकाविरुद्ध एकपक्षीय नतिजा निकाल्ने अनुमान थियो। केही मिडियाले अमेरिका इंग्ल्यान्डसँग १०-० को फराकिलो अन्तरले पराजित हुनेसमेत लेखे। किनभने, इंग्ल्यान्ड विश्वकप दाबेदार टोली थियो। तर, स्टार खेलाडीले भरिएको इंग्ल्यान्डमाथि अमेरिकाले अप्रत्याशित १-० को जित निकाल्यो। खेलमा अमेरिकाका जोए जाजेनसले एक मात्र निर्णायक गोल गरेका थिए।

### पश्चिम जर्मनी ३-२ हंगेरी (१९५४)

विश्वकपअगाडि हंगेरीले एक खेल पनि गुमाएको थियो। त्यसवेला हंगेरी चार वर्षसम्म अपराजित नै थियो। अपराजित रहेको टोलीले पश्चिम जर्मनीलाई हराउने विश्वास थियो। फेरेन्स पुस्कासजस्ता विश्व प्रसिद्ध फुटबलरको साथ पाएको हंगेरीले फाइनलमा पश्चिम जर्मनीलाई नतिजा सुम्पियो। हंगेरीले उत्कृष्ट खेल खेल्दै आठ मिनेटभित्र २-० को अग्रता लिँदै विश्व च्याम्पियन बन्ने छाँट देखायो। जर्मनीले सनसनी तीन गोल गर्दै हंगेरीलाई ३-२ ले स्तब्ध पाऱ्यो।

### उत्तर कोरिया १-० इटाली (१९६६)

सन् १९६६ को विश्वकपमा इटालीसँग नमिठो घटना छ। विश्वकपमा एसियाबाट उत्तर कोरियाले सहभागिता जनाएको थियो। अस्थिर राजनीतिका बीच उत्तर कोरिया विश्वकपमा छनोट भएको थियो। उत्तर कोरिया पहिलो खेलमा सोभियत युनियनसँग ३-० ले पराजित भयो। उत्तर कोरियाले नकआउट चरणमा पूर्वच्याम्पियन इटालीलाई १-० ले हराउँदै क्वार्टरफाइनल पुग्यो। उत्तर कोरिया विश्वकपको क्वार्टरफाइनल पुग्ने पहिलो एसियन राष्ट्र बन्यो। कोरियाका लागि एक मात्र गोल पाक डो इकले गरेका थिए।

### स्कटल्यान्ड ३-२ नेदरल्यान्ड्स (१९७८)

सन् १९७०-८० को दशकमा नेदरल्यान्ड्सले बिल्कुल फरक शैलीमा फुटबल खेलेको थियो। यसलाई 'टोटल रणनीति' शैली भनिन्छ। त्यसवेला नेदरल्यान्ड्सको टोटल शैली अहिलेसम्मकै आकर्षक मानिन्छ। समूह चरणको अन्तिम खेलमा नेदरल्यान्ड्सले स्कटल्यान्डको सामना गरेको थियो। विश्वस्तरीय खेलाडीले भरिएको डचविरुद्ध स्कटल्यान्डले गज्जबको खेल खेल्यो। खेलको ६८ मिनेटभित्र स्कटल्यान्ड ३-१ ले अगाडि रह्यो। खेलको ७१औँ मिनेटमा नेदरल्यान्ड्सले एक गोल फर्काए पनि अप्रत्याशित नतिजा उल्ट्याउन सकेन।

### स्पेन ०-१ उत्तर आयरल्यान्ड (१९८२)

विश्वकपमा पहिलोपटक सानो राष्ट्रका रूपमा उत्तर आयरल्यान्ड छनोट भयो। उत्तर आयरल्यान्डले विश्वकपमा आयोजक राष्ट्र स्पेनविरुद्ध सनसनी नतिजा निकाल्यो। समूह चरणमा आयरल्यान्डले स्पेनलाई १-० ले पराजित गऱ्यो। गेरी आर्मस्ट्रोगले एक मात्र निर्णायक गोल गरेका थिए। उत्तर आयरल्यान्ड क्वार्टरफाइनलमा पुग्यो।




### अर्जेन्टिना ०-१ क्यामरुन (१९९०)

विश्वकपको साबिक विजेताले उद्घाटन खेलमै दक्षिण अफ्रिकी टोली क्यामरुनसँग प्रतिस्पर्धा गऱ्यो। डिएगो म्याराडोनाको नेतृत्वमा रहेको अर्जेन्टिनाले समूह 'बी'मा अप्रत्याशित नतिजा बेहोऱ्यो। क्यामरुनले अर्जेन्टिनालाई १-० ले हरायो। क्यामरुनका लागि एक मात्र गोल फ्रान्सिस्को वियिकले गरे। क्यामरुनले अर्जेन्टिनाविरुद्ध निकै फल खेल्दा दुई खेलाडीले रातो कार्ड पाए। अर्जेन्टिना फाइनलमा पश्चिम जर्मनीसँग १-० ले पराजित भयो।

### दक्षिण कोरिया २-१ इटाली (२००२)

एसियन भूमिमा पहिलोपटक आयोजना भएको विश्वकपमा आयोजक दक्षिण कोरियाले सनसनी मच्चाउँदै पूर्वविजेता इटालीलाई २-१ ले हरायो। नकआउट चरणमा पहिलोपटक स्थान बनाएको दक्षिण कोरियाका लागि खेलको एक सय १७औँ मिनेटमा आन जुङले निर्णायक गोल गरेका थिए। खेलको ८८औँ मिनेटमा कि हयोङले बराबरी गोल फर्काएका थिए। त्यसवेला अन्तिम अतिरिक्त समय गोल्डेन गोलका रूपमा थियो। यो अवधिमा पहिलो गोल गर्ने टोली नै विजयी हुन्छ।

### सेनेगल १-० फ्रान्स (२००२)

सन् १९९८ को विजेता फ्रान्स एसियन भूमिमा आयोजित विश्वकपको पहिलो चरणबाटै बाहिरियो। साबिक विजेता फ्रान्सले समूह 'ए'मा सेनेगलविरुद्ध प्रतिस्पर्धा गऱ्यो। सेनेगलले आफ्नो पहिलो विश्वकप यात्रामै सनसनी नतिजा निकाल्न सफल भयो। विश्व च्याम्पियनलाई स्तब्ध पार्दै सेनेगलले फ्रान्समाथि १-० को जित निकाल्यो। सेनेगलका पापा बाउपा डिओपले विजयी गोल गरेका थिए।

### जर्मनी ७-१ ब्राजिल (२०१४)

सम्भवतः सन् २०१४ को विश्वकपको सेमिफाइनल नतिजा सबैको कल्पनाभन्दा बाहिर थियो। आयोजक ब्राजिलले जर्मनीसँग प्रतिस्पर्धा गरेको थियो। ब्राजिलले आफ्नो फुटबल इतिहासमै खराब खेल्दा जर्मनीलाई ७-१ को नतिजा सुम्पियो। जर्मनीले पाँचपटकको विश्व च्याम्पियनलाई उसैको घरमा लज्जित बनायो। विश्वकप इतिहासमा यो नतिजालाई अहिलेसम्मकै अप्रत्याशित मानिएको छ। जर्मनीले पहिलो हाफमा ३-० र दोस्रो हाफमा ४ गोल गरेको थियो।

### जर्मनी ०-१ मेक्सिको (२०१८)

चार वर्षअघि जर्मनीले साबिक विजेताको हैसियतमा रसिया विश्वकपमा सहभागिता जनाएको थियो। तर, जर्मनीले आफ्नो इतिहासमै नसोचेको नतिजा निकाल्यो। समूह चरणमा जर्मनीमा एक नभएर दुई-दुईवटा अप्रत्याशित नतिजा सामना गऱ्यो। समूह 'डी'मा जर्मनी अमेरिकन टोली मेक्सिकोसँग १-० ले हाऱ्यो। अर्को खेलमा दक्षिण कोरियाले जर्मनीमाथि २-० को सानदार जित निकाल्यो। कोरियाले दुवै गोल खेलको अन्तिम इन्जुरी समयमा गरेको थियो।

एजेन्सीको सहयोगमा **श्रीलोचन राजोपाध्याय**

# पाँच सफल आयोजक राष्ट्र




विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्नु आफैँमा ठूलो चुनौती हो। अझ आयोजक राष्ट्र भएर उपाधि जित्नुलाई ऐतिहासिक सफलता नै मान्नुपर्छ। कतारले आयोजना गरिरहेको विश्वकप २२औँ संस्करण हो। अहिलेसम्म केवल पाँच आयोजक राष्ट्रले मात्र विश्व च्याम्पियन ट्रफी घरमै राखेको सन् १९३४ को पहिलो संस्करण उरुग्वेले आयोजना गरेको थियो। उरुग्वेले विश्वकप उपाधि घरमै राख्यो। विश्वकपमा लगातार संस्करणमा चार आयोजक राष्ट्र नै विश्व च्याम्पियन बनेको रेकर्ड छ। सन् १९३८ मा इटालीले विश्वकप आयोजना गर्दा उपाधि बाहिर गएन।

सन् १९९६ मा इंग्ल्यान्डले प्रतियोगिता सफलता आयोजना गऱ्यो। इंग्लिस फुटबल इतिहासकै सर्वाधिक बलियो मानिएको इंग्ल्यान्डले विश्वकप उपाधि पहिलोपटक जित्यो। सन् १९७४ मा तत्काल पश्चिम जर्मनीले विश्वकप आयोजना गऱ्यो। पश्चिम जर्मनीले दोस्रोपटक विश्वकप जित्दा घरमै राखेको थियो। सन् १९७८ मा अर्जेन्टिनाले पनि यस्तै कीर्तिमान बनायो। अर्जेन्टिना पहिलोपटक घरमै विश्वकप च्याम्पियन भएको २० वर्षपछि फ्रान्सले प्रतियोगिता आयोजना गऱ्यो।

फ्रान्सले पहिलोपटक विश्वकप ट्रफी चुम्दा साबिक विजेता ब्राजिललाई हरायो। विश्वकपको इतिहासमा इंग्ल्यान्डबाहेक उरुग्वे, इटाली, जर्मनी तथा अर्जेन्टिनाले अरू राष्ट्रमा भएको अन्य संस्करण पनि विश्वकप उपाधि हात पारेका छन्।

IME
International Money Express
Fast, Reliable And Secure Remittance
विदेशबाट पठाएको रकम सिधैं आइएमई पे वालेटमा प्राप्त गरौं।
IME pay

## तथ्यांकमा तेस्रो विश्वकप



चौथो विश्वकप (ब्राजिल)
सन् १९५०, जुन २४ देखि १६ जुलाई
**विजेता** : उरुग्वे
**उपविजेता** : ब्राजिल
**फाइनल** : नतिजा २-१
**तेस्रो** : स्विडेन
**चौथो** : स्पेन
**सहभागी टोली** : १३
**खेल संख्या** : २२
**गोल संख्या** : ८४
**प्रतिखेल औसत ४ गोल**
दर्शक १० लाख ४३ हजार पाँच सय
प्रतिखेल औसत दर्शक ४७ हजार चार सय ३१
**गोल्डेन बुट** लियोनिडाज (ब्राजिल)



**आजको तस्बिर** मंगलबार भएको अर्जेन्टिनाविरुद्धको प्रतिस्पर्धामा साउदी अरेबियाका खेलाडीलाई हौसाल दिँदै समर्थक। तस्बिर : एजेन्सी

# इटाली १६ वर्षसम्म विश्व च्याम्पियन



फिफाले विश्वकप फुटबल प्रतियोगिता प्रत्येक चार वर्षमा गर्छ। विश्व विजेताले च्याम्पियनसिप ट्रफी चार वर्षसम्म मात्र घरमा राख्न पाउँछ। तर, इतिहासमा इटालीले यस्तो दुर्लभ रेकर्ड राखेको छ। इटाली १६ वर्ष एक महिनासम्म विश्व च्याम्पियन भएको रेकर्ड छ। इटालीले सन् १९३४ र ३८ को संस्करण जितेको थियो। सन् १९३८ मा फ्रान्सले विश्वकप आयोजना गर्दा इटालीले फाइनलमा हंगेरीलाई हराउँदै पहिलोपटक विश्व च्याम्पियन बन्यो।

त्यही समयमै विश्वमा पहिलो तथा दोस्रो विश्वयुद्ध भयो। युद्धका कारण विश्वकै अर्थतन्त्र भताभुंग मात्र भएन, युद्धको पीडा कसैले भुलाउन सकेनन्। पहिलो तथा दोस्रो विश्वयुद्धका कारण त्यसवेला ठूला अन्तर्राष्ट्रिय प्रतियोगिता लगभग डेढ दशक नै भएन। फिफाले बल्ल सन् १९५० मा विश्वकप आयोजना गऱ्यो। सन् १९३४ देखिको च्याम्पियन इटालीले १६ वर्षपछि मात्र प्रतियोगिता खेल्न अवसर पायो। यस अवधिमा इटालीले उपाधि घरमै राखेको थियो। यो विश्वकपमा उरुग्वे च्याम्पियन बन्यो। इटालीले १६ वर्षपछि विश्वकप ट्रफी गुमायो।

# साबिक विजेताको खराब रेकर्ड



विश्वकप इतिहासमा ६ राष्ट्र साबिक विजेताको नाताले प्रतियोगितामा सहभागिता जनाउँदा पहिलो चरणबाटै बाहिरिए

विश्व च्याम्पियन टोलीलाई आफ्नो गौरव रक्षा गर्न गाह्रो नै हुन्छ। एक च्याम्पियन टोलीबाट खराब प्रदर्शन हुँदा त्यतिकै आलोचना सामना गर्नुपर्छ। त्यसमाथि विश्वकपकै पहिलो चरणबाट बाहिरिँदा कस्तो अनुभव र प्रतिक्रिया सुन्नुपर्छ होला ? विश्वकप इतिहासमा ६ राष्ट्रले यस्तै सामना गरेका छन्। अर्थात्, साबिक विजेताको नाताले प्रतियोगितामा सहभागिता जनाउँदा ती राष्ट्र पहिलो चरणबाटै बाहिरिएका छन्।

सन् १९५० मा पहिलोपटक इटाली तत्कालको साबिक विजेता थियो। तर, इटाली खराब प्रदर्शनको सिकार भयो। इटालीले समूह चरण नै पार गर्न सकेन। सन् १९६० मा ब्राजिलले दोस्रोपटक उपाधि उचाल्यो। त्यसवेला साबिक विजेता टोली सीधै विश्वकपमा पुग्यो। सन् १९६६ मा इंग्ल्यान्डले आयोजना गरेको विश्वकपमा ब्राजिलमा पनि पहिलो चरणभन्दा माथि उक्लन सकेन। ब्राजिल टोलीमा एकसेएक खेलाडी थिए। तर, ब्राजिलको प्रदर्शन इंग्लिस भूमिमा औसत रह्यो।

सन् २००२ मा फ्रान्सले पनि यस्तै नतिजा बेहोऱ्यो। घरमै आयोजना गरेको विश्वकप उपाधि जित्दै फ्रान्सले जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा भाग लियो। विश्वकप पहिलोपटक एसियन भूमिमा भएको थियो। यसअघिका संस्करण दक्षिण अमेरिका, उत्तर अमेरिका र युरोपियन राष्ट्रहरूले मात्र आयोजना गरेका थिए।

पहिलोपटक एसियन भूमिमा विश्वकप आउँदा साबिक विजेता फ्रान्सलाई फलिफाप भएन। विश्वकपमै पहिलोपटक सहभागिता जनाएको दक्षिण अफ्रिकी टोली सेनेगलले फ्रान्समाथि अप्रत्याशित जित निकाल्यो। फ्रान्सलाई सेनेगलले नकआउट चरण जानबाटै रोक्यो। विश्वकप इतिहासमा जर्मनीले खराब रेकर्ड कोरेको छ। सन् २०१४ मा अर्जेन्टिनालाई अन्तिम समयमा स्तब्ध पारी चौथोपटक विश्व च्याम्पियन बनेको जर्मनीको २०१८ को रसिया विश्वकप बिर्सनलायक थियो।

सम्भवतः जर्मन समर्थकले रसिया विश्वकपलाई बिर्सनेछैनन्। चार वर्षअघिको संस्करणमा साबिक विजेताका रूपमा सहभागी भएको जर्मनी समूह चरणबाटै बाहिरियो। रसियामा जर्मनीले अप्रत्याशित रूपमा दुई नतिजा आत्मसात् गऱ्यो। समूह 'एफ'मा रहेको जर्मनी मेक्सिकोसँग १-० ले पराजित भयो। तेस्रो खेलमा दक्षिण कोरियाले जर्मनीमाथि २-० को सानदार जित निकाल्यो। यो नतिजासँगै जर्मनी ४० वर्षपछि विश्वकपको नकआउट चरणमा पुग्न सकेन। दक्षिण कोरियाले पनि पहिलोपटक जर्मनीमाथि जित निकाल्यो। जर्मनी समूहको पुछारमा रह्यो।

## यस्तो पनि

### विश्वकपमा उत्कृष्ट डेब्यु

विश्वकप इतिहासमा दुई राष्ट्रले उत्कृष्ट डेब्यु गरेका छन्। सन् १९६६ मा पोर्चुगलले पहिलोपटक विश्वकप खेल्दा तेस्रो स्थान रक्षा गरेको थियो। यसैगरी, सन् १९९८ मा क्रोएसियाले विश्वकप डेब्युमै तेस्रो स्थान हात पारेको थियो।

### धेरैपटक मैदानमा

विश्वकपमा इटालीका पाब्लो माल्दिनीले धेरैपटक मैदानमा बिताएको रेकर्ड राखेका छन्। इटालीका लिजेन्ड माल्दिनीले सन् १९९० देखि २००२ सम्म विश्वकप खेल्दा २ हजार २ सय १७ मिनेट मैदानमा बिताए।

### सर्वाधिक छनोट खेल्ने

इक्वेडरका स्ट्राइकर इभानले विश्वकप छनोटमा फरक रेकर्ड राखेका छन्। धेरै विश्वकप छनोट खेल्ने खेलाडीमा इभान पर्छन्। उनले सन् १९९४ देखि २००२ सम्म दक्षिण अमेरिकाबाट ६८ पटक छनोट खेलमा सहभागिता जनाएका छन्।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
नयाँ पत्रिका

# ३२ वर्षपछि अर्जेन्टिना पहिलो खेलमै स्तब्ध

एजेन्सी

३२ वर्षपछि अर्जेन्टिना विश्वकप फुटबल प्रतियोगिताको आफ्नो पहिलो खेलमै पराजित भएको छ। २२औँ संस्करणको कतार विश्वकपमा अर्जेन्टिना मंगलबार समूह 'सी'मा एसियन राष्ट्र साउदी अरेबियासँग २-१ ले स्तब्ध भयो। सन् १९९० मा अर्जेन्टिना उद्घाटन खेलमै क्यामरुनसँग १-० ले पराजित भएको थियो। चालू विश्वकपमा अर्जेन्टिनाले बेहोरेको नतिजा अहिलेसम्मकै अप्रत्याशित हो। हारसँगै अर्जेन्टिनाले इटालीको नाममा सर्वाधिक अन्तर्राष्ट्रिय खेलमा अपराजित रहेको विश्व कीर्तिमान तोड्नसमेत असफल भएको छ।

अर्जेन्टिनाको अपराजित यात्रा ३६ खेलसँगै समाप्त भएको छ। सन् २०२१ को कोपा अमेरिकापछि अर्जेन्टिना ३६ खेलसम्म अपराजित थियो। जितसँगै समूह 'सी'मा कमजोर मानिएको साउदी अरेबियाले महत्त्वपूर्ण तीन अंक जोडेको छ। विश्वकप उपाधि दाबेदार अर्जेन्टिना अंकविहीन छ। आउने शनिबार अर्जेन्टिनाले मेक्सिकोको सामना गर्नेछ। साउदी अरेबियाले पोल्यान्डविरुद्ध खेल्नेछ।

साउदी अरेबियाले हालसम्म विश्वकपमा सबैभन्दा ठूलो टोलीलाई स्तब्ध पारेको हो। सन् १९९४ मा अमेरिकामा भएको विश्वकपको समूह चरणमै साउदी अरेबियाले युरोपेली प्रतिद्वन्द्वी बेल्जियमलाई १-० ले हराएको थियो। कप्तान लियोनल मेसीले खेलको १०औँ मिनेटमा पेनाल्टी गोल गर्दै अर्जेन्टिनालाई १-० को अग्रता दिलाएका थिए। लेआन्द्रो परेडेजलाई बक्सभित्र लडाएपछि भिडियो असिस्टेन रेफ्री (भार)ले अर्जेन्टिनालाई पेनाल्टी अवसर दिएको थियो। मेसीले बायाँ कर्नरमा गोल गरे। विश्वकप इतिहासमा मेसी अर्जेन्टिनाका लागि लगातार चार संस्करणमा गोल गर्ने पहिलो खेलाडी बने।

पहिलो हाफमा साउदी अरेबियाको बलियो रक्षापंक्ति अर्जेन्टिनी स्टार खेलाडीले तोड्न सकेनन्। मध्यान्तरपछि साउदी अरेबियाले काउन्टर अट्याकमा अर्जेन्टिनामाथि दबाब राखेको थियो। दोस्रो हाफमा अर्जेन्टिना सम्हालिन नपाउँदै साउदी अरेबियाले ४८औँ मिनेटमा १-१ को बराबरी गोल गर्न सफल भयो। सलेह अल सहरीले साउदी अरेबियालाई खेलमा फर्काए। फिफा वरीयतामा ५१औँ स्थानमा रहेको साउदी अरेबियाको जितमा सलेह अल दासरीले ५३औँ मिनेटमा टप कर्नरमा उत्कृष्ट गोल गरे।

अर्जेन्टिनाले गोलका थुप्रै प्रयास गरेको थियो। तर, अर्जेन्टिनी खेलाडी फिनिसिङमा चुक्दा साउदी अरेबियाले चालू विश्वकपमा सनसनी नतिजा निकाल्यो। खेलको २९औँ मिनेटमा मार्टिनेजको गोललाई भारले अफसाइड मान्यता दिएको थियो। खेलमा अर्जेन्टिनाका मेसीसहित स्टार खेलाडीहरू मार्टिनेज, जुलियन अल्भारेज र एन्जेल डी मारिया गोल गर्न असफल भए। पहिलो हाफमा तीन गोल अफसाइडका कारण रद्द हुँदा अर्जेन्टिना दुर्भाग्यशाली साबित भयो।

अर्जेन्टिनाले साउदी अरेबियाको पोस्टमा १५ मध्ये ६ वटा प्रहार फ्रेममा राखेको थियो। दोस्रो हाफमा सन्तुलित डिफेन्सको उत्कृष्ट नमुना देखाएको साउदी अरेबियाले अर्जेन्टिनाका कुनै पनि प्रयास सफल हुन दिएन।



## डेनमार्क र ट्युनिसिया बराबरीमा

अफ्रिकन राष्ट्र ट्युनिसियाले विश्वकपअन्तर्गत समूह 'डी'मा बलियो प्रतिद्वन्द्वी डेनमार्कलाई गोलरहित बराबरीमा रोकेको छ। एजुकेसन सिटी रंगशालामा मंगलबार राति भएको प्रतिस्पर्धात्मक खेलमा दुवै टोलीले गोल गर्न नसक्दा खेलको नतिजा गोलरहित बराबरी भएको हो। चालू विश्वकपमा डेनमार्क र ट्युनिसियाबीच पहिलोपटक गोलरहित बराबरी भयो। सोमबार राति अमेरिका र वेल्सले १-१ गोलको बराबरी खेलेका थिए। प्रतिस्पर्धामा डेनमार्कले ट्युनिसियाविरुद्ध ६० प्रतिशत बल पोसेसन राखेको थियो।

डेनमार्कको अट्याकिङ खेलमा ट्युनिसियाका गोलरक्षक आयमेन व्यस्त रहे। खेलको अन्तिम इन्जुरी समयमा डेनमार्कले पेनाल्टीका लागि अपिल गरेको थियो। तर, भिएआरले डेनमार्कको पेनाल्टी अपिल अस्वीकार गऱ्यो। ६९औँ मिनेटमा क्रिस्टियन एरिक्सनको प्रहार पोस्टनजिक हुँदै बाहिरियो।

## आजका खेल

| समूह | टोली | | टोली | समय |
|---|---|---|---|---|
| समूह 'एफ' | मोरक्को | VS | क्रोएसिया | दिउँसो ३:४५ |
| समूह 'ई' | जर्मनी | VS | जापान | साँझ ६:४५ |
| समूह 'ई' | स्पेन | VS | कोस्टारिका | राति ९:४५ |
| समूह 'एफ' | बेल्जियम | VS | क्यानडा | राति १२:४५ |

## ■ पोल्यान्ड र मोरक्को बराबरीमा

उत्कृष्ट फर्ममा रहेका रोबर्ट लेवान्डोस्कीले पेनाल्टी मिस गर्दा मंगलबार पोल्यान्डले विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत समूह सीमा मेक्सिकोसँग गोलरहित बराबरी खेलेको छ। चालू प्रतियोगितामा गोलरहित बराबरी नतिजा आएको यो दोस्रो खेल हो। यस समूहमा साउदी अरेबिया तीन अंकका साथ शीर्ष स्थानमा छ। एक-एक अंक बाँडेको पोल्यान्ड र मेक्सिको क्रमशः दोस्रो तथा तेस्रो स्थानमा छन्। दुईपटकको विजेता अर्जेन्टिना अंकविहीन छ।

खेलको ५८औँ मिनेटमा पोल्यान्डले पेनाल्टी प्रहार गर्ने अवसर पाएको थियो। पोल्यान्डका लेवान्डोस्कीले पेनाल्टी प्रहार गरेका थिए। उनको प्रहारलाई मेक्सिकोका गोलरक्षक गिलेर्मो ओचाले विफल पारे। यससँगै पोल्यान्डले खेलमा अग्रता अवसर गुमायो। मेक्सिकोका हेक्टर मोरेनोले लेवान्डोस्कीलाई नै पेनाल्टी एरियामा लडाएका थिए। भिएआरको सहयोगमा रेफ्रीले पोल्यान्डलाई पेनाल्टी प्रहार गर्ने अवसर दिए। तर, पोल्यान्डले त्यसलाई सदुपयोग गर्न सकेन।

विश्वकप इतिहासमा लेवान्डोस्की असफल पेनाल्टी प्रहार गर्ने तेस्रो पोल्यान्डका खेलाडी बनेका छन्। सन् १९७८ मा काजिमेर डेयना तथा सन् २००२ मा मासिज जुवास्कीले निर्धारित समयमा प्राप्त पेनाल्टीमा गोल गर्न सकेनन्।पोल्यान्ड र मेक्सिकोबीच खेल प्रतिस्पर्धात्मक बनेको थियो। दुवै टोली काउन्टर एट्याक्टमा गोलका लागि प्रयासरत देखिन्थे। खेलको ६५औँ मिनेटमा मेक्सिकोले एक अवसर खेर फाल्यो। हेन्री मार्टिनको क्लोज रेन्जबाट हेडिङ गरेको बललाई पोल्यान्डका गोलरक्षक वासिचेक स्चसेस्नीले उत्कृष्ट बचाउ गरे।

## ■ जापानविरुद्ध जर्मनीको परीक्षा



चारपटकको विश्व च्याम्पियन जर्मनीले समूह 'ई' मा जापानविरुद्ध मैदानमा उत्रँदै कतार विश्वकपको सुरुआत गर्दै छ। खालिफा अन्तर्राष्ट्रिय रंगशालामा जापानविरुद्ध जर्मनी निकै सजग हुनेछ। चार वर्षअघि रसियामा बेहोरेको अस्वाभाविक नतिजापछि जर्मनीले पक्कै सोच परिवर्तन गरेको छ। चार वर्षअघि दुई खेलमा पराजित हुँदा साबिक विजेता जर्मनी समूह चरणबाटै बाहिरिएको थियो। जर्मनीको समूहमा स्पेन र कोस्टारिका छन्। पहिलो जितसँगै जर्मनीको लक्ष्य प्रिक्वार्टरफाइनल यात्रा बलियो बनाउने हुनेछ। हान्सी फ्लिकको जर्मनी सन्तुलित छ। जमल मुसियला, थोमस मुलर, सर्जी जिनाब्री, काइ हाभर्टजस्ता खेलाडी जापानको रक्षापंक्ति तोड्ने लक्ष्यमा हुनेछन्। हाजिमी मोरियासुको जापानसमेत युरोपमा राम्ररी भिजेका खेलाडीको प्रदर्शनमा अप्रत्याशित नतिजा निकाल्ने योजनामा छ।

## ■ स्पेनलाई युवा खेलाडीको भर

स्पेनिस कप्तान सर्जियो बुस्केटले विश्वकपपछिको अवस्थालाई लिएर कुनै निर्णय लिएका छैनन्। ३४ वर्षीय प्लेमेकरले चार विश्वकप खेलिसकेका छन्। पाँचौँपटक विश्वकप खेल्दा बार्सिलोनाका मिडफिल्डर बुस्केटले अनुभव प्रयोग गर्नेछन्। सन् २०१० मा स्पेनलाई विश्वकप जिताउन उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए। युवा टोलीलाई प्राथमिकतामा राखेको स्पेनले समूह 'ई'मा बुधबार कोस्टारिकासँग खेल्दै कतार विश्वकप यात्रा सुरु गर्नेछ। पछिल्लो तीन संस्करणमा स्पेन पहिलो खेलमा जितविहीन रह्यो। स्पेनका लेफ्ट ब्याक जस गायाको स्थानमा बार्सिलोनाका एलेक्जान्द्रोले स्थान बनाएका छन्। कोस्टारिकालाई अल्भारो मोराटा, फेरान टोरेज, डानी ओल्मो, पेड्री र गाभीलगायत बलिया अट्याकरबाट जोगिनुपर्ने हुन्छ। लुइस इन्रिकको प्रशिक्षणमा रहेको स्पेनको रणनीति 'टिकिटाका' नै हुनेछ। स्पेन र कोस्टारिका विश्वकपमा पहिलोपटक आमनेसामने हुन लागेका हुन्। मैत्रीपूर्ण खेलमा तीन भेट भएको छ। दुई खेल स्पेनले आफ्नो पक्षमा राख्दा एक खेल बराबरीमा टुंगिएको छ। स्पेनले तीनवटै भेटमा गरी कोस्टारिकाको पोस्टमा १२ गोल गरेको छ।

## प्लेयर्स टु वाच



### अल्भारो मोरटा (स्पेन)

दक्षिण अमेरिकी टोलीविरुद्ध विश्वकपमा पहिलोपटक प्रतिस्पर्धा गर्दा स्पेनी अग्रपंक्तिको नेतृत्व अल्भारो मोरटाले गर्नेछन्। ३० वर्षीय खेलाडी द्रुत गतिमा बल बढाउँदै फिनिसिङ गर्न माहिर छन्। मोरटासँग युरोपियन फुटबलको राम्रो अनुभव छ। रियल म्याड्रिड, युभेन्टस्, चेल्सी र एट्लेटिको म्याड्रिडमा रहँदा उनी सधैँ लयमा देखिए। सन् २०१४ बाट डेब्यु गरेका मोरटाले ५७ खेलमा २७ गोल गरेका छन्। कोस्टारिकाविरुद्ध स्पेनले मोरटाबाट ठूलो आशा गरेको छ।

### जमल मुसियला (जर्मनी)

थोमस मुलर अन्तिम विश्वकपको दौडमा छन्। सन् २०१० यता विश्वकपमा डेब्यु गरेका मुलरले १६ खेलमा १० गोल गरिसकेका छन्। प्रशिक्षक फ्लिक अनुभवी मुलरभन्दा पनि युवा अट्याकर जमल मुसियलालाई विश्वास गर्छन्। बायर्न म्युनिखमा मुलरसँगै अग्रपंक्तिमा देखिने जमल जापानविरुद्ध मुख्य खेलाडी हुनेछन्। १९ वर्षीय जमलले बायर्न म्युनिखका लागि यस सिजनमा नौ गोल गरिसकेका छन्।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com